# सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण

स्नातकोत्तर तह (एम.एड्.) शैक्षिक योजना तथा व्यवस्थापन
विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि
शैक्षिक योजना तथा व्यवस्थापन
विभागमा प्रस्तुत

## शोध पत्र

शोधकर्ता
गोविन्दमान तामाङ
त्रि.वि.वि.दर्ता नं. ८४५७/८९
परीक्षा सि.नं. २१४००४९
क्याम्पस रोल नं. ४/०६३/०६४
शै.स.२०६३-२०६५

सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ

२०६६

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त

# सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

मिति २०६७/६/

विषय - सिफारिस पत्र ।

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, श्री सुकुना बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभाग, मोरङ अन्तर्गत द्वितीय बर्षका छात्र गोविन्दमान तामाङले “सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण” शीर्षकको शोधपत्र मेरो पूर्ण निर्देशन, सल्लाह र सुझावका आधारमा तयार पार्नुभएको हो । उक्त शोधकार्य निजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो र प्रस्तुत शोधपत्र मैले निर्दिष्ट गरेको शोधढाँचामा तयार गरिएको छ । निजको शोधकार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

............................

( लक्ष्मीकुमार श्रेष्ठ )

उपप्राध्यापक

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त

# सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

मिति २०६७/६/

विषय - स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, श्री सुकुना बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभाग, मोरङ अन्तर्गत द्वितीय बर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि छात्र गोविन्दमान तामाङद्वारा तयार पारिएको “सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण” शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

## कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुरको शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि प्रस्तुत शोधपत्र "सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण" तयार गरिएको हो ।

प्रस्तुत शोधपत्रमा सामुदायिक विद्यालयहरुमा प्रत्येक आ.व.को अन्त्यमा गरिने सा.प. कति प्रभावकारी छ र यसले विद्यालयको आर्थिक हिसाब किताब पारदर्शी बनाउन कति सहयोग पुऱ्याएको छ भनी खोजी गर्ने कार्य गरिएको छ । यस विषयमा अध्ययन गर्न सामुदायिक विद्यालयहरुका वि.व्य.स. पदाधिकारी, शि.अ.संघका अध्यक्ष, अभिभावक, प्र.अ., शिक्षक र स्रोतव्यक्तिहरुसँग प्रत्यक्ष भेटघाट गरी प्रतिक्रिया, धारणा र दृष्टिकोण लिने प्रयास गरिएको छ ।

यस शीर्षकमा शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्न अनुमति प्रदान गर्ने श्री सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, शैक्षिक योजना तथा व्यवस्थापन विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी शोधपत्र तयारीको अन्तिम अवस्थासम्म प्रत्यक्ष भेटघाट र टेलिफोन सम्पर्कबाट झन्झट नमानी निरन्तर सुझाव र निर्देशन प्रदान गर्नु हुने आदरणीय गुरु एवं विभाग प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठप्रति सदा ऋणी छु । साथै शोधपत्र तयार गर्ने क्रममा शोधपत्रलाई खँदिलो र गहकिलो बनाउन त्रुटि औँल्याई आवश्यक सल्लाह, सुझाव र सहयोग पुऱ्याउँदै थप उत्प्रेरणा प्रदान गर्नु हुने आदरणीय क्याम्पस प्रमुख श्री पीतकुमार श्रेष्ठप्रति आभारी छु ।

यस अध्ययनलाई अगाडि बढाउन आवश्यक सूचना र तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने चैनपुर स्रोतकेन्द्र अन्तर्गतका सम्वद्ध महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यस्तै गरी शोधपत्र तयारीको क्रममा अहोरात्र सहयोग पुऱ्याउने मेरी धर्मपत्नी मिथुला तामाङ, छोरा सागर तामाङ र छोरी झरना तामाङलाई पनि विषेश धन्यवाद दिन चाहन्छु । प्रस्तुत शोधपत्र टाइपमा मेघनाथ गौतम र शुद्धाशुद्धीमा रविन्द्र नेयोङले आवश्यक सहयोग पुऱ्याउनु भएकोमा वहाँहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

गोविन्दमान तामाङ

एम.एड्.दोस्रो वर्ष

## शोधसार

सामुदायिक विद्यालयहरुमा हुने आर्थिक, भौतिक र शैक्षिक गतिविधिलाई पारदर्शी बनाउन शिक्षा नियमावली २०५९ (संशोधन सहित)को नियम १७१क र सामाजिक परीक्षण गर्ने सम्बन्धी व्यवस्था २०६५ बमोजिम हाल कार्यान्वयन भइरहेको आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षणको प्रभाव हेर्न यस अनुसन्धानलाई अगाडि बढाइएको छ ।

सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षणको लेखाजोखा गर्ने यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

यस अध्ययनको सैद्धान्तिक खाका वैज्ञानिक व्यवस्थापन सिद्धान्त, मानव सम्बन्ध सिद्धान्त र विकेन्द्रीकरणको सिद्धान्तमा आधारित छ । अनुसन्धानलाई अगाडि बढाउन परिमाणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ भने उद्देश्यपूर्ण नमुना र आनुपातिक प्रतिनिधित्व हुने गरी समुह विभाजन विधिद्वारा नमुना छनौट गरिएको छ । अध्ययनको क्रममा सङ्खुवासभा जिल्ला चैनपुर स्रोतकेन्द्र अन्तर्गतका चैनपुर, वानेश्वर र खराङ गा.वि.स. भित्रका सबै तहका सामुदायिक विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारी, शिक्षक अभिभावक संघका अध्यक्ष, अभिभावक र स्रोतव्यक्तिहरुसँग प्रत्यक्ष सम्पर्क, छलफल, सामुहिक प्रश्नावली प्रयोग गरी आवश्यक जानकारी, सूचना र तथ्याङ्क लिइएको छ ।

विद्यालयका सरोकारवालाहरुमध्ये विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक र शिक्षकहरुलाई मात्र सामाजिक परीक्षणको जानकारी भएको तर धेरै जसो शिक्षक अभिभावक संघका पदाधिकारी र अभिभावकहरुलाई यसको जानकारी नभएको पाइएको छ । विद्यालयहरुमा आर्थिक कारोवारहरु गर्ने र सोको अभिलेख राख्ने काम अधिकांश विद्यालयमा प्र.अ.ले र केही विद्यालयमा मात्र लेखापालद्वारा राख्ने गरिएको पाइएको छ । धेरै विद्यालयहरुमा एकोहोरो लेखा प्रणाली अनुसार परम्परागत र केही सुधारिएको फारमको प्रयोग गरी लेखा अभिलेख राख्ने गरेको पाइयो । सामाजिक परीक्षणको प्रचलनले अभिभावक लगायत सरोकारवालाहरुको विद्यालयको विभिन्न गतिविधिहरुलाई गहिरो र सघन रुपमा लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने क्षमताको विकास हुँदै गएको छ ।

धेरैजसो विद्यालयमा सामाजिक परीक्षण समितिले सामाजिक परीक्षण गरिसकेपछि प्रतिवेदन तयार गरी विद्यालयका सवल र दुर्वल पक्षहरु अभिभावक भेला गराई सुनाउने गरेको

पाइयो । सामाजिक परीक्षण गरी सकेपछि धेरैजसो विद्यालयमा सरोकारवालाको सघन उपस्थिति रहेको देखिन्छ भने केही विद्यालयमा सरोकारवालाको उपस्थिति न्यून देखिन्छ । विद्यालयका प्र.अ.हरुले आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण बनाएर राखेको पाइएन । धेरै विद्यालयका प्र.अ.हरुले सामाजिक परीक्षण समितिले प्रतिवेदनमा सुझाव गरेका कुरालाई कार्यान्वयन गरेको पाइयो भने केही प्र.अ.ले कार्यान्वयन गरेको पाइएन । सुझाव कार्यान्वयन नगर्ने प्रधानाध्यापकलाई शिक्षा ऐन नियमावली अनुसार कारवाही गर्नु पर्ने कुरामा जोड दिएका छन् । विद्यालयको आर्थिक कारोवारको जबाफदेहिता प्रधानाध्यापकहरुमा रहेको पाइएको छ । सामाजिक परीक्षणको कार्यान्वयनले विद्यालयका गतिविधि र क्रियाकलापहरुमा सरोकारवालाको सहभागिता बढ्न थालेको छ तर राम्रो सहभागिता भने छैन । सामाजिक परीक्षणले विद्यालयका आम्दानी खर्च र आर्थिक कारोवार पारदर्शी हुन थालेको छ । सबै सरोकारवालाले विद्यालयमा के कति आम्दानी खर्च भयो भन्ने विषयमा सरोकार राख्न थालेका छन् । तथापि जानकारीको अभाव, सम्बन्धित निकायबाट अनुगमनको अभाव, औपचारिकतामा सीमित र राजनैतिक हस्तक्षेप जस्ता थुप्रै समस्याहरुका कारणले सामाजिक परीक्षण प्रभावकारी हुन सकेको छैन ।

विद्यालयका सरोकारवालाहरुको तालिम र गोष्ठीद्वारा क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । विद्यालयमा लेखा राख्ने प्र.अ. वा लेखापाललाई सकेसम्म दोहोरो लेखाप्रणाली अनुसार लेखा राख्न र सो प्रणालीबाट सम्भव नभए एकोहोरो लेखा प्रणालीकै पारदर्शी लेखाविधि सम्बन्धी तालिम दिनुपर्ने देखिन्छ । वार्षिक कार्यक्रम निर्माण, कार्यान्वयन र उपलब्धि मूल्याङ्कनमा बढी भन्दा बढी सरोकारवालाहरुलाई संलग्न गराउनु पर्छ । विद्यालयमा भएका गतिविधि र आम्दानी खर्चको चार्ट बनाई प्र.अ.ले आफ्नो कार्यकक्षमा राख्ने व्यवस्था मिलाउनुपर्छ । विद्यालयका सरोकारवालाहरु बीच प्रभावकारी संचार कायम गरी विद्यालयका महत्वपूर्ण विषयको निर्णय प्रक्रियामा सबैलाई संलग्न र सहभागी गराउँदै लैजानुपर्दछ ।

# बिषय सूची


| शीर्षक | पेज नं. |
|---|---|
| शोधपत्रको शीर्षक | - |
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता | iii |
| शोधसार | iv |
| विषय सूची | vi |
| तालिका सूची | ix |
| सङ्क्षिप्त रुप | x |

**परिच्छेद एक : परिचय**

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनको औचित्य | ९ |
| १.४ अध्ययनको उद्देश्य | १० |
| १.५ अनुसन्धानात्मक प्रश्न | १० |
| १.६ अध्ययनको परिसीमा | ११ |
| १.७ शब्दावलीको परिभाषा | ११ |

**परिच्छेद : दुई**

**सम्वन्धित साहित्यको पुनरावलोकन र  सैद्धान्तिक खाका**

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १२ |
| २.२ सैद्धान्तिक खाका | २२ |
| २.३ शैक्षिक उपादेयता | २४ |

## परिच्छेद तीन : अध्ययन विधि


३.१ अनुसन्धान ढाँचा २५

३.२ तथ्याङ्क संकलन प्रक्रिया २५

३.२.१ जनसंख्या २५

३.२.२ नमुना आकार २५

३.२.३ नमुना छनौट विधि २६

३.२.४ नमुना छनौटको आधार २६

३.३ अनुसन्धानका साधनहरु २६

३.४ तथ्याङ्कको स्रोत २६

३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया २६


## परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या


४.१ सामाजिक परीक्षण कार्यान्वयनको वर्तमान अवस्था २७

४.१.१ सामाजिक परीक्षणको जानकारी २८

४.१.२ विद्यालयको आर्थिक अभिलेख ३०

४.१.३ प्र.अ.को लेखा राख्ने शैली ३१

४.१.४ सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था ३२

४.१.५ प्रतिवेदनको सार्वजनिकीकरणमा अभिभावकको उपस्थिति ३३

४.१.६ आम्दानी खर्चको विवरण ३४

४.१.७ सामाजिक परीक्षणको सुझाव कार्यान्वयन ३४

४.२ सामाजिक परीक्षणले आर्थिक पारदर्शितामा पारेको प्रभाव ३५

४.२.१ आर्थिक कारोवारहरुको जबाफदेहिता ३६

४.२.२ सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिकीकरणको अवस्था ३७

४.२.३ सामाजिक परीक्षण भएपछि विद्यालय व्यवस्थापनमा जनसहभागिता ३९

४.२.४ सामाजिक परीक्षणवाट आर्थिक पारदर्शिताको सम्भावना ४०

४.३ सामाजिक परीक्षण कार्यान्वयनमा देखिएका समस्याहरु ४१

४.३.१ प्रभावकारी कार्यान्वयनमा देखिएका चुनौतीहरु ४२

४.३.२ सामाजिक परीक्षणप्रति सरोकारवालाहरुको मूल्याङ्कन ४३

४.४ सामाजिक परीक्षणमा देखिएका समस्याहरु समााधानका उपायहरु ४५

## परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

५.१ प्राप्तिहरु ४७

५.२ निष्कर्ष ४९

५.३ सुझावहरु ५१

सन्दर्भ ग्रन्थ सूची ५५

अनुसूचीहरु

अनुसूची- १ अभिभावकहरुका लागि प्रश्नावली xi

अनुसूची- २ शिक्षक अभिभावक संघका अध्यक्षहरुका लागि प्रश्नावली xii

अनुसूची- ३ विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि प्रश्नावली xiii

अनुसूची- ४ प्रधानाध्यापकहरुका लागि प्रश्नावली xiv

अनुसूची- ५ शिक्षकहरुका लागि प्रश्नावली xv

अनुसूची- ६ स्रोतव्यक्तिका लागि प्रश्नावली xvi

अनुसूची- ७ समुह छलफलका लागि प्रश्नावली xvii

अनुसूची- ८ उत्तरदाताहरुको नामवली xviii

# तालिका सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १ | सामाजिक परीक्षणको जानकारी | २९ |
| २ | विद्यालयको आर्थिक अभिलेख | ३० |
| ३ | प्र.अ.को लेखा राख्ने शैली | ३१ |
| ४ | सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था | ३२ |
| ५ | प्रतिवेदनको सार्वजनिकीकरणमा सरोकारवालाहरुको उपस्थिति | ३३ |
| ६ | आम्दानी खर्चको विवरण | ३४ |
| ७ | सामाजिक परीक्षणको सुझाव कार्यान्वयन | ३५ |
| ८ | आर्थिक कारोवारहरुको जबाफदेहिता | ३६ |
| ९ | प्रतिवेदन सार्वजनिकीकरणको अवस्था | ३८ |
| १० | विद्यालय व्यवस्थापनमा जनसहभागिता | ३९ |
| ११ | आर्थिक पारदर्शिताको सम्भावना | ४० |
| १२ | प्रभावकारी कार्यान्वयनमा देखिएका चुनौतीहरु | ४२ |
| १३ | सामाजिक परीक्षणप्रति सरोकारवालाहरुको मूल्याङ्कन | ४३ |
| १४ | सामाजिक परीक्षणमा देखिएका समस्या समााधानका उपायहरु | ४५ |

# सङ्क्षिप्त रुप

आ.व. - आर्थिक वर्ष

वि.सं. - विक्रम सम्वत्

प्र.अ. - प्रधानाध्यापक

गा.वि.स. - गाउँ विकास समिति

प्रा.वि. - प्राथमिक विद्यालय

नि.मा.वि. - निम्न माध्यमिक विद्यालय

मा.वि. - माध्यमिक विद्यालय

उ.मा.वि. - उच्च माध्यमिक विद्यालय

ऐ. - ऐजन

वि. एड् - ब्याच्लर अफ एजुकेसन

जि.शि.का. - जिल्ला शिक्षा कार्यालय

सि.नं. - सिम्बल नम्बर

रो.नं. - रोल नम्बर

शै.स. - शैक्षिक सत्र

वि.व्य.स. - विद्यालय व्यवस्थापन समिति

शि.अ.संघ - शिक्षक अभिभावक संघ

सा.प. - सामाजिक परीक्षण

क्षे.शि.नि. - क्षेत्रीय शिक्षा निर्देशनालय

जि.वि.स. - जिल्ला विकास समिति

रा.शि.प.यो.- राष्ट्रिय शिक्षा पद्धतिको योजना

गा.शि.स. - गाउँ शिक्षा समिति

त्रि.वि.वि. - त्रिभुवन विश्वविद्यालय

# परिच्छेद : एक

# परिचय

## १.१ पृष्ठभूमि

शिक्षालाई कर्मशील, जागरुक, स्वावलम्बी, आत्मनिर्भर, सीप र दक्षता भएको उत्पादनशील जनशक्ति उत्पादन गर्ने सर्वोत्तम साधनको रुपमा लिइन्छ । शिक्षाको माध्यमबाट नै राष्ट्रमा उद्योग, कृषि, पर्यटन, वाणिज्य आदि क्षेत्रको विकास गरी अर्थतन्त्रको संरचनामा परिवर्तन ल्याउन सकिन्छ । त्यसैले अहिले शिक्षालाई मानव अधिकार र अनिवार्य आवश्यकताको रुपमा पनि लिन थालिएको छ । मुलुकका आम नागरिकहरुलाई सर्वसुलभ ढंगबाट शिक्षा प्रदान गर्न पर्याप्त लगानीको आवश्यकता पर्दछ । शिक्षामा लगानी गर्नु भनेको दक्ष जनशक्ति उत्पादन गर्नु हो । विना आर्थिक प्रबन्ध नागरिकहरुलाई समय र समाज सापेक्ष जनशक्तिको रुपमा उत्पादन गर्न सकिदैन । शिक्षा विकास क्रमको सुरुका अवधिमा शिक्षामा समुदायले लगानी गर्दथ्यो । लगानी गर्न सक्ने शिक्षित भए भने लगानी गर्न नसक्ने अशिक्षित भए । गरिब, विपन्न, पिछडिएका समुदाय शिक्षाबाट वञ्चित भएकाले उनीहरुलाई समेत शिक्षाको मूलधारमा समेट्न राज्यले शिक्षामा लगानी बढाउन थाल्यो । स्वास्थ्य, संचार, सडक, विद्युत, खानेपानी, आदि क्षेत्रमा सरकारले लगानी विस्तार गर्नुपर्ने भएकाले अहिले शिक्षा क्रमशः स्थानीय स्तरमा समुदायले व्यवस्थापन गर्ने गरी संचालन गर्न खोजिएको देखिन्छ । अहिले शिक्षा सरकारी र निजी लगानीमा दिदै आएको पाइन्छ । सरकारी र निजी लगानीको पारदर्शी र विश्वसनीय आर्थिक अभिलेख नराख्नाले शिक्षामा स्थानीय लगानी घट्दै गएको छ । जबसम्म शिक्षामा पर्याप्त लगानी भित्र्याउन सकिदैन, तबसम्म स्तरीय र गुणात्मक शिक्षा प्रदान गर्न सकिदैन (काफ्ले, २०६५) ।

शैक्षिक संस्थाले आफ्नो लक्षित उद्देश्य पूरा गर्नका लागि आफूसँग भएको सीमित स्रोत साधनलाई इमान्दारी र विवेकपूर्ण तरिकाले परिचालन गर्नुपर्छ । यस्तो अवस्थामा मात्र शैक्षिक संस्थाहरुले आफ्नो लक्ष्य हासिल गर्न सक्छन् । शैक्षिक प्रशासन र अर्थको बीच नङ र मासुको जस्तै सम्बन्ध रहेको हुन्छ । प्रशासन संयन्त्रले जति पनि काम गर्छ, त्यसमा आर्थिक क्रियाकलापको संलग्नता रहेको हुन्छ (स्नातकोत्तर क्याम्पस, विराटनगर, २०६३) ।

विद्यालय समाजको अभिन्न अंग हो । विद्यालयमा विभिन्न स्रोतबाट आम्दानी हुने र विभिन्न शीर्षकमा खर्च हुने गर्छ । अर्थात विभिन्न किसिमका आर्थिक कारोवारहरु हुन्छन् । ती आर्थिक कारोवारहरु वैज्ञानिक लेखा प्रणालीको सिद्धान्तमा आधारित भएर राख्नुपर्छ । विद्यालयले शैक्षिक लक्ष्यहरुको अलवा भौतिक र आर्थिक लक्ष्यहरु आवधिक रुपमा तय गरेका हुन्छन् । यसरी संस्थाहरुले तय गरेका लक्ष्य अनुसार के कस्तो कार्यक्रमहरु सम्पन्न भए, उपलब्धि कति हासिल भयो भन्ने विषयमा आवधिक मूल्याङ्कन हुन जरुरी हुन्छ । विद्यालयहरुमा भएका त्यस्ता क्रियाकलापहरुको मूल्याङ्कन वित्तीय लेखापरीक्षण र सामाजिक परीक्षणको सहायताले गर्ने गरिन्छ । वित्तीय लेखापरीक्षण अन्तर्गत एक आ.व.भित्र भएका आर्थिक कारोवारहरुको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेत विचार गरी रुजु गर्ने र परीक्षण गर्ने कार्य पर्दछ भने सामाजिक परीक्षण अन्तर्गत विद्यालयले एक शै.स.मा सामाजिक उत्तरदायित्वको क्षेत्रमा नियोजित लक्ष्य प्राप्त गर्नका लागि गरेका कार्यहरुको मूल्याङ्कन पर्दछ (खड्का, २०६२) ।

विद्यालय समाजमा रहने भएकोले सामाजिक उत्तरदायित्व पूरा गर्नुपर्छ । विद्यार्थी भर्नादर बढाउने, सिकाइ उपलब्धिदर बढाउने, अभिभावकहरुलाई विद्यालयको गतिविधिमा बढी भन्दा बढी सहभागी गराउने, विद्यालय व्यवस्थापनमा अभिभावकहरुको चासो वढाई संस्थागत सुशासनको विकास गर्दै समस्या समाधान र निर्णय प्रक्रियामा स्थानीय समुदायलाई अग्रसर गराउने जस्ता कार्यहरु विद्यालयका नियमित कार्य हुन् । यसरी स्थानीय समुदायलाई विद्यालय व्यवस्थापनमा सरिक गराउन सकेमा मात्र शैक्षिक लगानीमा वृद्धि भई विद्यालय आर्थिक रुपमा सुदृढ हुन सक्छ । हरेक प्रधानाध्यापक शैक्षिक र प्रशासनिक प्रबन्धक मात्र नभई विद्यालयको एक आर्थिक व्यवस्थापक पनि मानिन्छ । सम्भव भएसम्म अधिकतम उपलब्धि प्राप्तिका लागि विद्यालयको मानवीय, भौतिक र वित्तीय स्रोत साधनलाई अधिकतम परिचालन र पारदर्शी अभिलेख राख्नुपर्छ (शिक्षा मन्त्रालय, २०६३) ।

धेरैजसो मुलुकमा शिक्षा खर्चको अधिकांश हिस्सा सरकारी स्रोतबाट नै व्यहोरिएको पाइन्छ । नेपालमा पनि सरकारी स्रोत नै शिक्षा खर्चको प्रमुख स्रोतको रुपमा रही आएको भएता पनि सरकारले सबै नागरिकहरुलाई सबै किसिमको शिक्षा दिन सक्ने अवस्था छैन । स्थानीय स्तरमा पनि स्रोत जुटाउदै शिक्षा प्रदान गर्ने नीति लिएमा मात्र शिक्षाप्रति आम अभिभावकहरुको चासो बढ्छ । केन्द्रीय निकायका अधिकार र निर्णय प्रक्रियाहरुलाई स्थानीय स्तरमा हस्तान्तरण

गर्दै विद्यालय व्यवस्थापनमा स्थानीय अभिभावकहरुलाई सहभागी गराउदै पहुँचमा वृद्धि गर्नु विकेन्द्रीकरण हो । विकेन्द्रीकरणबाट स्थानीय अभिभावकहरुको चासो वृद्धि भई शैक्षिक प्रक्रियाको गुणस्तर र व्यवस्थापनमा सुधार आउन सक्छ । समुदायलाई विद्यालय व्यवस्थापनमा सहभागी गराई विद्यालयको सम्पूर्ण गतिविधिका बारे खुल्ला वहस, छलफल र अन्तरक्रिया गराउन सकेमा विद्यालयको गतिविधि र क्रियाकलाप पनि पारदर्शी हुने र शिक्षामा समुदायको सहभागिता पनि वृद्धि गर्न सकिन्छ । विद्यालयले गर्ने क्रियाकलाप पारदर्शी नभएमा सामुदायिक सहभागिता शून्य हुन्छ, (खनाल र आचार्य, २०६३) ।

विद्यालयहरुमा भएका आर्थिक क्रियाकलापहरुको वित्तीय लेखापरीक्षण मात्र हुँदा अन्य शैक्षिक र भौतिक पक्ष खस्कँदै गएको अवस्थालाई मध्यनजर गरी हाल शिक्षा नियमावली २०५९ (संशोधन सहित)को नियम १७१क मा हरेक सामुदायिक विद्यालयले प्रत्येक वर्ष भाद्रमसान्तभित्र गत आ.व.को सामाजिक परीक्षण गरी सोको प्रतिवेदन अनिवार्य रुपमा स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयमा बुझाउनु पर्ने र उक्त प्रतिवेदनलाई अभिभावक समक्ष अनिवार्य सार्वजनिक गर्नुपर्ने व्यवस्था छ ( शिक्षा नियमावली, २०५९) ।

नेपालमा औपचारिक शिक्षा प्रणालीको सुरुवात दरवार हाइस्कुलबाट भए पनि व्यवस्थित रुपमा भने वि.सं. २०१० पछि मात्र संचालन भएको पाइन्छ । त्यसवेला केही विद्यालयहरुको आर्थिक स्रोत पूर्ण रुपमा सरकारी थियो भने अधिकांश विद्यालयहरुको आम्दानीको स्रोत निजी र सामुदायिक नै थियो । त्यसवेला विद्यालय लेखालाई सरकारी निकायका साथै सामुदायिक स्तरबाट पनि हेरिन्थ्यो । वि.सं. २०१० पछि शिक्षा बहुप्रणालीबाट एकल प्रणालीमा रुपान्तरण भयो । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भए पछि प्राथमिक तह पूर्ण रुपमा निःशुल्क भयो । जसको फलस्वरुप विद्यालयहरुमा क्रमशः समुदायको चासो र सहभागिता घट्न गयो । हाल माध्यमिक तह निःशुल्क भनिएता पनि केही शुल्कहरु स्थानीय स्तरबाट उठाइन्छ । तर ठूलो धन राशि भने अनुदानको रुपमा सरकारबाटै प्राप्त हुन्छ । जसले गर्दा विद्यालय व्यवस्थापनमा अभिभावकहरुको चासो र सहभागिता घट्दै गएको छ (शर्मा र शर्मा २०६५) । अहिले विद्यालयहरुमा आम्दानीका स्रोतहरुमा शुल्क, चन्दा, स्थानीय निकायबाट प्राप्त हुने अनुदान, गैरसरकारी निकायबाट प्राप्त सहयोग राशि र सरकारी

स्रोत हुन भने खर्चमा तलव, भत्ता, खेलकुद सामग्री, शैक्षिक सामग्री, खेलमैदान, शौचालय, पुस्तकालय, छात्रवृत्ति र मसलन्द आदि पर्दछन् (ऐजन, काफ्ले २०६५) ।

विद्यालयको आम्दानी खर्च गर्ने, अभिलेख राख्ने र फछ्र्याउने जिम्मेवारी प्रधानाध्यापकलाई तोकिएको छ । जिल्ला शिक्षा कार्यालयद्वारा नियुक्त लेखापरीक्षकबाट विद्यालयको अन्तिम लेखापरीक्षण गराउने व्यवस्था शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १७१क मा व्यवस्था छ । उक्त तोकिएको लेखापरीक्षकले वित्तीय लेखापरीक्षण मात्र गर्दछ । वित्तीय लेखापरीक्षण पछि प्र.अ. आफ्नो दायित्वबाट कानुनी रुपमा मुक्त हुन्छ । उक्त व्यवस्थाले आर्थिक कारोवारमा पारदर्शिता र विश्वसनीयता देखिदैन । त्यसैले समुदायको विद्यालयप्रति गुनासो बढ्न थालेको छ । वित्तीय लेखापरीक्षणबाट विद्यालयले समाजप्रतिको उत्तरदायित्व पूरा गऱ्यो वा गरेन स्पष्ट गर्न सक्दैन । विद्यालयले स्थानीय समुदायका अभिभावकहरुको सहयोग लिएर भर्नादर बढाउने, उत्तीर्णदर बढाउने, सिकाइ उपलब्धिदर बढाउने, भौतिक सुविधाहरु बढाउने आदि विषयमा छलफल गरी लक्ष्यहरु निर्धारण गरेर प्रत्येक आर्थिक वर्षको अन्त्यमा ती लक्ष्यहरु कति हासिल भए, कति हासिल हुन सकेनन्, ती लक्ष्यहरु हासिल गर्न कुन कुन पक्षहरु बाधक भए, सोको समाधान कसरी गर्न सकिन्छ भन्ने विषयमा मूल्याङ्कन गर्ने परिपाटीको विकास भएमा मात्र विद्यालयप्रति समुदायले आफ्नो चासो देखाउँछ ( ऐजन खड्का, २०६२) ।

यसरी प्रधानाध्यापकद्वारा व्यवस्थित र वैज्ञानिक लेखाप्रणालीको सिद्धान्तका आधारमा लेखा नराख्ने, अनियमितता गर्ने, अभिभावकहरुलाई सोको अभिलेख सार्वजनिक नगर्ने, लेखापरीक्षकहरुसँग मिलेर प्र.अ.ले हिसाब किताब फछ्र्याउने, वित्तीय लेखापरीक्षण पछि प्र.अ. लेखाको जिम्मेवारीबाट कानुनी रुपमा मुक्त हुने प्रवृतिलाई रोक्न सबै पक्षबाट विद्यालयको कार्यसम्पादनको लेखाजोखा र मूल्याङ्कन गर्ने परिपाटीको विकास भएको हो ।

प्राचीन समयमा राजा महाराजाहरुले राज्यको हिसाब किताब बारे लेखापरीक्षकबाट सुन्ने ल्याटिन शब्द Audire बाट लेखापरीक्षण (Audit) शब्दको विकास भएको पाइन्छ । त्यस समयमा आर्थिक कारोवारहरु ज्यादै कम मात्रामा हुने गरेको र हिसाब किताब आफैंले राख्ने भएकाले लेखापरीक्षणको महसुस त्यति थिएन । समाज विकासको क्रममा मुद्रा, बैंक, संचार, यातायात, विमा, वित्तको विकास सँगसँगै ठूला औद्योगिक कम्पनीहरुको विकास तीब्र रुपमा हुदै

गयो । खास गरी १८ औं शताब्दीमा औद्योगिक क्रान्ति पश्चात लेखापरीक्षणको विकास भएको पाइन्छ । औद्योगिक कम्पनीहरुमा लगानीकर्ताहरुले आफ्नो लगानी सुरक्षित गर्न चाहे । व्यवस्थापकहरुद्वारा राखिएको हिसाब किताबको अतिरिक्त अन्य पक्षको जानकारी निष्पक्ष लेखापरीक्षणबाट हुन्छ भन्ने कुरामा विश्वास गर्न थाले । जसले गर्दा हरेक संघ संस्थाहरुमा लेखापरीक्षण गर्ने कार्यको सुरुवात भएको पाइन्छ । लेखापरीक्षणले गणितीय सत्यता मात्र पत्ता नलगाई त्रुटि र छलकपटलाई पूर्ण रुपमा निरुत्साहित गर्ने, सम्पत्तिको सुरक्षा, लक्ष्य र नीति अनुरुप कार्यसम्पादन भएको छ छैन खोजी गर्ने, आर्थिक अवस्था कस्तो छ, वित्तीय अभिलेख नियमित रुपमा राखिएको छ छैन समेत खोजी गर्ने काम लेखापरीक्षणले गर्न थाल्यो । यसरी संस्थाभन्दा बाहिरका व्यक्तिबाट उद्देश्य अनुसार काम गरेको छ छैन यकिन गर्ने कार्य सबै संघ संस्थाहरुले सुरुवात गरेको पाइन्छ । नेपालमा पनि प्रामाणिक रुपमा लेखापरीक्षणको सुरुवात वि.सं. १८२८ बैसाख ६ गते कुमारी चोक अड्डाको स्थापनापछि भएको हो । राणाहरुको शासनकालमा पनि आर्थिक प्रशासनलाई सुदृढ बनाउन लेखापरीक्षण कार्यलाई जोड दिएको पाइन्छ । वि.सं. २०१५ सालको नेपालको संविधानमा लेखापरीक्षणका लागि संवैधानिक अंगको रुपमा महालेखापरीक्षकको व्यवस्था गरियो । वि.सं. २०४६ सालको जनआन्दोलन पछिको संविधान र लेखापरीक्षण ऐन २०४८ लागू भएपछि सरकारी लेखापरीक्षणको क्षेत्रमा आमूल परिवर्तन आएको छ (श्रेष्ठ, २०६४) ।

सामाजिक परीक्षण खास गरी व्यावसायिक जगतबाट सुरु भएको पाइन्छ । व्यवसायको समाजप्रति उत्तरदायित्व भएकोले सन् १९५० मा हवार्ड आर वोवेनले सामाजिक लेखापरीक्षणको अवधारणा भित्र्याएका थिए । यसको प्रारम्भ व्यावसायिक जगतबाट भए पनि हाल गैरसरकारी र सरकारी संघ संस्थामा पनि यसको कार्यान्वयन गर्न थालिएको छ । खास गरी सामुदायिक उत्तरदायित्व बोकेका संघ संस्थाले यस्तो सामाजिक परीक्षण गर्दा सर्वसाधारणले सामाजिक संस्थाप्रति विश्वास गर्छन् र विभिन्न प्रकारको सहयोग प्रदान गर्छन् (ऐजन खड्का, २०६२) । विकेन्द्रीकरणको सिद्धान्त अनुसार विद्यालयमा स्थानीय सरोकारवालाहरुको सहभागिता वृद्धि गराउन, विद्यालयमा गरिने आर्थिक कारोवारहरुको औचित्य दर्शाउन, स्थानीय सहयोग जुटाउन, शिक्षामा जुटेको रकमको पारदर्शी हिसाब किताब राख्न, लक्ष्य अनुसार गतिविधि संचालन र उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्न, शैक्षिक संस्थाहरुमा जनविश्वास बढाउन, लागत

लाभ विश्लेषण गर्न, समुदायलाई सजग र सतर्क गराउन सामाजिक परीक्षण आवश्यकता मात्र नभई कानुनी अनिवार्यताको रुपमा विकसित भएको छ । सामाजिक परीक्षण नगरिएमा विद्यालय निकासाका लागि अयोग्य हुने भएकोले सामाजिक परीक्षण विद्यालयका लागि कानुनी र व्यावहारिक रुपमा अनिवार्य भएको छ (शर्मा, २०५९) ।

सामाजिक परीक्षण विकेन्द्रीकरणको सिद्धान्तमा आधारित परीक्षण हो । स्थानीय स्तरमा स्रोत साधन कति छन्, स्थानीय स्तरमा विद्यालयले के कस्ता लक्ष्य र उद्देश्यहरु निर्धारण गरेका छन्, विद्यालयले वर्षभरिमा के कति उपलब्धि हासिल गऱ्यो, विद्यालय खुलेको र नखुलेको दिन, खुद पढाई भएको दिन, कुन कुन शिक्षकहरु वर्षभरिमा कति कति हाजिर भए, विदामा को को कति बसे, विना सूचना को को शिक्षक विदामा बसे, विद्यालयको भौतिक अवस्था (भवन, कक्षाकोठा, खेलमैदान, पुस्तकालय, शौचालय, खानेपानी आदि) को वर्तमान अवस्था, वि.व्य.स.को बैठक वर्षभरिमा कतिपटक बस्यो, निर्णय पक्रिया, भर्नादर, सिकाई उपलब्धि दर, लैंगिक संरचना, वार्षिक आम्दानी खर्चको अवस्था आदि स्थानीय स्तरमा नै पत्ता लगाई सुधारका लागि आवश्यक पृष्ठपोषण समेत प्रदान गरी विद्यालयको चौतर्फी विकासमा स्थानीय जनसहभागिता जुटाउन सामाजिक परीक्षणले मद्दत पुऱ्याउछ (सामाजिक परीक्षण निर्देशिका, २०६५) ।

यसरी स्थानीय चासोको विषयमा स्थानीय तहबाट नै सक्रियता र सहभागिता हुनु अत्यन्त आवश्यक हुन्छ । स्थानीय जनसमूहलाई शिक्षा सम्बन्धी क्रियाकलापमा सशक्तिकरण गर्दै सहभागितामूलक प्रक्रियाका साथै सामाजिक संघ संस्था परिचालन सम्बन्धी ज्ञान, सीप र धारणा विकास गरी स्थानीय समुदाय मार्फत कार्यक्रमको प्रवर्द्धन गर्न यो परीक्षण गरिन्छ ( शिक्षा मन्त्रालय, २०६४) ।

विद्यालयले समाजको आवश्यकता अनुसारको शिक्षा पूर्ति गर्नुको साथसाथै समाजको अपेक्षा अनुसार जनशक्ति उत्पादन गर्नुपर्छ । समाजको आवश्यकता विद्यालयले पूर्ति गर्न नसकेमा समाजको विश्वास प्राप्त गर्न सक्दैन । यसर्थ विद्यालयले समाजप्रतिको उत्तरदायित्व पूरा गर्नुपर्छ । समाजको सबैभन्दा विश्वसनीय अग्रणी संस्थाको रुपमा विद्यालयलाई स्थापित गर्न विद्यालय व्यवस्थापकले सामाजिक परीक्षण गर्नु अपरिहार्य छ । विद्यालयका प्र.अ., शिक्षकहरुलाई जिम्मेवार र कर्तव्यपरायण बनाउने कार्यमा समेत सामाजिक परीक्षणले मद्दत पुऱ्याउँछ ।

सामाजिक परीक्षणले विद्यालयको सबै पक्षको चौतर्फी विकासद्वारा विद्यार्थीको उच्च सिकाई उपलब्धि सुनिश्चित गर्नुका साथसाथै विद्यालयको आन्तरिक कुशलता अभिवृद्धि गरी शैक्षिक क्षतिलाई न्यून गराएर उच्चतम प्रतिफल हासिल गर्न मद्दत पुऱ्याउँछ । विद्यालयको सम्पूर्ण गतिविधि र क्रियाकलापको पारदर्शिताले अभिभावकहरुलाई विद्यालय व्यवस्थापनमा चासो वढाउँछ (खतिवडा, २०६६) ।

केही विद्यालयहरुमा आर्थिक, भौतिक, शैक्षिक गतिविधि र क्रियाकलापका अभिलेख व्यवस्थित राखिनुका साथै अभिभावक सभामा सार्वजनिक गरिन्छ भने अधिकांश विद्यालयमा सरोकारवालाहरुको ज्ञान, सीप, दक्षता र दायित्वबोधका अभावका कारण त्यस्ता अभिलेखहरु सुव्यवस्थित ढंगबाट नराख्दा अभिभावक र समुदायबाट विद्यालय आलोचित छ । विद्यालयका शैक्षिक र आर्थिक क्रियाकलापहरु सन्तोषजनक पाउन सकिएको छैन । यसको नियन्त्रण र सामुदायिक सहभागिताका लागि सरकारी स्तरबाट सामाजिक परीक्षणलाई अघि सारी कार्यान्वयन गर्न थालिएको छ ।

यसै परिप्रेक्षमा शै.स. २०६३ देखि सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण गर्ने परिपाटीको थालनी भएको छ । यसबाट विद्यालयको आर्थिक पारदर्शितामा के कस्तो प्रभाव परिरहेको छ भनी खोज अनुसन्धान गर्न यो शोध कार्य गरिएको छ ।

## १.२ समस्याको कथन

भौतिक पूर्वाधार, जनशक्ति र अर्थ विना विद्यालय संचालन हुन सक्दैन । विद्यालयहरुमा यस्ता आधारभूत सुविधाहरुको वृद्धि र पारदर्शिताले शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण टेवा पुऱ्याउँछ । स्थानीय अभिभावकहरुको जनसहभागिता वृद्धि गर्न सकिएमा मात्र समुदाय र विद्यालयको सम्बन्ध दरिलो र सुदृढ वन्न सक्छ । सामुदायिक विद्यालयहरुमा हुने प्रमुख समस्याहरु मध्ये प्रधानाध्यापकहरुद्वारा आर्थिक पारदर्शिता नहुनु एक हो । विद्यालयको चौतर्फी विकासमा आर्थिक स्रोत साधनको अहम् भूमिका हुन्छ । विद्यालयहरुमा विभिन्न स्रोतहरुबाट प्राप्त आम्दानी र खर्चको वैज्ञानिक एवं सुव्यवस्थित अभिलेख नराख्दा, समयमा लेखापरीक्षण नगर्दा, लेखापरीक्षण प्रतिवेदन समुदायका अभिभावक वा सरोकारवालाहरुले हेर्ने, सुन्ने, छलफल गर्ने र अन्तरक्रिया गर्ने अवसर नपाउँदा अभिभावकहरु विद्यालयबाट टाढिएका छन् । विद्यालयको गतिविधि र क्रियाकलापमा अभिभावकहरुको सक्रिय सहभागिता घटेको छ ।

स्थानीय आवश्यकता र अवस्थालाई समेटेर विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकहरुले विद्यालय कार्ययोजना निर्माण गर्न सकेका छैनन् । विद्यालयको आर्थिक, शैक्षिक र भौतिक गतिविधिको पारदर्शिताले विद्यालय सुसंचालन र लगानीको सही सदुपयोगमा टेवा पुग्ने कुरामा शंका छैन । जसको परिणामस्वरुप शैक्षिक लगानीमा वृद्धि भई सिकाई उपलब्धि र शैक्षिक गुणस्तरमा वृद्धि गर्न सकिन्छ ।

सामाजिक परीक्षणले विद्यालय सुसंचालन र अभिभावकको सहभागिता वृद्धिका लागि के कस्तो भूमिका निर्वाह गरेको छ सो को पहिचान गर्ने, सामाजिक परीक्षणको कार्यान्वयनको वर्तमान अवस्था पहिचान गर्ने, सामाजिक परीक्षणको प्रभावकारिता हेर्ने, आर्थिक पारदर्शिताका समस्याहरु र समाधानका उपयुक्त सुझावहरु पत्ता लगाउन यस अध्ययनलाई अगाडि वढाइएको छ । सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण गर्न शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १७१क मा कानुनी व्यवस्था गरी सामाजिक परीक्षण गर्ने सम्बन्धी निर्देशिका २०६५ समेत जारी गरी कार्यान्वयन गर्न थालिए तापनि विद्यालयको आर्थिक हिनामिना, छलकपट, गणितीय एवं सैद्धान्तिक त्रुटि र अनियमितता घट्न सकेको छैन । जसले गर्दा विद्यालयप्रति समुदायको नकारात्मकता बढेको छ ।

यी नै कारणहरुले गर्दा अभिभावकहरुले आफ्नो बच्चा संस्थागत विद्यालयमा भर्ना गर्ने र सामुदायिक विद्यालयप्रति बेवास्ता गर्ने परिपाटी वढ्न थालेको छ । वर्तमान समयमा सामाजिक परीक्षण एक जल्दो बल्दो समस्याको रुपमा लिन थालिएको छ किनभने सामाजिक परीक्षणबाट पनि विद्यालयको आर्थिक, भौतिक र शैक्षिक पक्षमा सुधार आउन सकेको छैन । कतिपय विद्यालय त आर्थिक रुपमा चकनाचुर पनि भएका छन् । प्रधानाध्यापकहरुले विद्यालय डुबाए भन्ने अभिभावकहरुको गम्भीर आरोप पनि छ । सामुदायिक विद्यालयहरुमा लगानीको तुलनामा शैक्षिक उपलब्धि दिनानुदिन ह्रास भैरहेको छ । शिक्षामा सरकारी र निजी लगानी खेर गइरहेको छ । त्यसकारण यस अध्ययनलाई अगाडि बढाइएको छ । प्रधानाध्यापकले विद्यालय सुधार योजना र बजेट निर्माण गर्दा आम अभिभावकहरुलाई संलग्न नगराउनु, समयमा लेखापरीक्षण नगर्नु, लेखापरीक्षण प्रतिवेदनका सुझावहरु कार्यान्वयन नगर्नु, लेखापरीक्षण प्रतिवेदन सार्वजनिक नगर्नु, अभिभावकहरुका सुझावहरु कार्यान्वयन नगर्नु जस्ता थुप्रै कारणले सामाजिक परीक्षण कति प्रभावकारी छ छैन भन्ने विषयमा अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा विकासको आधारशिला हो । शिक्षाका लागि राज्य, स्थानीय निकाय, गैरसरकारी संघ संस्था, अभिभावक, समुदायले लगानी गरेका हुन्छन् । लगानीको सही कार्यान्वयन र पारदर्शी अभिलेखले मात्र सरोकारवालाहरुको चासोमा वृद्धि हुनुको साथै विद्यालय व्यवस्थापन र संचालनमा समुदायको संलग्नता र सहभागिता वृद्धि हुन सक्छ । कुनै पनि कार्यक्रमको जतिसुकै सुन्दर लक्ष्य र उद्देश्य भए पनि त्यसको कार्यान्वयन पक्ष प्रभावकारी हुन नसके समय, श्रम र पुँजीको खेर मात्र जान्छ । सामाजिक परीक्षण विद्यालयको आर्थिक पारदर्शिताका लागि प्रभावकारी कार्यक्रम हो । सामाजिक परीक्षणले विद्यालयको भौतिक, शैक्षिक र आर्थिक अवस्था कस्तो छ भन्ने कुराको जानकारी सम्बन्धित सरोकारवाला पक्षलाई दिन्छ । गुणस्तरीय शिक्षा प्रदान गर्न सकेमा मात्र मुलुकको चौतर्फी विकास सम्भव छ । सक्षम, क्षमतावान्, सिर्जनशील, जागरुक, कर्मठ जनशक्ति उत्पादन गर्ने कारखानाको रुपमा रहेको विद्यालयमा के कति आम्दानी कुन कुन स्रोतहरुबाट हुन्छ, विद्यालयको भवन, खेलमैदान, पुस्तकालय, शौचालय, कक्षाकोठाको आकार प्रकार, फर्निचरको अवस्था कस्तो छ, विद्यालयको भर्नादर, उत्तीर्ण दर, कक्षा छाड्नेको दर, सिकाइ उपलब्धि आदिको बारेमा अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, लगायत सरोकारवाला संघ संस्थालाई जानकारी गराउँछ । विद्यालयमा भएका कमी पक्षलाई हटाउन आवश्यक पृष्ठपोषण प्रदान गर्दछ । प्रधानाध्यापकहरुलाई विद्यालय सुसंचालनमा घच्घच्याउने कार्य समेत सामाजिक परीक्षणले गर्दछ । स्थानीय अभिभावकहरुलाई विद्यालयको विकास कार्यमा सहभागी गराउन, शिक्षकहरुलाई सिकाइ उपलब्धि वृद्धि गर्न, समुदायका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न मद्दत पुऱ्याउँछ । तर सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षणबाट सन्तोषजनक परिणाम प्राप्त गर्न सकिएको छैन । विद्यालयप्रति अभिभावकहरुको व्यापक गुनासो रहेको छ । अभिभावकहरुलाई विद्यालय व्यवस्थापन र संचालनमा आकर्षित गर्न सकिएको छैन । कक्षा छोड्ने दरमा कमी ल्याउन, सिकाइउपलब्धि दर वढाउन, समुदायका बालबालिकाहरुलाई विद्यालयमा भर्ना सकिएको छैन । विद्यालयको आर्थिक, शैक्षिक र भौतिक अभिलेखहरु अहिले पनि अस्तव्यस्त छन् । खोजेका बेला आवश्यक जानकारीहरु प्राप्त गर्न सकिने अवस्था छैन । प्रधानाध्यापकहरु आर्थिक भ्रष्टाचारको दलदलमा

झन झन फसिरहेका छन् । अभिभावक विद्यालयबाट झन झन टाढिएको अवस्था छ । यी नै विद्यमान अवस्थाहरु भएकोले यस समस्यालाई अध्ययनको विषयवस्तु बनाइएको छ ।

यस समस्याको अध्ययनबाट निस्केको निष्कर्षबाट शिक्षा मन्त्रालयलाई देशभरिका विद्यालयहरुको अवस्था दर्शाउन, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, स्थानीय निकायहरु, गैरसरकारी संघ संस्थाहरुलाई सामाजिक परीक्षण प्रणालीमा सुधार गर्न आवश्यक पृष्ठपोषण प्रदान गर्ने विश्वास लिइएको छ । सामाजिक परीक्षणभित्र भएका कमी कमजोरी हटाउन र सवल पक्षलाई अझ प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सहयोग प्रदान गर्ने भएकोले यस समस्यालाई अध्ययनको विषय बनाइएको छ । यस अध्ययनले प्रधानाध्यापकहरुप्रति अभिभावकहरुले गर्ने गुनासोलाई कमी गर्ने उपायहरु र विद्यालयको व्यवस्थापन र संचालनमा अभिभावकहरुको संलग्नता र सहभागिता वृद्धि गर्ने उपायहरुको खोजी गर्ने भएकोले अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

(क) सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण कार्यान्वयनको अवस्था लेखाजोखा गर्ने ।

(ख) सामाजिक परीक्षणले आर्थिक पारदर्शितामा पारेको प्रभावको विश्लेषण गर्ने ।

(ग) सामाजिक परीक्षणको कार्यान्वयनमा देखिएका समस्याहरु पहिल्याउने ।

(घ) सामाजिक परीक्षणको कार्यान्वयनमा देखिएका समस्याहरु समाधानका उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरु निम्नानुसार रहेका छन् ।

(क) के सबै विद्यालयहरुमा सामाजिक परीक्षण गरिन्छ ?

(ख) विद्यालयहरुमा सामाजिक परीक्षणको अवस्था कस्तो छ ?

(ग) के सामाजिक परीक्षणले आर्थिक पारदर्शिता ल्याएको छ ?

(घ) विद्यालयहरुमा सामाजिक परीक्षणले आर्थिक पारदर्शिता कसरी ल्याएको छ ?

(ङ) सामाजिक परीक्षणको कार्यान्वयनमा के कस्ता समस्याहरु छन् ?

(च) सामाजिक परीक्षणद्वारा आर्थिक पारदर्शिता नहुने समस्याहरु के के हुन् ?

(छ) सामाजिक परीक्षणको समस्याहरुलाई समाधान गर्ने उपायहरु के के हुन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई सङ्खुवासभा जिल्लाको चैनपुर स्रोतकेन्द्र अन्तर्गत खराङ, वानेश्वर र चैनपुर गा.वि.स. का सबै प्रा.वि., नि.मा.वि., मा.वि. र उ.मा.वि. तहका सामुदायिक विद्यालयमा सीमित गरिएको छ । यस अध्ययनमा सामाजिक परीक्षणको प्रभावकारिता हेरिएको छ । स्रोतकेन्द्र अन्तर्गतका स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघका अध्यक्षहरु, प्र.अ., शिक्षक र अभिभावकहरुमा अध्ययनलाई सीमित गरिएको छ । स्रोत साधनलाई समेत सीमित गरिएको छ ।

## १.७ शब्दावलीहरुको परिभाषा

(क)सामाजिक परीक्षण – विद्यालयको आर्थिक, भौतिक र शैक्षिक पक्षको लेखाजोखा तथा मूल्याङ्कन ।

(ख) सामुदायिक विद्यालय – सरकारी अनुदान पाउने गरी स्थापना भएका विद्यालय ।

(ग) संस्थागत विद्यालय – सरकारी अनुदान नपाउने निजी लगानीमा संचालन भएका विद्यालय ।

(घ) औपचारिक शिक्षा – विद्यालय स्थापना गरी निश्चित पाठ्यक्रमका आधारमा प्रदान गरिने शिक्षा ।

(ङ) विकेन्द्रीकरण – केन्द्रका अधिकार स्थानीय तहमा निरुपित भएको अवस्था ।

(च) आर्थिक पारदर्शिता – आम्दानी खर्चको स्पष्टता ।

(छ) सरोकारवाला – विद्यालय व्यवस्थापन, संचालन, रेखदेख र नियन्त्रणमा संलग्न वि.व्य.स. एवं शि.अ.संघका पदाधिकारी, अभिभावक, शिक्षक, प्रधानाध्यापक र स्रोतव्यक्तिहरु ।

(द) लेखापरीक्षण – कुनै पनि संघ संस्थाको आर्थिक कारोवारको नियमितता, मितव्ययिता, औचित्यतता, प्रभावकारिता र कार्यदक्षता समेत विचार गरी रुजु गर्ने र परीक्षण गर्ने कार्य ।

(ध) सशक्तिकरण – सामाजिक, आर्थिक रुपमा जागृत गर्ने काम ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

वाग्ले र साथीहरु (२०६०) ले तयार गर्नुभएको शैक्षिक योजना अनुसार शिक्षा दान होइन, अधिकार हो । शिक्षा सबैले लिन पाउनुपर्छ । शिक्षा मानव अधिकारभित्र पर्दछ । अन्तराष्ट्रिय घोषणा र नाराहरुले पनि शिक्षामा समता र समानतामा जोड दिएको छ । शिक्षाप्रति वढ्दो जनआकांक्षा र चाहनालाई दृष्टिगत गरी शैक्षिक अवसरहरुको सिर्जना र परिपूर्ति राज्यस्तरबाट मात्र सम्भव नहुने हुँदा शिक्षालाई जनस्तरसम्म पुऱ्याउन विकेन्द्रित शैक्षिक योजना तथा व्यवस्थापनको टड्कारो आवश्यकता विश्वभरि नै देखिएको छ । विद्यालयको संस्थागत सुधारका लागि, विद्यालयहरुलाई जनताको नजिक ल्याउनका लागि र शैक्षिक लक्ष्यका पूर्वानुमानहरुलाई सुनिश्चित गर्ने मूलभूत उद्देश्यले शिक्षामा विकेन्द्रीकरण आवश्यक छ । विकासशील मुलुकहरुले त झन शिक्षामा विकेन्द्रीकरण प्रणालीलाई जोड दिनै पर्छ । शैक्षिक अवसरहरु विस्तार गर्न, विद्यार्थीहरुका चाहनालाई समेट्न, शिक्षा लक्षित वा सरोकारवाला व्यक्तिसम्म पुऱ्याउन, शिक्षामा अन्तराष्ट्रिय चासो वृद्धि गर्न, केन्द्रीय सरकारको आर्थिक व्ययभार घटाउन, प्रादेशिक एवं संघीय योजना निर्माण गरी कार्यान्वयन गर्न, समुदायका व्यक्तिहरुलाई शिक्षाप्रतिको स्वामित्व भावनाको विकासका लागि, शिक्षा प्रणालीको सक्षमता र गुणस्तर अभिवृद्धिका लागि, प्रभावकारी विद्यालय व्यवस्थापनका लागि, जनसहभागिता र स्थानीय स्रोत साधन परिचालन गर्न शैक्षिक विकेन्द्रीकरण आवश्यक छ ।

विकेन्द्रीकरणका विधिहरु थुप्रै छन् । जसमध्ये स्थानीय शासन सशक्तिकरण विधि अनुसार बजेट तयार गर्ने, खर्च गर्ने, स्टाफ भर्ना, शैक्षिक विषयवस्तु (पाठ्यक्रम, विद्यार्थी मूल्याङ्कन) छनौट गर्ने अधिकार स्थानीय स्तरको निकायहरुलाई हस्तान्तरण गरिन्छ । त्यस्तै गरी विद्यालयमा आधारित व्यवस्थापन विधिले व्यवस्थापन तथा खर्चको अधिकार स्थानीय निकायलाई निरुपण गर्दा मात्र हुँदैन भन्ने कुरामा जोड दिन्छ । यस विधि अनुसार विद्यालय स्वायत्त हुनुपर्छ । निर्णय गर्ने अधिकार शिक्षक, अभिभावक तथा समुदायका नेताहरुलाई हुनुपर्छ । प्राज्ञिक कार्यक्रमहरुको निर्धारण र कार्यान्वयनमा शिक्षक, प्र.अ., अभिभावक एवं समुदायको

सक्रिय सहभागिता हुनुपर्छ । त्यस्तै अर्को समुदाय वित्तीय विधि पनि एक महत्वपूर्ण विधि हो । यस विधि अनुसार विद्यालय लागत साझेदारी (Cost sharing) वित्तीय प्रणालीका आधारमा संचालन हुन्छन् । यस विधि अनुसार शिक्षकको तलव भत्ता सरकारी र पुँजीगत खर्च समुदायबाट बेहोरिन्छ । दक्षिण एशियाका देशहरुमा शैक्षिक विकेन्द्रीकरण असफल हुनुको प्रमुख कारण कार्यक्रम मात्र विकेन्द्रीकरण भएको तर वित्तीय विकेन्द्रीकरण भने भएको छैन । त्यसकारण कार्यक्रम मात्र विकेन्द्रीकरण नभई वित्तीय कार्यक्रम पनि विकेन्द्रित हुनुपर्छ (वाग्ले र साथीहरु २०६२) ।

कोइराला (२०६२) ले सम्पादन गर्नुभएको शिक्षा प्रशासनका आयामहरु पुस्तकमा विकेन्द्रीकरण सम्बन्धमा "जनसहभागिता, जनशक्तिकरण, सुशासन, कानुनी शासन, पारदर्शी कार्यशैली तथा क्रियाशील जवाफदेहिता नै विकेन्द्रीकरणका सैद्धान्तिक आधारहरु हुन" (सिन्हा २०६२:१ बाट उद्धृत) । ऐ.का अनुसार विकेन्द्रीकरणले विद्यालय सुशासनमा पनि जोड दिन्छ । सुदृढ नागरिक समाज, वैधानिक व्यवस्था, पारदर्शिता, उत्तरदायित्व आदि सुशासनका आधारभूत तत्वहरु हुन् । विद्यालय सुशासन व्यवस्थाले प्रशासनिक, व्यवस्थापकीय तथा सुपरीवेक्षण क्षेत्रको निर्णयाधिकार स्थानीय तहमा नै सुम्पेको हुन्छ । वित्तीय गतिशिलतामा वृद्धि, व्यवस्थापकीय क्षमताको अभिवृद्धि, वित्तीय स्रोतको पूनः बाँडफाँड, प्रजातान्त्रिक सहभागितामा वृद्धि, स्वच्छ प्रतिस्पर्धात्मक शक्तिको विकास, शैक्षिक गुणस्तरमा अभिवृद्धि आदि विद्यालय सुशासन व्यवस्थाले गर्दछ । स्थानीय क्षेत्रको प्रशासन स्थानीय सरोकारवालाहरुद्वारा नै चलाइने कार्यहरु स्थानीय शासन हो । गुणात्मक र समतामूलक शिक्षाको सुनिश्चितता नै विद्यालय सुशासनको उद्देश्य हो । नेपालमा शैक्षिक विकेन्द्रीकरणको अभ्यासको रुपमा नेपालको संविधान २०१९ र २०४७, स्थानीय स्वायत्त शासन ऐन २०५५, शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधन सहित), दशौं योजना (२०५९-२०६४), अन्तरिम संविधान २०६३, विद्यालय समुदायमा हस्तान्तरण गर्ने निर्देशिका २०५९, सामाजिक परीक्षण निर्देशिका २०६५, आदि लागू गरी कार्यान्वयन गर्ने प्रयत्नहरु भएका छन् (ऐ.२०६२) ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ का अनुसार शिक्षामा लगानी मूलतः मानव संसाधनको विकासमा गरिने दीर्घकालिन लगानी भएकाले शिक्षामा राष्ट्रले गरेको खर्चलाई विकासको सूचकको रुपमा लिने गरिन्छ । निर्धारित शैक्षिक उद्देश्यहरु प्राप्तिका लागि

आवश्यक आर्थिक स्रोतहरु प्रभावकारी रुपमा परिचालन र उपलब्ध भएका आर्थिक साधनहरु प्रभावकारी ढंगमा गरिने उपयोगबाट शिक्षामा लगानीको औचित्य पुष्टि हुन्छ । शिक्षामा राज्यस्तरबाट मात्र लगानी सम्भव छैन । स्थानीय स्तरमा नै लगानीका स्रोतहरु पहिचान गरी स्थानीय स्तरमा नै सोको परिचालन र अनुगमनका साथै सुपरीवेक्षणको दरिलो संयन्त्र निर्माण गर्न सकेमा मात्र शिक्षामा स्थानीय लगानीलाई वृद्धि गर्न सकिन्छ । विद्यालय प्रशासक र व्यवस्थापकहरुबाट आम्दानी खर्चको पारदर्शी अभिलेख नराख्नाले र सार्वजनिक नगर्नाले पनि शिक्षामा स्थानीय स्तरको लगानीको मात्रा घटेको छ । विकेन्द्रीकरणको नीति अनुसार शिक्षामा स्थानीय लगानीलाई वृद्धि गर्न स्थानीय नागरिक समाजलाई सक्षम र क्षमतावान बनाउनु पर्छ । विद्यालय व्यवस्थापकहरुका कार्यशैलीमा परिवर्तन ल्याउनु पर्छ । सामुदायिक सहभागिता वृद्धि गर्न सक्दा मात्र शिक्षामा सामुदायिक लगानी बढी भन्दा बढी भित्रन सक्ने पर्याप्त सम्भावनाहरु छन् (नेपाल सरकार, शिक्षा मन्त्रालय, २०५५) ।

थपलिया, दिनेशले लेख्नुभएको स्थानीय निकायमा सामाजिक परीक्षण अनुसार स्थानीय निकायमा स्थानीय स्तरबाट सम्पादन हुने विविध गतिविधिहरुमा पारदर्शिता, मितव्ययिता, सहभागिता आवश्यक हुन्छ । यसका लागि सेवाप्रदायक र सेवाग्राही बीच विश्वास र समझदारी अभिवृद्धि हुन जरुरी छ साथै कुनै पनि कार्यको प्रक्रिया र परिणाममा प्रत्यक्ष रुपमा सहभागी हुने नागरिक अधिकारको सुनिश्चितता पनि उत्तिकै महत्वपूर्ण र जरुरी छ । समयको परिवर्तनसँगै स्थानीय निकायद्वारा संचालित कार्यक्रमले जनताको आवश्यकता पूरा गर्न सक्यो वा सकेन, संचालित कार्यक्रमहरुप्रति जनताको चासो र सरोकार कस्तो रह्यो, उनीहरु सुसूचित भए भएनन्, संलग्नता पक्ष, सामाजिक उत्तरदायित्वको पक्ष, उपलब्ध स्रोत साधनको उपयोग, लगानी अनुसारको प्रतिफल आदि विविध पक्षहरुको मिहिन ढंगले लेखाजोखा गर्ने पद्धतिको विकास भयो । लाभाग्राही वर्ग स्वयंलाई संलग्न गराई सहभागितामूलक र पारदर्शी ढंगले भए गरेका कार्यहरुको विवेचना गर्ने, लेखाजोखा गर्ने, सवल र दुर्वल पक्षहरुको विश्लेषण गर्ने र पृष्ठपोषण लिने साथै सुधारात्मक कार्यपद्धतिलाई संस्थागत गर्दै जाने प्रक्रियाहरुको थालनी र विकास भएको धेरै समय भएको छैन । सामाजिक परीक्षणलाई सार्वजनिक परीक्षण, सार्वजनिक लेखापरीक्षण र जनलेखापरीक्षण पनि भनिन्छ । सामाजिक परीक्षण एउटा यस्तो नियमित, उद्देश्यमूलक र प्रक्रियावद्ध परीक्षण पनि हो, जसले सांगठनिक मूल्य मान्यताका आधारमा

आफ्ना सामाजिक, आर्थिक र भौतिक विकास सम्बन्धी योजना, कार्यक्रम र कार्यकलापको आन्तरिक तथा बाह्य कार्यसम्पादनलाई लेखाजोखा तथा मूल्याङ्कन गर्दछ । सामाजिक परीक्षणले खास गरी आर्थिक तथा गैरआर्थिक पक्षहरुको योजना, व्यवस्थापन र कार्यान्वयन जस्ता कुराहरुमा वृहत् मूल्याङ्कन गरी सरोकारवाला सबैलाई सूचना प्रवाह गर्ने कार्य गर्दछ । सामाजिक परीक्षणले संघ संस्थाको आफ्ना प्राथमिकताहरु, रणनीतिक योजनाहरु तथा कार्यसम्पादन मापनका सूचकहरु स्थापित गरी कार्य अनुगमन तथा निर्णय प्रक्रियामा सुधार गर्ने कार्यमा सहयोग पुऱ्याउँछ । यसले सरोकारका कुनै पनि विषयका सबै चरणहरुमा उनीहरुलाई सहभागी हुने अधिकार वकालत गर्ने, वित्तीय अनुशासन र सामाजिक उत्तरदायित्व स्थापित गर्ने, सरोकारवालाहरुलाई संलग्न गराई सहभागितामूलक र पारदर्शी ढंगले सार्वजनिक कार्यको लेखाजोखा गरी सुधारात्मक क्रियाकलाप अगाडि बढाउन प्रेरित गर्ने, सेवाप्रवाहमा सहभागिता, पारदर्शिता, अपनत्व, उत्तरदायित्व, मितव्ययिता, प्रभावकारिता, गुणात्मकता जस्ता सारभूत तत्वहरुको सुनिश्चितता कायम गर्ने, सुशासन प्रवर्द्धन गर्ने, कार्यसम्पादनको उद्देश्यमूलक, वस्तुपरक र कार्यमूलक ढंगले विश्लेषण गरी कार्यसम्पादन प्रक्रियामा इमान्दारिता, विवेकशिलता, सतर्कता, विश्वसनीयता र प्रभावकारिता अभिवृद्धि गर्दछ । सामाजिक परीक्षणले सरोकारवालाहरुप्रति जबाफदेही तुल्याउने, कार्यक्रम कार्यान्वयन गर्ने निकायसँग निर्णय प्रक्रिया, योजना, बजेट तथा अन्य सान्दर्भिक कुराहरुमा सूचना माग्न सक्ने, आवश्यक कागजातहरु हेर्न सक्ने तथा संयुक्त स्थलगत अनुगमन, निरीक्षण गरी कार्यको गुणस्तर सुधार गर्न आफ्नो राय सुझाव दिने अधिकार सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ । यसरी सामाजिक परीक्षण गर्दा योजना तथा कार्यक्रमसँग सम्बन्धित जनशक्ति, बजेट, कार्यान्वयन प्रक्रिया, लक्ष्य र प्रगति, स्वीकृत मापदण्ड, गुणस्तर, वित्तीय व्यवस्थापन, स्रोत परिचालन, आन्तरिक नियन्त्रण, सूचना प्रणाली, अभिलेख व्यवस्था, अनुगमन प्रणाली आदि पक्षहरुको विश्लेषण गर्ने गरिन्छ । जनता विकासका प्रापक नभई संवाहक र हर्ताकर्ता भएकाले विकास प्रक्रियाका हरेक चरणहरुमा उनीहरुको सामाजिक सक्रियतालाई संस्थागत र वैध तुल्याउनका लागि सामाजिक परीक्षण उपयुक्त, भरपर्दो र प्रभावकारी साधन हो । सामाजिक परीक्षण योजना तर्जुमा, कार्यान्वयन, योजनाको समाप्ति आदि चरणमा गरिन्छ । सामाजिक परीक्षणले योजना तथा कार्यक्रम संचालनमा जनताको पहुँच सुनिश्चित गर्न, सूचना सम्प्रेषण, आवश्यक सुधार र सामाजिक

अध्यावधिकरणका लागि पृष्ठपोषण प्रदान गर्ने एक निरन्तर प्रक्रिया भएकाले योजना र कार्यक्रमको एक अभिन्न अंग भएको छ (सङ्खुवासभा-काठमाडौं सम्पर्क मञ्च, २०६३) ।

विद्यालय अनुदान कार्यान्वयन निर्देशिका एवं विद्यालय स्तरीकरण फारम (२०६३) अनुसार विद्यालयको विभिन्न स्रोतबाट प्राप्त रकम र भएका खर्चहरुको प्रधानाध्यापकले अनिवार्य लेखापरीक्षण गर्नुपर्छ । यस्तो लेखापरीक्षण गर्दा वित्तीय लेखापरीक्षण र सामाजिक परीक्षण गरी दुई किसिमको परीक्षण गर्नुपर्छ । लेखापरीक्षण गर्दा आर्थिक प्रशासन नियमावलीको आधारमा रकम खर्च भई निर्माण गरिएका सूचकहरुमा उपलब्धि भए नभएको स्पष्ट गरी सोको प्रतिवेदन अभिभावकहरुको भेलामा सार्वजनिक गर्नुपर्छ । वित्तीय लेखापरीक्षण गर्दा आर्थिक प्रशासन ऐन र नियमावलीले तोके वमोजिम आम्दानी खर्च पारदर्शी रुपमा राखे नराखेको, जिन्सी अभिलेख अध्यावधिक भए नभएको, पुँजीगत सम्पतिको अभिलेख अध्यावधिक भए नभएको आदि पक्षलाई हेरिन्छ । क्षे.शि.नि.बाट सूचिकृत भई जिल्ला शिक्षा समितिको निर्णय अनुसार नियुक्त भएका लेखापरीक्षकबाट वित्तीय लेखापरीक्षण गरिन्छ । त्यस्तै गरी सामाजिक परीक्षणले विद्यालयको भौतिक, आर्थिक र शैक्षिक अवस्था विश्लेषण गर्दछ । विद्यालयका सरोकारवालाहरु र अभिभावकहरुको संलग्नतामा विद्यालयका कार्यप्रगति सम्बन्धमा सार्वजनिक रुपमा छलफल तथा अन्तरक्रिया गरी सामाजिक परीक्षण गर्नुपर्छ । सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण गराउने जिम्मेवारी शिक्षक अभिभावक संघको हुने व्यवस्था मिलाइएको छ । सामाजिक परीक्षणका प्रतिवेदनहरु विद्यालयको अनुदान दिने निकायसँग सम्बद्ध गरिएकाले यी प्रतिवेदनहरु अनिवार्य ठानिएका छन् (शिक्षा विभाग, २०६३) ।

वाग्ले र साथीहरु (२०५३) ले तयार पार्नु भएको वि.एड्. दिग्दर्शनका अनुसार विद्यालय आफैंले आफ्नो विद्यालयको हरेक आर्थिक वर्षको बजेट तयार गर्नुपर्छ । प्रधानाध्यापकले बजेट तयार गर्दा विद्यालय रहेको समुदायका वुद्धिजिवी, विषेशज्ञ, शिक्षक र अभिभावकहरुलाई संलग्न गराई व्यापक छलफल र अन्तरक्रिया गराई विद्यालय बजेट तयार गर्नुपर्छ र विद्यालय व्यवस्थापन समितिबाट पारित गराई कार्यान्वयन गर्नुपर्छ । प्रधानाध्यापकले विद्यालयको आम्दानी खर्चको रीतपूर्वक बीलभर्पाई र आवश्यक कागजात सहित खर्च गरेको अभिलेख खडा गरी प्रमाणित गरिराख्नुपर्छ । विद्यालयमा भएका आम्दानी खर्चको हरेक वर्ष जि.शि.का.ले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गर्नुपर्छ । हरेक प्रधानाध्यापकले विद्यालय वार्षिक बजेट

बनाई विद्यालयको शैक्षिक उन्नयनमा खर्च गर्नुपर्छ । यसरी अभिभावकहरुको प्रत्यक्ष संलग्नतामा बजेट निर्माण गरी शैक्षिक उन्नयनमा खर्च गरी सो को सार्वजनिक गरेमा अभिभावकहरुको सहयोग विद्यालयहरुले सदैव प्राप्त गर्दछ (आठराई पुस्तक भण्डार, २०५३) ।

विद्यालयमा शिक्षाको प्रस्तावित कार्यनीति तथा कार्ययोजनाको अवधारणापत्र (२०५८) अनुसार सरकारले विद्यालयहरुलाई आफू खुसी र एकतर्फी ढंगले शुल्क निर्धारण छुट दिन नहुने, विद्यालयको भौतिक तथा शैक्षिक क्षमता र सम्भाव्यतालाई आँकलन गरी शुल्कका आधार र सीमा तोकिनु पर्ने, जुन प्रयोजनमा शुल्क उठाइएको हो, सोही शीर्षकमा खर्च गर्नुपर्ने, शुल्क निर्धारण गर्दा लागत खर्चलाई मापदण्ड बनाउनुपर्ने, हिसाब किताबको पारदर्शी अभिलेख राख्नुपर्ने र समय समयमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्छ । आर्थिक पारदर्शिताका लागि सबैलाई स्वीकार्य लेखाप्रणाली (Generally Accepted Accounting Principle) को सबै प्रकारका विद्यालय र शैक्षिक निकायहरुले अवलम्बन गर्नुपर्छ । आयव्ययलाई सार्वजनिक गर्ने नीति अवलम्बन गर्नुपर्छ । विद्यालयको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका विवरणहरुप्रति प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु पूर्ण रुपमा जबाफदेही हुनुपर्छ । विद्यालयको आर्थिक पारदर्शिताका लागि कानुनी व्यवस्था गरी लागू गर्नुपर्छ । आर्थिक पारदर्शिताका आधारहरु शिक्षा नियमावलीमा व्यवस्था गर्न शिक्षा मन्त्रालयले पहल गर्नुपर्छ (मकालु बुक्स एण्ड स्टेसनर्स, २०५८) ।

खड्का (२०६२) ले तयार पार्नु भएको व्यवस्थापनका सिद्धान्त अनुसार व्यावसायिक संगठनहरुले आफ्ना ग्राहक, कर्मचारी, समाज, लगानीकर्ता तथा राष्ट्रप्रति उत्तरदायित्व पूरा गर्न गरिने सामाजिक कल्याणसँग सम्बन्धित गतिविधि र क्रियाकलापहरुको गरिने मूल्याङ्कन नै सामाजिक परीक्षण हो । सामाजिक उत्तरदायित्वका क्षेत्रमा नियोजित लक्ष्य प्राप्त गर्नका लागि गरेका कार्यहरुको मूल्याङ्कन गर्ने गर्नुपर्छ । सामाजिक परीक्षण आर्थिक पक्षको लेखापरीक्षण भन्दा फरक छ । यसले व्यावसायिक कार्य सम्पादनको क्रमवद्ध अध्ययन तथा मूल्याङ्कन गर्दछ । सामाजिक परीक्षण गर्नुको उद्देश्य संगठनात्मक कार्यको तस्वीर प्राप्त गर्नु, विभिन्न दृष्टिकोणबाट सवल र दुर्वल पक्षहरु निर्धारण गर्नु र सबै पक्षबाट संगठनात्मक कार्य सम्पादनको मूल्याङ्कन गर्नु हो । सामाजिक परीक्षणले समाजप्रति गर्नुपर्ने उत्तरदायित्वलाई पूरा गर्न प्रेरित गर्दछ । सामाजिक कार्यसम्पादनप्रति सजग रहने, विभिन्न कार्यक्रमहरुको तुलना गर्ने

र लागत लाभ विश्लेषण गर्ने उद्देश्यले सामाजिक परीक्षण गरिन्छ । सामाजिक परीक्षण व्यावसायिक जगतमा ऐच्छिक भएपनि शैक्षिक संस्थाहरुमा अनिवार्य गर्नु उत्तम मानिन्छ (व्यवस्थापनका सिद्धान्तहरु, २०६२) ।

लेखापरीक्षण ऐन (२०४८) अनुसार लेखापरीक्षकले कुनै पनि सरकारी संघ, संस्था र कार्यालयको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी स्वीकृत विनियोजित रकमहरु सम्बन्धित शीर्षक अन्तर्गत खर्च भए नभएको, लेखा राख्दा प्रचलित कानुनको अनुसरण गरे नगरेको, सरकारी सम्पत्तिको लगत दुरुस्त र अध्यावधिक भए नभएको, नगदी, जिन्सी र अन्य सरकारी सम्पतिको हानी नोक्सानी वा दूरुपयोग आदि कुराको परीक्षण गर्नुपर्छ ।

विद्यालयहरुको सामाजिक परीक्षण निर्देशिका (२०६५) अनुसार प्रत्येक सामुदायिक विद्यालयहरुले प्रत्येक वर्ष सामाजिक परीक्षण अनिवार्य रुपमा गर्नुपर्छ । प्रत्येक आ.व.को अघिल्लो वर्षको सामाजिक परीक्षण प्रतिवेदनले सुझाव गरेको कुराहरु के कति कार्यान्वयन भए वा भएनन्, विद्यालयको समग्र भौतिक, शैक्षिक र आर्थिक अवस्था, छात्र-छात्रा अनुपात, विद्यार्थी शिक्षक अनुपात, शिक्षक उपस्थिति आदि सूचकहरुका आधारमा सामाजिक परीक्षण गरिन्छ । सामाजिक परीक्षण प्रत्येक आ.व.को भाद्र मसान्तभित्र सम्पन्न गरी अभिभावक भेलामा सार्वजनिक गर्नुपर्छ । असोज १५ गते भित्र सम्बन्धित विद्यालय निरीक्षक वा स्रोतव्यक्तिलाई उक्त प्रतिवेदन बुझाउनु पर्छ । विद्यालय निरीक्षक वा स्रोतव्यक्तिले आफूकहाँ प्राप्त भएको सामाजिक परीक्षण प्रतिवेदन कार्तिक १५ गते भित्र जिल्ला शिक्षा कार्यालयमा पेश गर्नुपर्छ । जिल्ला शिक्षा कार्यालयले जिल्लाभरिका सबै विद्यालयको सामाजिक परीक्षणको अभिलेख राखी पौष मसान्तभित्र क्षेत्रीय शिक्षा निर्देशनालयमा र विभागमा पठाउनु पर्छ । अन्तमा शिक्षा विभागले विद्यालयहरुको वास्तविक स्थिति झल्कने गरी सामाजिक परीक्षण सम्बन्धी अन्तिम प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्छ । सामाजिक परीक्षण अहिले सबै सामुदायिक विद्यालयहरुमा कानुनमा व्यवस्था गरी अनिवार्य गरिएको छ । सामाजिक परीक्षण गर्न शिक्षक अभिभावक संघको अध्यक्षको संयोजकत्वमा अभिभावक मध्ये कम्तिमा एक जना महिला पर्ने गरी दुई जना, सम्बन्धित वडाको वडा अध्यक्ष एक जना, शिक्षक अभिभावक संघले तोकेको वुद्धिजिवी मध्ये एक जना र प्रधानाध्यापकले सदस्य सचिवको रुपमा तोकेको एकजना शिक्षक

गरी ६ सदस्यीय सामाजिक परीक्षण समिति रहने कानुनी व्यवस्था गरेको छ (जिल्ला शिक्षा कार्यालय मोरङ, २०६५) ।

अधिकारी (२०६५) ले तयार गर्नुभएको विद्यालयमा सामुदायिक सहभागिता गुणात्मक शिक्षाका लागि आवश्यकताका अनुसार विद्यालय र समाज एक अर्काका अभिन्न अंग हुन् । विद्यालयविना समाजको विकास सम्भव छैन भने समाजविनाको विद्यालय पानीविनाको माछा जस्तै हुन्छ । विद्यालय र समाज एउटै सिक्काका दुईवटा पाटा हुन् । समाजको भविष्य शिक्षामा निर्भर हुन्छ । शिक्षाले समाज र बालबालिकाको भविष्य निर्धारण गर्दछ । शिक्षाले ज्ञानको क्षितिज फराकिलो बनाउँछ । त्यसकाण शिक्षाको विकासका लागि समुदायको सहभागिता वृद्धि गर्न जरुरी छ । अभिभावकहरुको संलग्नता र समुदायको सहभागिता विद्यालय प्रभावकारिता र शैक्षिक गुणस्तर निर्धारणका तत्वहरु हुन् । वर्तमान परिप्रेक्ष्यमा आर्थिक स्रोत जुटाउन, शिक्षक अनुपस्थितिलाई कमी गर्न, विद्यालय सुशासनमा उत्तरदायित्व वृद्धि गर्न, जीवन उपयोगी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न, विद्यालय समुदायको सम्पत्ति हो भन्ने भावना जागृत गर्न विद्यालयमा अभिभावकहरुको संलग्नता र समुदायको सहभागिता अति आवश्यक भएको छ । विद्यालयमा हुने शैक्षिक, भौतिक र आर्थिक पारदर्शिताले अभिभावकहरुको संलग्नतामा वृद्धि गर्न मद्दत पुऱ्याउँछ । जबसम्म विद्यालयमा हुने गतिविधि र क्रियाकलापहरु अभिभावक र समुदायमा सार्वजनिक गरिदैन, तबसम्म समुदायको विद्यालयप्रतिको सहभागितामा वृद्धि गर्न सकिदैन । समुदायको सहभागिता वृद्धिले समुदायका पिछडिएका वर्गका बालबालिका र छात्राहरुको भर्ना वृद्धि गर्न, विद्यार्थीहरुको नियमित उपस्थितिमा वृद्धि गर्न, विद्यालय व्यवस्थापनमा सरोकारवालाहरुको संलग्नता वृद्धि गर्न, विद्यालय गतिविधिको अनुगमन र सुपरीवेक्षण प्रभावकारी बनाउन, शैक्षिक समस्याहरु पहिचान र निराकरण गर्न सहयोग पुऱ्याउँछ (अधिकारी र साथीहरु, २०६५) ।

तिमिल्सिना, बलरामले तयार गर्नु भएको विद्यालय व्यवस्थापनमा सामुदायिक सहभागिता, आवश्यकता र चुनौतीहरुका अनुसार विद्यालय सामाजिक अस्तित्व भएको संस्था हो, जसले समुदायको आवश्यकता पूरा गर्दछ । समुदायका अभिभावकहरु विद्यालयका सरोकारवालाहरु हुन् । विद्यालयमा योजना निर्माण, व्यवस्थापन र अनुगमन सुपरीवेक्षणका लागि समुदायको सहभागिता आवश्यक छ । सामुदायिक सहभागिताबाट मात्र विद्यालयले निर्धारित

उपलब्धि हासिल गर्न सक्छ । राजनैतिक हस्तक्षेप नहुने हो भने निर्वाचन प्रणालीबाट बन्ने विद्यालय व्यवस्थापन समितिमा समुदायका ख्यातिप्राप्त, अनुभवी, दक्ष र क्षमतावान व्यक्तिहरु निर्वाचित भई विद्यालयलाई समुदायको चाहना अनुसार क्रियासिल बनाउन सकिन्छ । अहिले विश्वका धेरै मुलुकहरुमा विभिन्न खाले समस्या र चुनौतीको वावजुद विद्यालयमा स्थानीय समुदायको संलग्नता बढाउन खोजेको पाइन्छ । विद्यालयमा स्थानीय सरोकारवालाहरुको सहभागिताले स्थानीय पाठ्यक्रम निर्माण, विद्यालय योजना निर्माण, व्यवस्थापकीय निर्णय, नियन्त्रण प्रणालीमा चासो वृद्धि हुन्छ जसले गर्दा शैक्षिक प्रणाली र शैक्षिक गुणस्तरमा सुधार आउँछ । निर्णयमा सामुदायिक स्वायत्तता, प्र.अ.लाई अधिकार सम्पन्न बनाउने हो भने विद्यालय शिक्षा प्रणालीमा केही न केही परिवर्तन आउन सक्छ । विद्यालयप्रति सामूहिक उत्तरदायित्व वहन गर्न, सामुहिक निर्णय गर्न, विद्यालय अभिभावक सम्बन्ध विस्तार गर्न, स्थानीय अभिभावकहरुको विद्यालय व्यवस्थापनमा पहुँच वृद्धि गर्न, अभिभावकहरुलाई सशक्तिकृत गर्न, शिक्षण संस्थाहरुलाई प्रतिस्पर्धी बनाउन, स्वामित्वभावको विकास गर्न, शिक्षाको गुणस्तर अभिवृद्धि गर्न, विद्यार्थी उपलब्धिमा सुधार गर्न अभिभावक संलग्नता अति आवश्यक पक्ष हो । सामुदायिक सहभागिताका लागि समुदायका सबै वर्ग, जात, जाति, धर्म, संस्कृतिका व्यक्तिहरुलाई संलग्न गराउन नसक्नु, ऐन नियमहरुको प्रभावकारी कार्यान्वयन नहुनु, अनुगमन र सुपरीवेक्षण प्रभावकारी नहुनु, दण्ड र पुरस्कारको व्यवस्था नहुनु, व्यवस्थापकीय पारदर्शिता नहुनु नै विद्यमान समस्या र चुनौतीहरु हुन् (अधिकारी र साथीहरु, २०६५) ।

गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापनका अनुसार विद्यालयको आर्थिक, शैक्षिक र भौतिक पक्षको पारदर्शिताबाट अभिभावकहरुबाट सल्लाह र सुझाव प्राप्त हुन्छ । त्यसलाई आगामी कार्ययोजनामा समावेश गरी अर्को वर्ष सुधार गर्न सकिन्छ । विद्यालयका प्रधानाध्यापकले शैक्षिक, भौतिक र आर्थिक प्रगतिको अभिलेखलाई चार्टमा उल्लेख गरी कार्यालय कक्षमा राख्नुपर्छ । विद्यालयका क्रियाकलापको पारदर्शिता भन्नाले स्रोत र साधनको वितरणको आधारहरु खुल्ला गर्ने, हरेक कार्यक्रम तथा स्रोत साधनको बारेमा सरोकारवालालाई वास्तविक जानकारी दिने, सहभागितामूलक अनुगमन कार्ययोजना बनाउने र सूचना प्रणालीलाई सहज एवं प्रभावकारी बनाउने बुझिन्छ (नेपाल सरकार, शिक्षा मन्त्रालय) ।

समुदायमा आधारित विद्यालय र कलेजहरु गैरव्यापारिक संस्था हुन । यस्ता गैरव्यापारिक संस्थाको उद्देश्य नाफा कमाउनु नभई सामाजिक र मानवीय कल्याणका कार्य गर्नुका साथसाथै सेवा उपलब्ध गराउनु हो । यस्ता सेवात्मक भावनाले प्रेरित संस्थाहरुमा पनि आर्थिक कारोवारहरु हुने गर्दछ । यी संस्थाहरुको आम्दानीको स्रोतहरुमा शुल्क, अनुदान, दान, इच्छापत्र, पुराना सम्पत्ति विक्रिवाट प्राप्त आम्दानी आदि रहेका हुन्छन् भने खर्चमा तलव, भत्ता, विद्युत, संचार, खेलकुद, टेलिफोन, छात्रवृत्ति, विमाशुल्क, स्टेशनरी आदि रहेका हुन्छन् । त्यस्ता आम्दानी खर्चको व्यवस्थित, वैज्ञानिक र पारदर्शी अभिलेख राख्नुपर्छ । आफ्नो संस्थाको आम्दानी खर्चको अवस्था थाहा पाउन, लिन र दिन पर्ने आर्थिक कारोवारहरुको अवस्था पहिचान गर्न, सम्पति र दायित्वको अवस्था थाहा पाउन, आर्थिक विवरणहरु सरोकारवालाहरु समक्ष प्रस्तुत गर्न भएका आर्थिक कारोवारहरुलाई दोहोरो लेखाप्रणालीको सिद्धान्तमा आधारित भएर पारदर्शी र वैज्ञानिक अभिलेख राख्नुका साथसाथै वित्तीय लेखापरीक्षण र सामाजिक परीक्षण समेत गर्नुपर्छ (श्रेष्ठ,अमृतलाल र साथीहरु, २०६५) ।

विद्यालयमा लेखा व्यवस्थाका अनुसार विद्यालयमा चल अचल सम्पत्तिहरु हुन्छन् । विद्यालयको आम्दानीको स्रोत र खर्च गर्ने शीर्षकहरु थुप्रै हुन्छन् । आम्दानीका स्थायी र अस्थायी स्रोतहरु हुन्छन् भने खर्च पनि नियमित र आकस्मिक प्रकृतिको हुन्छ । आम्दानी र खर्चलाई व्यवस्थित र पारदर्शी बनाउन सके सिकाई क्रियाकलाप प्रभावकारी, उपलब्धि वृद्धि, शैक्षिक गुणस्तर वृद्धि, विद्यालय व्यवस्थापनमा स्थानीय अभिभावकको चासोमा वृद्धि हुन्छ । विद्यालयको सामाजिक परीक्षण आम्दानीका स्रोतहरु थाहा पाउन, खर्चको अवस्था थाहा पाउन, खर्चका प्रक्रिया र आर्थिक अवस्थाको जानकारी प्राप्त गर्न गरिन्छ । विद्यालयले एक निश्चित अवधि भित्र गरेका आर्थिक, शैक्षिक र भौतिक प्रगतिको अवस्था सरोकारवालालाई जानकारी गराउनु र देखिएका कमी कमजोरीहरु हटाउन सुझाव समेत दिनु सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षणले समुदायका व्यक्तिहरुलाई विद्यालयमा संचालित कार्यक्रमको प्रक्रिया र आम्दानी खर्चको विस्तृत विवरणको जानकारी दिन्छ । विद्यालय कार्यक्रम सम्बन्धमा लाभान्वित समूहसँग व्यापक छलफल र अन्तरक्रिया हुन्छ । विद्यालयमा सामाजिक सहभागिता वृद्धि गर्न, लाभान्वित समूहलाई विद्यालय विकासको जिम्मेवारी हाम्रो हो भन्ने भावना जगाउन, विद्यालयको भविष्यको योजनामा सहयोग पुऱ्याउन, सबैमा विश्वासको भावना जागृत गरी

सहभागिता बढाउन, रकम हिनामिना र चुहावट कार्यलाई निरुत्साहित गर्न, सरोकारवालालाई वास्तविकताको जानकारी दिन, भएको स्रोत साधनको उचित प्रयोग गर्न तथा थप स्रोत जुटाउन सामाजिक परीक्षण गरिन्छ । सामाजिक परीक्षणले विद्यालयलाई प्राप्त रकम विद्यालयको वृहत्तर  हितका लागि खर्च भए नभएको, व्यवस्थापन समितिले दिएको अधिकारमा रही प्रचलित नियम अनुसार खर्च भए नभएको, विद्यालयको आर्थिक कारोवार यथार्थ रुपमा देखिने गरी राखे नराखेको, मितव्ययी रुपमा खर्च गरे नगरेको, कसैले रकम हिनामिना गरे नगरेको, पेश्की सापटीको अवस्था र आवश्यक देखिएका अन्य कुराहरु परीक्षण गर्दछ । सामाजिक परीक्षण समितिले दिएको प्रतिवेदन सार्वजनिक गर्नुपर्छ (नेपाल सरकार, शिक्षा मन्त्रालय) ।

शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधन सहित)का अनुसार प्रत्येक विद्यालयका प्र.अ.ले वार्षिक बजेट बनाई वि.व्य.स.बाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्छ । विद्यालयमा खर्च गर्दा वि.व्य.स.बाट निर्णय गरी खर्च गर्ने र सो को व्यवस्थित अभिलेख राख्नुपर्छ । विद्यालयमा खर्च भएका प्रत्येक कारोवारको बीलभर्पाई प्रमाणित गरी राख्नुपर्छ । प्र.अ.ले प्रत्येक वर्ष जि.शि.का.बाट खटाइएका लेखापरीक्षकबाट आर्थिक कारोवारहरुको लेखापरीक्षण गराउनु पर्छ साथै शिक्षक अभिभावक संघको अध्यक्षको संयोजकत्वमा गठन हुने सामाजिक परीक्षण समितिबाट विद्यालयको कामकारवाही ऐन तथा नियमावली बमोजिम भए नभएको एवं निर्धारित लक्ष्य अनुरुप विद्यालय गतिविधि सञ्चालन भए नभएको हेर्न सामाजिक परीक्षण गराउनुपर्छ र उक्त सामाजिक परीक्षणको प्रतिवेदन अभिभावकहरुबीच सार्वजनिक गराई एक प्रति जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्छ (वौद्धिक दर्पण प्रकाशन २०६५) ।

विद्यालयहरुले आर्थिक कारोवारहरुको व्यवस्थित अभिलेख राख्न र आर्थिक कारोवारमा पारदर्शिता अवलम्बन गर्न सकेको खण्डमा विद्यालय व्यवस्थापनमा अभिभावकहरुको संलग्नतामा वृद्धि भई  शैक्षिक गुणस्तरमा समेत अभिवृद्धि हुन जान्छ । तर विद्यालयहरुमा आर्थिक पारदर्शिता नहुने गरेको व्यापक गुनासो छ ।

## २.२ सैद्धान्तिक खाका

सामुदायिक विद्यालयहरुको आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षणको प्रभाव हेर्न  वैज्ञानिक व्यवस्थापनको सिद्धान्त, मानव सम्बन्ध सिद्धान्त र विकेन्द्रीकरणको सिद्धान्त उपयुक्त देखिएकाले उल्लेख गरिएको छ ।

**Tylor, F.W.(1856-1917)** का अनुसार प्रत्येक कामदारको परम्परागत कार्यशैली परिवर्तन गरी वैज्ञानिक बनाउनुपर्छ । वैज्ञानिक ढंगले कामदारको छनौट गरी छानिएका कामदारलाई तालिम दिने तथा दक्षतापूर्वक काम सिकाउनुपर्छ । वैज्ञानिक ढंगबाट काम हुने गरी व्यवस्थापक र कामदारबीच आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता कायम गर्नुपर्छ । कामदार र व्यवस्थापक बीच स्पष्ट कार्य विभाजन गर्नपर्छ । कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हासिल गर्ने ढंगले परिचालन गर्नुपर्छ । कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटी त्याग्नु पर्छ (कोइराला र श्रेष्ठ २०६४ बाट उद्धृत) ।

**Mayo, Elton (1880-1949)** का अनुसार कुनै पनि संगठनमा कार्य गर्नेहरुका बीच राम्रो मानव सम्बन्ध भएमा काम सम्पादन राम्रो, चाँडो, स्तरीय हुने र यसको विपरित राम्रो मानव सम्बन्ध नभएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने गर्दछ । कुनै पनि संगठनमा समूह संचालनका लागि नेतृत्व, उत्प्रेरणा, सहभागिता, सञ्चार, व्यक्तित्व जस्ता मानवीय व्यवहार अपरिहार्य हुन्छ । कर्मचारीका कमी कमजोरी पत्ता लगाउन समन्वय र प्रेरणा प्रदान गर्नुपर्छ । सांगठनिक क्रियाकलापमा सबैलाई सहभागी गराउनु पर्छ । कर्मचारीको दक्षता बढाउन आवश्यक पहल गर्नुपर्छ । दोहोरो र वास्तविक संचार प्रणाली अपनाउनु पर्छ । मानिसहरुलाई दया, माया, ममता, स्नेह, सम्मान र सत्कार आवश्यक हुन्छ । कार्यदक्षता बढाउन सामाजिक दक्षता बढाउनु पर्छ । औपचारिक र अनौपचारिक सबै खाले संगठनलाई महत्व दिनुपर्छ । उत्पादकत्व भन्ने कुरा प्राविधिक पक्ष मात्र नभई सामाजिक पक्ष पनि हो । सामुहिक कार्यबाट मात्र संस्थाको लक्ष्य प्राप्त हुन्छ (कोइराला र श्रेष्ठ २०६४ बाट उद्धृत) ।

**Per Dalin (1998)** का अनुसार विकेन्द्रीकरण भन्नाले केन्द्रमा एकीकृत भएर रहेको अधिकारलाई तल्लो तहसम्म अधिकारको निरुपण गर्नु हो । जसले गर्दा नीति निर्माण गर्ने अधिकार पनि स्थानीय स्तरलाई नै प्राप्त हुन्छ । यसरी नीति निर्माण गर्ने अधिकार समेत उनीहरुलाई हस्तान्तरण गर्नाले विद्यालयमा स्रोत र साधनको समेत समुचित व्यवस्था हुन गई विद्यालयमा शैक्षिक गुणात्मकता आउन सक्छ । विकेन्द्रीकरण निरुपण एउटा कानुनी प्रावधान हो, जो माथिल्लो निकाय वा अधिकारीको इच्छामा निर्भर हुँदैन । यसमा तल्लो निकाय वा अधिकारीले स्वतन्त्र रुपमा कानुनी दायराभित्र रही योजना बनाउने, निर्णय गर्ने, कार्यान्वयन

गर्ने, नीति निर्माण गर्ने र अनुगमन तथा मूल्याङ्कन समेत गर्न पाउँछ ( के.सी.,२०६५ बाट उद्धृत) ।

त्यसैले विद्यालयको आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयका सरोकारवालाहरु प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, समुदायका अभिभावकहरु बीच एक आपसमा स्पष्ट कार्यविभाजन, आपसी सहयोग, मानवीय सम्बन्ध, सञ्चार, समन्वय, उत्प्रेरणा, सहभागिता हुन जरुरी हुन्छ । शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्राविधिक पक्षलाई मात्र ध्यान नदिई सामाजिक पक्षलाई पनि ध्यान दिनुपर्छ । जबसम्म केन्द्रका अधिकारहरुलाई तल्लो तहमा निरुपण गरिदैन र तल्लो तहलाई आर्थिक पारदर्शिताका लागि सक्षम बनाइदैन, तबसम्म विद्यालयको आर्थिक अवस्था कमजोर हुन्छ । कामदारहरुलाई मात्र दोष दिने र आफू उम्कने परिपाटी नत्यागेसम्म विद्यालयको आर्थिक व्यवस्थापन राम्रो र गुणस्तरीय हुँदैन । उल्लेखित पक्षहरुलाई ध्यान दिन सके मात्र आर्थिक पारदर्शिता सम्भव छ ।

## २.३ शैक्षिक उपादेयता

प्रस्तुत सिद्धान्तहरु र साहित्यहरुले सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षणले आर्थिक पारदर्शितामा के कस्तो प्रभाव पारेको छ सो को पहिचान गर्न, आर्थिक पारदर्शिताको प्रभावकारिता हेर्न, विद्यालयको आर्थिक कारोवारहरुको पारदर्शितामा देखिएका समस्याहरु केलाउन र समस्या समाधानका उपायहरु खोजी गर्न सहयोग पुऱ्याएको छ । सामाजिक परीक्षणले विद्यालयका सम्बद्ध पक्षहरु बीच कार्य विभाजन, प्रधानाध्यापकलाई वैज्ञानिक लेखा राख्न तालिम, व्यवस्थापक र सरोकारवालाहरु बीच आत्मीय सम्बन्ध, सहयोग, संचार हुनपर्ने कुरामा जोड दिएको छ । विद्यालयको क्रियाकलापमा सबैलाई सहभागी गराउनुपर्ने कुरामा समेत जोड दिएको छ । विद्यालयहरु प्रभावकारी संचालन र व्यवस्थापनका लागि विकेन्द्रीकरण आवश्यक छ । सरोकारवालाहरुको सहभागिता विद्यालयलाई आवश्यक पर्ने कुरामा प्रस्तुत सिद्धान्त र साहित्यहरुले उल्लेख गरेको छ । आर्थिक कारोवारहरुको पारदर्शिताको अभावमा विद्यालयमा अभिभावकहरुको चासो वृद्धि गर्न सकिदैन, जसले गर्दा शैक्षिक लगानी खेर जानुको साथसाथै शैक्षिक गुणस्तरमा पनि वृद्धि नहुने तथ्यलाई प्रस्तुत साहित्यहरुले उल्लेख गरेको छ । प्रस्तुत साहित्य र सिद्धान्तले सामाजिक परीक्षण कार्यान्वयन गर्ने निकाय, व्यक्ति र संघ संस्था आदिलाई प्रभावकारी कार्यान्वयनका लागि घच्घच्याउन समेत सहयोग पुऱ्याएको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षणको प्रभाव हेर्न परिमाणात्मक ढाँचालाई अवलम्बन गरिएको छ ।

## ३.२ तथ्याङ्क संकलन प्रक्रिया

### ३.२.१ जनसंख्या

प्रस्तुत शोधपत्रका लागि सङ्खुवासभा जिल्लाको चैनपुर स्रोतकेन्द्र अन्तर्गतको चैनपुर, वानेश्वर र खराङ गा.वि.स. भित्रका सबै सामुदायिक प्रा.वि., नि.मा.वि. मा.वि. र उ.मा.वि. गरी ३२ वटा विद्यालयहरु अध्ययनमा संलग्न गराइएको छ ।

### ३.२.२ नमुनाको आकार

यस अध्ययनका लागि स्रोत व्यक्ति १ जना, प्रध्यानाध्यापकहरु १० जना, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु १० जना, शिक्षकहरु १० जना, शिक्षक अभिभावक संघका अध्यक्षहरु १० जना र अभिभावकहरु १० जना छनौट गरिएको छ ।

| क्र.सं. | विद्यालय | वि.व्य.स. | शि.अ.संघ | अभिभावक | शिक्षक | प्र.अ. | स्रोतव्यक्ति |
|---|---|---|---|---|---|---|---|
| १ | प्रा.वि. | ४ | ४ | ४ | ४ | ४ | |
| २ | नि.मा.वि. | १ | १ | १ | १ | १ | |
| ३ | मा.वि. | ३ | ३ | ३ | ३ | ३ | १ |
| ४ | उ.मा.वि. | २ | २ | २ | २ | २ | |
| | जम्मा | १० | १० | १० | १० | १० | १ |

### ३.२.३ नमुना छनौट विधि

यस अध्ययनका लागि वि.व्य.स. पदाधिकारी, शिक्षक अभिभावक संघका अध्यक्ष, प्रधानाध्यापक र स्रोतव्यक्तिका लागि उद्देश्यपूर्ण नमुना र आनुपातिक प्रतिनिधित्व हुने गरी समुह विभाजन विधिद्वारा नमुना छनौट गरिएको छ ।

### ३.२.४ नमुना छनौटको आधार

अध्ययनलाई तथ्यपरक, वस्तुनिष्ठ, र विश्वसनीय बनाउन भौगोलिक दूरी, समावेशीता, जनसाँख्यिकी बनोट आदिलाई आधार मानिएको छ ।

## ३.३ अनुसन्धानका साधनहरु

यस अध्ययनलाई अगाडि बढाउन प्रत्यक्ष सम्पर्क, छलफल, सामुहिक प्रश्नावली प्रयोग गरिएको छ । उक्त साधनहरु अनुसूची १, २, ३, ४, ५, ६, ७ र ८ मा राखिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

यस अध्ययनलाई अगाडि बढाउन प्राथमिक स्रोत अन्तर्गत प्रत्यक्ष सम्पर्क, छलफल र सामुहिक प्रश्नावलीबाट प्राप्त तथ्याङ्क साथै द्वितीय स्रोत अन्तर्गत शोधपत्र, पुस्तक, पत्रपत्रिका, अनुसन्धानात्मक लेख, रचना आदिलाई आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्क विश्लेषण गर्नका लागि उपयुक्त शीर्षकको छनौट गरी तिनको व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

# तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अनुसन्धानमा सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षणको कस्तो प्रभाव छ भनी खोजी गर्ने कार्य भएको छ । अनुसन्धानका लागि प्रत्यक्ष सम्पर्क, छलफल, सामुहिक प्रश्नावली प्रयोग गरी चैनपुर स्रोतकेन्द्रभित्रका ३२ वटा सामुदायिक विद्यालयहरुमध्ये १० वटा सामुदायिक विद्यालयहरुबाट आवश्यक सूचना र तथ्याङ्क लिइएको छ । जसमा ४ वटा प्रा.वि., १ वटा नि.मा.वि., ३ वटा मा.वि. र २ वटा उ.मा.वि. रहेका छन् । अनुसन्धानलाई सकेसम्म भौगोलिक क्षेत्र, तह, जाति र लिङ्ग आदिलाई समेटी समावेशी बनाइएको छ ।

यस अनुसन्धानमा सामुदायिक विद्यालयका सरोकारवालाहरु बीच सामाजिक परीक्षण कार्यान्वयनको वर्तमान अवस्था, सामाजिक परीक्षणको जानकारी, विद्यालयको आर्थिक अभिलेख, प्र.अ.को लेखा राख्ने शैली, सामाजिक परीक्षणको प्रतिवेदन कार्यान्वयनको अवस्था, प्रतिवेदन सार्वजनिकीकरणमा अभिभावकहरुको उपस्थिति, आम्दानी खर्चको विवरण र सुझाव कार्यान्वयनको अवस्था, सामाजिक परीक्षणले आर्थिक पारदर्शितामा पारेको प्रभाव, आर्थिक कारोवारहरुको जबाफदेहिता, प्रतिवेदन सार्वजनिकीकरणको अवस्था, सामाजिक परीक्षणबाट विद्यालय व्यवस्थापनमा जनसहभागिताको अवस्था, आर्थिक पारदर्शिताको सम्भावना, सामाजिक परीक्षण कार्यान्वयनमा देखिएका समस्याहरु र सामाजिक परीक्षणमा देखिएका समस्या समधानका उपायहरु आदि विषयहरुमा प्रत्यक्ष सम्पर्क, छलफल, सामुहिक प्रश्नावलीका माध्यमबाट प्राप्त सूचना, जानकारी र तथ्याङ्कलाई निम्न बुँदाका आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ४.१ सामाजिक परीक्षणको कार्यान्वयनको वर्तमान अवस्था

विद्यालय समुदायका वालवालिकाहरुको भविष्य निर्माण गर्ने थलो हो । विद्यालय समुदायमा रहेको हुन्छ । विद्यालयको आर्थिक, भौतिक र शैक्षिक गतिविधिमा समुदायको प्रत्यक्ष सरोकार रहनुपर्छ । अभिभावकहरुले विद्यालयमा के भइरहेको छ, सोको जानकारी पाउनुपर्छ साथै विद्यालयमा के गर्ने र कसरी गर्ने भन्ने विषयमा समेत अभिभावकहरुको छलफल र

उपस्थिति रहन सकेमा विद्यालयको लक्ष्य र उद्देश्य हासिल गर्न थप टेवा मिल्छ । विद्यालयको योजना तर्जुमा, कार्यान्वयन र प्रतिफल मूल्याङ्कन चरणमा सरोकारवालाहरुलाई संलग्न गराई छलफल चलाउनु, मूल्याङ्कन गर्नु, लेखाजोखा गर्नु, सुझावहरु प्राप्त गरी प्रभावकारी कार्यान्वयन गर्नु, प्रधानाध्यापकहरुले समय सापेक्ष आफ्ना कार्यशैलीहरु परिवर्तन गर्दै जानु, सूचना र संचार प्रभावकारी बनाउनु, विद्यालय सुसंचालनमा समुदायले अग्रणी भूमिका खेल्न सक्ने क्षमताको विकास गर्नु, शैक्षिक उत्पादकत्व प्राविधिक पक्ष मात्र होइन, सामाजिक पक्ष पनि हो भन्ने भावना जागृत गर्नु, विद्यालय संचालन सम्बन्धी योजना निर्माण र नीति निर्माण जस्ता पक्षमा स्थानीय समुदायलाई सशक्तिकृत गर्नु र शैक्षिक उत्पादनलाई गुणात्मक बनाउन मद्दत पुऱ्याउनु सामाजिक परीक्षणको मूलभूत आशय हो ।

शैक्षिक कार्यक्रमको लक्षित समूह विद्यार्थीहरु हुन् । विद्यार्थीको शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी बनाउन भौतिक र आर्थिक पक्ष सुदृढ हुनुपर्छ । विद्यालयको भौतिक र आर्थिक पक्ष मजवुत बनाउन स्थानीय समुदाय क्रियाशिल हुनुपर्छ । स्थानीय समुदायको क्रियाशिलताले शैक्षिक गुणस्तर अभिवृद्धिमा अप्रत्यक्ष रुपमा टेवा पुऱ्याउँछ । तसर्थ शिक्षा नियमावली २०५९ (संशोधन सहित)को नियम १७१क र सामाजिक परीक्षण गर्ने सम्बन्धी निर्देशिका २०६५ अनुसार सामुदायिक विद्यालयहरुमा एक बर्षभरि भएका सम्पूर्ण गतिविधिहरुको लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कामको सुरुवात शै.स. २०६३ देखि भएको छ । सामाजिक परीक्षणको वर्तमान अवस्था कस्तो छ भनी सरोकारवालाहरुसँग गरिएको शोधप्रश्नका आधारमा प्राप्त प्रतिक्रियालाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ४.१.१ सामाजिक परीक्षणको जानकारी

सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण लागू भएको धेरै बर्ष भएको छैन । सामाजिक परीक्षणको जानकारी सरोकारवालाहरुलाई जबसम्म हुदैन, तबसम्म सामाजिक परीक्षण प्रभावकारी हुन सक्दैन । सामाजिक परीक्षणले आर्थिक पक्षको विस्तृत रुपमा लेखाजोखा र विश्लेषण गर्ने गर्दछ । अध्ययन क्षेत्रका विद्यालयहरुका सरोकारवालाहरुलाई सामाजिक परीक्षणको जानकारी छ, छैन भनी खोजी गर्न अनुसूची १, २, ३, ४, ५ र ६ मा संलग्न प्रश्नावलीको आधारमा प्राप्त प्रतिक्रियाहरुलाई तालिकामा निम्नानुसार प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिकाः १

सामाजिक परीक्षणको जानकारी

| क्र. सं | सरोकारवालाहरु | जम्मा संख्या | पूरै जानकारी नभएको | | अलिअलि जानकारी भएको | | पूरै जानकारी भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | वि.व्य.स. | १० | - | - | १ | १०% | ९ | ९०% |
| २ | शि.अ.संघ | १० | - | - | ४ | ४०% | ६ | ६०% |
| ३ | अभिभावक | १० | ३ | ३०% | ३ | ३०% | ४ | ४०% |
| ४ | शिक्षक | १० | - | - | २ | २०% | ८ | ८०% |
| ५ | प्रधानाध्यापक | १० | - | - | - | - | १० | १००% |
| ६ | स्रोत व्यक्ति | १ | - | - | - | - | १ | १००% |
| | जम्मा | ५१ | ३ | ६% | १० | २०% | ३८ | ७४% |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका विश्लेषण गर्दा हाल सामुदायिक विद्यालयहरुमा कार्यान्वयन भैरहेको सामाजिक परीक्षणको जानकारी विद्यालय व्यवस्थापन समितिका पदाधिकारीमध्ये ९०% लाई, शिक्षक अभिभावक संघका अध्यक्षहरुमध्ये ६०% लाई, अभिभावकहरुमध्ये ४०% लाई, शिक्षकहरु मध्ये ८०% लाई, प्रधानाध्यापक र स्रोतव्यक्तिहरु सतप्रतिशतलाई राम्रो जानकारी रहेको पाइएको छ । अभिभावकहरुमध्ये ३०% लाई सामाजिक परीक्षणको पूरै जानकारी नभएको, शिक्षक अभिभावक संघका अध्यक्षहरुमध्ये ४०% लाई र अभिभावकहरुमध्ये ३०% लाई सामाजिक परीक्षणको अलि अलि मात्र जानकारी रहेको प्रस्तुत तथ्याङ्कले प्रष्ट्याएको छ ।

सरदर ७४% सरोकारवालाहरुलाई सामाजिक परीक्षणको जानकारी रहेको पाइयो । व्यवस्थापन सम्बन्धी मानव सम्बन्ध सिद्धान्तले संगठनमा काम गर्नेहरुका बीच प्रभावकारी संचार र समन्वय हुनुपर्नेमा जोड दिए तापनि विद्यालय सरोकारवालाहरुलाई सम्बन्धित निकायहरुबाट सामाजिक परीक्षणको सम्बन्धमा कुनै किसिमको तालिम, गोष्ठी दिएर संचार र समन्वय प्रभावकारी बनाइएको पाइएन । सरोकारवालाहरु सबैलाई सामाजिक परीक्षण सम्बन्धमा तालिम र गोष्ठीद्वारा सुसुचित गर्नुपर्ने देखिन्छ ।

## ४.१.२ विद्यालयको आर्थिक अभिलेख

अध्ययन क्षेत्रका विद्यालयहरुमा आर्थिक अभिलेख राख्ने कार्य कसले गर्दछन् भनी खोजी गर्न प्र.अ.हरुसँग अनुसूची ४ मा संलग्न प्रश्नावलीको प्रयोग गरी अध्ययन गर्दा निम्नानुसारका प्रतिक्रिया प्राप्त भएको छ ।

तालिकाः २

विद्यालयको आर्थिक अभिलेख

| क्र.सं. | आम्दानी खर्चको अभिलेखको काम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्र.अ. | ९ | ९०% |
| २ | शिक्षक | - | - |
| ३ | वि.व्य.स. | - | - |
| ४ | लेखापाल | १ | १०% |
| | जम्मा | १० | १००% |

स्रोतःस्थलगत सर्वेक्षण, २०६७

माथिको तालिकावाट के पुष्टि भएको छ भने ९०% विद्यालयहरुमा प्र.अ.द्वारा आर्थिक कारोवारको अभिलेख राखिन्छ र १०% विद्यालयमा मात्र लेखापालद्वारा लेखा राख्ने गरेको पाइन्छ । विद्यालयमा विभिन्न स्रोतवाट आम्दानी हुन्छ भने थुप्रै शीर्षकमा खर्च पनि हुन्छ । त्यस्ता आम्दानी खर्चको सुव्यवस्थित, वैज्ञानिक र पारदर्शी अभिलेख राख्ने काम प्र.अ.को हुने व्यवस्था शिक्षा नियमावली २०५९ (संशोधन सहित)ले गरेको छ । विद्यालयमा भएका आम्दानी खर्च समयमै सरोकारवालाका बीच सार्वजनिक गर्ने दायित्व पनि प्र. अ.को नै हो । विद्यालयमा लेखापालको दरबन्दी नभएकोले प्र.अ.ले नै लेखा राख्ने गरेको पाइएको छ । तर केही विद्यालयमा निजी स्रोतवाट लेखापाल नियुक्ति गरी लेखा राख्ने कामको जिम्मेवारी दिइएको छ । लेखापाल भएका विद्यालय प्रायः मा.वि. र उ.मा.वि. रहेका छन् । प्र.अ.ले विद्यालयको थुप्रै शैक्षिक, भौतिक र सामाजिक पक्षमा ध्यान दिनु पर्ने र लेखा राख्ने कार्य प्राविधिक भएकोले लेखा राख्ने कार्यका लागि लेखापाल नै उपयुक्त देखिन्छ । विकेन्द्रीकरणको सिद्धान्त अनुसार विद्यालय सुसंचालनका लागि स्थानीय समुदायलाई नै वित्तीय अधिकार, अनुगमन र सुपरिवेक्षणको अधिकार प्रदान गर्नुपर्छ भनी व्याख्या गरिएको छ तर व्यवहारमा त्यस्तो पाइएन ।

### ४.१.३ प्रधानाध्यापकको लेखा राख्ने शैली

सामुदायिक विद्यालयहरुमा आम्दानी खर्च गर्ने र सो को अभिलेख राख्ने प्र.अ. वा लेखापालको आर्थिक कारोवारको लेखा अभिलेख राख्ने कार्यशैली कस्तो छ भनी अध्ययन क्षेत्रका विद्यालयहरुमा खोजी गर्न प्र.अ.हरुसँग अनुसूची ४ मा संलग्न प्रश्नावलीहरुको प्रयोग गरी अध्ययन गर्दा निम्नानुसारको प्रतिक्रिया प्राप्त भएको छ ।

तालिकाः ३

लेखा राख्ने शैली

| क्र.सं. | लेखा राख्ने शैली | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परागत | २ | २०% |
| २ | वैज्ञानिक | १ | १०% |
| ३ | सुधारिएको | ७ | ७०% |
| ४ | थाहा छैन | - | - |
| | जम्मा | १० | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिकालाई विश्लेषण गर्दा अधिकांश सामुदायिक विद्यालयहरुमा आम्दानी खर्चको अभिलेख सुव्यवस्थित, वैज्ञानिक र पारदर्शी तरिकाले राखेको पाइएन । दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरुप डे. र क्रे. का आधारमा लेखा राख्ने विद्यालयहरु १०% मात्र पाइएको छ । दोहोरो लेखा प्रणालीको सिद्धान्तलाई अवलम्बन गर्ने विद्यालयहरुमा मा.वि. र उ.मा.वि. रहेका छन् । २०% विद्यालयहरुमा अत्यन्त पुरानो, अवैज्ञानिक, अव्यवस्थित र अपारदर्शी लेखा विधि अपनाइएको छ । ७०% विद्यालयहरुले केही सुधारिएको लेखाप्रणाली अपनाइएको पाइयो । प्र.अ.हरुको लेखा राख्ने शैलीमा वैज्ञानिकता आउन सकेको छैन । प्र.अ.हरुमा वैज्ञानिक लेखा राख्ने ज्ञान र सीपका अभावमा पनि लेखा राख्ने काममा सुधार आउन सकेको छैन । यी विद्यालयहरुले एकोहोरो लेखाप्रणाली भए पनि केही सुधारिएको र थोरै भए पनि वैज्ञानिक एवं पारदर्शी फारमहरुको प्रयोग गरी लेखा राख्ने गरेको पाइएको छ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार प्रत्येक कामदारको परम्परागत कार्यशैली परिवर्तन

गरी वैज्ञानिक बनाउनु पर्छ भनिए तापनि प्रधानाध्यापक र लेखापालहरुको लेखा राख्ने शैलीमा परिवर्तन आउन सकेको पाइएन ।

### ४.१.४ सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था

सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण कार्यान्वयन हुन थालेपछि सोको प्रतिवेदन कार्यान्वयनको अवस्था कस्तो छ भनी अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुमा अनुसन्धान गर्न अनुसूची २ र ३ मा उल्लेखित प्रश्नहरु शिक्षक अभिभावक संघका अध्यक्ष र वि.व्य.स.का पदाधिकारीहरुसँग गर्दा निम्नानुसारको प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका: ४

सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था

| क.सं. | सा.प.कार्यान्वयनको अवस्था | वि.व्य.स. | शि.अ.संघ | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | गर्छन् | ३ | २ | ५ | २५% |
| २ | गर्दैनन् | ३ | ४ | ७ | ३५% |
| ३ | आंशिक | ३ | ३ | ६ | ३०% |
| ४ | थाहा छैन | १ | १ | २ | १०% |
| | जम्मा | १० | १० | २० | १००% |

स्रोत: स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिकाले के स्पष्ट गर्छ भने २५% वि.व्य.स.र शि.अ.संघका पदाधिकारीहरुले विद्यालयमा सामाजिक परीक्षणको प्रतिवेदन कार्यान्वयन हुने गरेको बताएका छन् भने ३५% पदाधिकारीहरुले कार्यान्वयन नहुने गरेको बताएका छन् । ३०% ले आंशिक रुपमा हुने र १०% ले थाहा नभएको बताएका छन् । शै.स.२०६३ देखि सामाजिक परीक्षणलाई जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रले अनिवार्य गरेपछि उक्त परीक्षण नगर्ने विद्यालयले जि.शि.का.बाट पाउने तलव भत्ता लगायतका अनुदान रकम निकासा नहुने भएकाले प्राय: सबै विद्यालयहरुले औपचारिकताका लागि मात्र भए पनि सामाजिक परीक्षण गर्ने गरेको पाइएको छ । हरेक आ.व. सुरु भएपछि भाद्र महिनामा प्र.अ.हरुले छापाखानाबाट छापिएको सामाजिक परीक्षणको फाराम किनी शिक्षा नियमावली २०५९ (संशोधन सहित)को नियम १७१क बमोजिम सामाजिक परीक्षण

समिति गठन गरी प्र.अ.आफैले फाराम भर्ने काम गरी समितिका पदाधिकारी एवं सदस्यहरुलाई हस्ताक्षर गराई स्रोतकेन्द्रमा बुझाउने गरेको पाइन्छ । केही विद्यालयहरुमा भने सामाजिक परीक्षण समितिले विद्यालयको सबै पक्षको सघन रुपमा लेखाजोखा गर्ने, मूल्याङ्कन गर्ने र विषेश गरी आर्थिक पक्षको सम्पूर्ण हिसाब किताब परीक्षण गरी त्यसमा देखिएका कमीकमजोरीहरु सच्याउन प्रधानाध्यापकलाई सुझाव पनि दिने गरेका छन् । वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार वैज्ञानिक ढंगले कामदारको छनौट गरी छानिएका कामदारलाई तालिम दिने र दक्षतापूर्वक काम सिकाउनु पर्छ भनिएता पनि त्यस्तो भने पाइएन ।

### ४.१.५ प्रतिवेदनको सार्वजनिकीकरणमा अभिभावकहरुको उपस्थिति

सामाजिक परीक्षणपछि सोको प्रतिवेदन सार्वजनिक गर्ने दिन अभिभावकहरुको उपस्थितिको अवस्था खोजी गर्न अध्ययन क्षेत्रका विद्यालयहरुको अभिभावकहरुसँग अनुसूची १ मा संलग्न प्रश्नावलीका आधारमा निम्नानुसार प्रतिक्रिया प्राप्त भएको छ ।

तालिकाः ५

प्रतिवेदनको सार्वजनिकीकरणमा सरोकारवालाहरुको उपस्थिति

| क्र.सं. | अभिभावकहरुको प्रतिक्रिया | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जान्छु | ५ | ५०% |
| २ | जान्न | १ | १०% |
| ३ | बोलाउदैनन् | ३ | ३०% |
| ४ | भ्याउँदिन | १ | १०% |
| | जम्मा | १० | १००% |

स्रोतःस्थलगत सर्वेक्षण, २०६७

माथिको तालिकाले विद्यालयमा सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक गर्ने दिन ५०% अभिभावकहरु विद्यालय जाने गरेको, ३०% अभिभावकहरुले विद्यालयले नबोलाउने गरेको, १०% अभिभावकहरु नजाने गरेको र १०% अभिभावकहरुले नभ्याउने गरेको प्रष्ट पारेको छ । विद्यालयहरुको गतिविधि र क्रियाकलापहरुमा अभिभावकहरु कम नै आउने गर्छन् । विशेष अवसरहरुमा मात्र अभिभावकहरु विद्यालय आउछन् । विकेन्द्रीकरणको सिद्धान्त अनुसार योजना निर्माण, नीति निर्माण, निर्णय, अनुगमन, सुपरीवेक्षण जस्ता विषयहरुमा कानुनी व्यवस्था गरी

स्थानीय निकाय वा अधिकारीलाई स्वतन्त्र रुपवाट काम गर्ने वातावरण सिर्जना गर्न सक्दा विद्यालय गतिविधिमा सरोकारवालाहरुको सघन उपस्थिति रहन्छ भनी उल्लेख गरिएता पनि व्यवहारमा त्यस्तो पाइएन ।

### ४.१.६ आम्दानी खर्चको विवरण

विद्यालयका प्रधानाध्यापकहरुले एक आ.व. भित्र भएका आम्दानी खर्चको विवरण वनाई राख्छन् वा राख्दैनन् भनी अध्ययन क्षेत्रका विद्यालयहरुमा अनुसूची ४ मा संलग्न प्रश्नावलीका आधारमा खोजी गर्दा निम्नानुसार प्रतिक्रिया प्राप्त भएको छ ।

तालिकाः ६

आम्दानी खर्चको विवरण

| क.सं. | आम्दानी खर्चको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राख्छु | २ | २०% |
| २ | राख्दिन | ६ | ६०% |
| ३ | भ्याउँदिन | - | - |
| ४ | थाहा छैन | २ | २०% |
| | जम्मा | १० | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकालाई अध्ययन गर्दा ६०% प्र.अ.हरुले आफ्नो कार्य कक्षमा आम्दानी खर्चको विवरण नराखेको, २०% प्र.अ.हरुले आम्दानी खर्चको विवरण राख्ने गरेको र २०% ले थाहा नभएको बताएको देखिन्छ । हरेक विद्यालयमा प्रधानाध्यापकले आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण राख्न सक्दा हिसाब किताब आफैं पारदर्शी र सार्वजनिक हुन्छ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार वैज्ञानिक ढंगले कामदार छनौट गरी छानिएका कामदारलाई तालिम दिने र दक्षतापूर्वक काम लगाउनु पर्छ भनी उल्लेख भए पनि प्र.अ. छनौट गर्ने, तालिम दिने र दक्षतापूर्वक काम लगाउने कुरा व्यवहारमा पाइएन ।

### ४.१.७ सामाजिक परीक्षणको सुझाव कार्यान्वयन

सामाजिक परीक्षण समितिले सामाजिक परीक्षण गरिसकेपछि प्रतिवेदनमा केही सुझावहरु पनि राखेको हुन्छ । उक्त सुझावहरु कार्यान्वयनको अवस्था कस्तो छ भनी अनुसन्धान क्षेत्रका

विद्यालयका प्र.अ.हरुसँग अनुसूची ४ मा संलग्न प्रश्नावलीका आधारमा अध्ययन गर्दा निम्नानुसार प्रतिक्रिया प्राप्त भएको छ ।

तालिकाः ७

सामाजिक परीक्षणको सुझाव कार्यान्वयन

| क्र.सं. | सुझाव कार्यान्वयनको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गर्छु | ६ | ६०% |
| २ | गर्दिन | २ | २०% |
| ३ | आंशिक | २ | २०% |
| ४ | थाहा छैन | - | - |
| | जम्मा | १० | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकालाई विश्लेषण गर्दा ६०% प्र.अ.हरुले सामाजिक परीक्षणको प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गरेको, २०% ले कार्यान्वयन नगरेको र २०% ले आंशिक रुपमा कार्यान्वयन गरेको देखिन्छ । सामाजिक परीक्षणको सुझाव कार्यान्वयन गर्नु प्र.अ.को जिम्मेवारी र दायित्व हो । सामाजिक परीक्षणको प्रतिवेदनमा उल्लेखित सुझाव कार्यान्वयन गर्न सक्दा अन्य पक्षको अतिरिक्त आर्थिक पक्षको पारदर्शितामा वृद्धि हुन सक्छ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार कामदारलाई कामप्रति अधिकतम उपलब्धि हासिल हुने गरी परिचालन गर्नुपर्छ । कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटी त्याग्नुपर्छ भनी वैज्ञानिक व्यवस्थापन सिद्धान्तमा उल्लेख भए पनि व्यवहारमा त्यस्तो पाइएन ।

## ४.२ सामाजिक परीक्षणले आर्थिक पारदर्शितामा पारेको प्रभाव

विद्यालय समुदायमा रहेको हुन्छ । विद्यालयले समुदायका लागि आवश्यक सीप र योग्यता भएको जनशक्ति दिन्छ भने समुदायले विद्यालयलाई आर्थिक, भौतिक र शैक्षिक रुपमा सुदृढ बनाउन विभिन्न प्रकारका सहयोग उपलब्ध गराउँछ । समुदाय र विद्यालयको सम्बन्ध सुदृढ भएको अवस्थामा मात्र विद्यालयको चौतर्फी उन्नति र प्रगति हुन सक्छ । यसर्थ विद्यालयमा के कस्ता गतिविधिहरु संचालन गर्ने भन्ने चरणदेखि के के गतिविधि र क्रियाकलापहरु कसरी सम्पादन भएको छ सोको लेखाजोखा गर्ने अवसर समुदायले पाउनुपर्छ ।

केन्द्रमा एकीकृत भएर रहेको अधिकारलाई स्थानीय तहमा निरुपण गरेमा अवश्य नै विद्यालयमा सुधार आउँछ । स्थानीय निकायलाई योजना निर्माण गर्ने, नीति निर्माण गर्ने, निर्णय गर्ने, कार्यसम्पादन गर्ने, अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रियामा कानुनी व्यवस्था गरी अधिकार निरुपण गरेमा विद्यालयमा समुदायको लगानी अवश्य वृद्धि भई विद्यालयप्रति अपनत्वको भावना जागृत हुन्छ । त्यस्तै गरी विद्यालय र सरोकारवालाहरु बीच राम्रो मानव सम्बन्ध भएमा कार्यसम्पादनमा जनसहभागिता जुट्छ । विद्यालयको सांगठनिक क्रियाकलापमा सबैलाई सहभागी गराउनु पर्छ जस्ता सिद्धान्तहरु विद्यालय पद्धतिमा लागू गर्न खोजिएकाले सरकारी सामुदायिक विद्यालयमा सामाजिक परीक्षण गर्ने अवधारणा आएको हो । हाल सबै सामुदायिक विद्यालयहरुमा शै.स. २०६३ देखि अनिवार्य सामाजिक परीक्षण गर्ने सरकारले कानुनी व्यवस्था गरेको छ । सामाजिक परीक्षणले आर्थिक पारदर्शितामा कस्तो प्रभाव पारेको छ भन्ने विषयमा अनुसन्धान गर्दा प्राप्त तथ्यलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

### ४.२.१ आर्थिक कारोवारहरुको जबाफदेहिता

विद्यालयमा भएका आर्थिक कारोवारहरुको जबाफदेहिता कसको हो भनी अध्ययन क्षेत्रका विद्यालयहरुका सरोकारवाला बीच खोजी गर्न अनुसूची १, २, ३, ४, ५ र ६ मा संलग्न प्रश्नावलीका आधारमा निम्नानुसार प्रतिक्रिया प्राप्त भएको छ ।

तालिकाः ८

आर्थिक कारोवारहरुको जबाफदेहिता

| क्र. सं. | आर्थिक कारावारको जबाफदेहिता | वि. व्य. स. | शि. अ. संघ | अभि-भावक | शिक्षक | प्र. अ. | स्रोत व्यक्ति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.अ. | ८ | ८ | ७ | ८ | १० | १ | ४२ | ८२% |
| २ | शिक्षक | - | - | - | - | - | - | - | - |
| ३ | वि.व्य.स. | २ | - | १ | - | - | - | ३ | ६% |
| ४ | लेखापाल | - | २ | २ | २ | - | - | ६ | १२% |
| | जम्मा | १० | १० | १० | १० | १० | १ | ५१ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार विद्यालयहरुको आर्थिक कारोवारको जबाफदेहिता प्र.अ.को नै हो भन्ने कुरा पुष्टि गरेको छ । प्र.अ.ले नै आर्थिक हिसाब किताबको पारदर्शी अभिलेख राख्नुपर्छ र सरोकारवालाहरुबीच समय समयमा सार्वजनिक गर्नुपर्छ । त्यस्तै गरी आर्थिक कारोवारको जबाफदेहिता वि.व्य.स.को हो भन्नेको संख्या ६% र जबाफदेहिता लेखापालको हो भन्नेको संख्या १२% रहेको पाइएको छ । विद्यालयहरुमा विशेष गरी राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू हुनु पूर्व समुदायवाट नै बढी लगानी हुन्थ्यो । विद्यालयमा के कति आम्दानी र खर्च भयो सोको अभिलेख तत्कालिन विद्यालय संचालक समितिका सेक्रेटरीले राख्ने गरेको पाइन्छ । प्र.अ.ले सेक्रेटरीको निर्देशन बमोजिम खर्च गर्ने गर्दथ्यो । तर रा.शि.प.यो. २०२८ पछि विद्यालयमा लाग्ने खर्च सरकारले वेहोर्दै गयो । त्यसपछि शिक्षा दिने काम राज्यको भयो । जसले गर्दा समुदाय विद्यालयबाट बाहिरिदै गयो । परिणामस्वरुप विस्तारै शिक्षाको गुणस्तरमा ह्रास आउन थाल्यो । हाल राज्यको दायित्व शिक्षामा मात्र केन्द्रित नभई अन्य स्वास्थ्य, कृषि, यातायात, संचार, प्रशासन जस्ता क्षेत्रमा पनि बढ्न गयो । शिक्षामा लगानी अपुग हुन थाल्यो र समुदायबाट विद्यालय नियन्त्रित नहुने हो भने गुणस्तरमा समेत ह्रास आउने अनुभवलाई दृष्टिगत गरी अहिले विद्यालय समुदायमा हस्तान्तरण गर्ने नीति राज्यले अगाडि बढाएको छ । प्र.अ. र वि.व्य.स. लाई विद्यालयमा भएका आर्थिक कारोवारको जबाफदेही बनाउन खोजेको देखिन्छ । यसरी विद्यालयमा भएका सबै क्रियाकलापको अतिरिक्त आर्थिक क्रियाकलापको सार्वजनिक गर्ने व्यवस्था गरिएको छ ।

विकेन्द्रीकरणको सिद्धान्त अनुसार योजना र नीति निर्माणको अधिकार समेत स्थानीय स्तरमा हस्तान्तरण गर्नाले जबाफदेहिता र उत्तरदायित्व पनि स्वतः स्थानीय स्तरमा हुने उल्लेख भएपनि व्यवहारमा भने योजना र नीति निर्माण केन्द्रमा र कार्यान्वयन साथै प्रतिफल मूल्याङ्कन स्थानीय स्तरमा हुने हुँदा सरोकारवालाहरुसँग आर्थिक कारोवारको जबाफदेहिता कम रहेको पाइयो ।

### ४.२.२ सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिकीकरणको अवस्था

सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण गरी प्रतिवेदन तयार गरेपछि सो प्रतिवेदन सार्वजनिकको अवस्था कस्तो छ भनी खोजी गर्न अनुसूची १, २ र ३ मा सोधिएको प्रश्नावलीका आधारमा प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका: ९

प्रतिवेदन सार्वजनिकीकरणको अवस्था

| क्र.सं. | प्रतिवेदन सार्वजनिक | वि.व्य.स. | शि.अ.संघ | अभिभावक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | गर्छन् | ७ | ७ | ६ | २० | ६७% |
| २ | गर्दैनन् | ३ | १ | १ | ५ | १७% |
| ३ | आंशिक | - | १ | १ | २ | ७% |
| ४ | थाहा छैन | - | १ | २ | ३ | ९% |
| | जम्मा | १० | १० | १० | ३० | १००% |

स्रोत: स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाबाट हाल सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण गरी सोको प्रतिवेदन सार्वजनिकको अवस्था निकै सुदृढ देखिन्छ । यो परीक्षण लागू भएको समयमा जि.शि.का.बाट तलव भत्ता निकासा गर्नका लागि मात्र भए पनि सामाजिक परीक्षण गरिन्थ्यो भने अहिले आएर त्यसको प्रतिवेदन समेत सार्वजनिक गर्न थालिएको वताउने सरोकारवालाको संख्या ६७% रहेको छ । १७% सरोकारवालाले सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक गर्दैनन् भनी बताएका छन् । सामाजिक परीक्षण विद्यालयको अनुदान निकासासँग सम्बन्धित गरिएकाले भाद्र महिना लागे पछि सामाजिक परीक्षण समिति गठन गरी औपचारिकताका लागि मात्र भए पनि उक्त परीक्षण गर्ने गरिएको छ तर प्रतिवेदन भने सार्वजनिक गरिदैन । त्यस्तै गरी ९% सरोकारवालाहरुलाई प्रतिवेदन सार्वजनिक गर्छन् कि गर्दैनन् थाहा नभएको बताएका छन् । प्रतिवेदन सार्वजनिक गर्दा विशेष गरी आर्थिक हिसाब किताबको बढी मूल्याङ्कन गर्ने गरेको बताएका छन् । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार कामदार र व्यवस्थापकबीच स्पष्ट कार्य विभाजन हुनुपर्छ । विभाजित काम तोकिएको निकायबाट समयमै सम्पादन हुनुपर्छ । कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटी त्याग्नुपर्छ । त्यस्तै गरी प्रभावकारी कार्यसम्पादनका लागि दोहोरो र वास्तविक संचार प्रणाली अपनाउनु पर्छ भनिए तापनि व्यवहारमा त्यस्तो पाइएन । सबै काम प्र.अ.ले नै गर्नुपर्ने, काम विग्रे प्र.अ.लाई दोष थुपार्ने र अरु उम्कने परिपाटी छ ।

### ४.२.३ सामाजिक परीक्षण भएपछि विद्यालय व्यवस्थापनमा जनसहभागिता

सामाजिक परीक्षणबाट विद्यालय व्यवस्थापनमा जनसहभागिताको अवस्था कस्तो छ भनी अध्ययन क्षेत्रका विद्यालयहरुमा खोजी गर्न अनुसूची ४ मा संलग्न प्रश्नावलीको प्रयोग गरी अध्ययन गर्दा निम्न प्रतिक्रिया प्राप्त भएको छ ।

तालिकाः १०

विद्यालय व्यवस्थापनमा जनसहभागिता

| क्र.सं. | जनसहभागिताको स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | १ | १०% |
| २ | ठीकै | ७ | ७०% |
| ३ | सामान्य | २ | २०% |
| ४ | थाहा छैन | - | - |
| | जम्मा | १० | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाबाट विद्यालयहरुमा सामाजिक परीक्षण गर्न थालेपछि विद्यालयमा स्थानीय चासो बढ्न थालेको तथ्यलाई पुष्टि गरेको छ । विद्यालयले अहिले स्थानीय सहयोग प्राप्त गर्न थालेको छ । अहिले विद्यालयमा स्थानीय जनसहभागिता ठिक्कै रुपमा जुट्न थालेको देखिन्छ । हाल विद्यालयमा स्थानीय जनसहभागिता ठिक्कै जुट्न थालेको वताउने प्र.अ.हरुको संख्या ७०% रहेको देखिन्छ भने १०% ले मात्र राम्रो सहभागिता जुटेको र २०% ले सामान्य जुटेको बताएका छन् । सामाजिक परीक्षणको मुख्य आसय नै विद्यालय व्यवस्थापनमा स्थानीय जनसहभागिता जुटाउनु हो । विद्यालय सुसंचालनका लागि सरोकारवालाहरुको संलग्नता जरुरी हुन्छ । मानव सम्बन्ध सिद्धान्त अनुसार कुनै पनि संगठनमा समूह संचालनका लागि नेतृत्व, उत्प्रेरणा, सहभागिता, संचार, व्यक्तित्व, जस्ता मानवीय व्यवहार अपरिहार्य छ । मानिसलाई दया, माया, ममता, स्नेह, सम्मान र सत्कार आवश्यक हुन्छ । उत्पादकत्व भन्ने कुरा प्राविधिक

पक्ष मात्र नभई सामाजिक पक्ष पनि हो भनी उल्लेख भएको छ तर व्यवहारमा त्यस्ता कुराहरुमा गम्भीरतापूर्वक ध्यान दिएको पाइएन ।

## ४.२.४ सामाजिक परीक्षणवाट आर्थिक पारदर्शिताको सम्भावना

विद्यालय तहमा सामाजिक परीक्षणबाट आर्थिक पारदर्शिताको सम्भावना कस्तो छ भनी अध्ययन क्षेत्रका वि.व्य.स., शि.अ.संघका अध्यक्षहरु, अभिभावकहरु र स्रोतव्यक्तिलाई अनुसूची १, २, ३ र ६ मा संलग्न प्रश्न सोध्दा प्राप्त भएको प्रतिक्रियालाई निम्नानुसार विश्लेषण गरिएको छ ।

तालिकाः ११

आर्थिक पारदर्शिताको सम्भावना

| क्र.सं. | आर्थिक पारदर्शिता | वि.व्य.स. | शि.अ. संघ | अभिभावक | स्रोत व्यक्ति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सम्भव छ | ९ | ८ | ७ | १ | २५ | ८०% |
| २ | सम्भव छैन | - | १ | २ | - | ३ | १०% |
| ३ | आंशिक | - | - | - | - | - | - |
| ४ | थाहा छैन | १ | १ | १ | - | ३ | १०% |
| | जम्मा | १० | १० | १० | १ | ३१ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाको अध्ययनबाट ८०% सरोकारवालाहरुले सामाजिक परीक्षणबाट आर्थिक पारदर्शिता सम्भव छ भनी बताएका छन भने १०% ले सम्भव छैन र १०% ले सामाजिक परीक्षणबाट आर्थिक पारदर्शिता सम्भव छ, छैन थाहा नभएको बताएका छन् । सामाजिक परीक्षणको अभ्यास शिक्षा क्षेत्र बाहेक अन्य क्षेत्रमा निकै अगाडिदेखि हुदै आएको पाइएको छ । खास गरी गैरसरकारी संघ संस्थाहरुले आयोजनाहरु सम्पन्न भएपछि आयोजनाको लागत र  आम्दानीका स्रोतहरु होर्डिङ बोर्डमा लेखेर सार्वजनिक स्थलहरुमा राख्ने गरेका छन् । विद्यालय पनि समुदायको चासोको ठाउँ भएकोले विद्यालयमा  भएका आर्थिक कारोवारहरु सार्वजनिक गर्नुपर्छ । सामाजिक परीक्षणको प्रचलनले आर्थिक पारदर्शितामा केही हदसम्म भए पनि सहयोग पुऱ्याएको अनुसन्धानबाट प्राप्त तथ्यले पुष्टि गरेको छ । विकेन्द्रीकरणको सिद्धान्त

अनुसार योजना र नीति निर्माण सम्बन्धी अधिकार समेत स्थानीय स्तरमा हस्तान्तरण गर्न सक्दा मात्र शैक्षिक गुणात्मकता आउन सक्छ भनी उल्लेख भए पनि व्यवहारमा त्यस्तो पाइएन । केवल कार्यान्वयन र प्रतिफल मूल्याङ्कनमा मात्र स्थानीय स्तरमा अधिकार हस्तान्तरण भएकोले पूर्ण आर्थिक पारदर्शिता सम्भव देखिदैन ।

## ४.३ सामाजिक परीक्षण कार्यान्वयनमा देखिएका समस्याहरु

सामाजिक परीक्षणले विद्यालयको योजना निर्माण चरणदेखि कार्यान्वयन र प्रतिफल मूल्याङ्कन चरणसम्म सरोकारवालाहरुलाई संलग्न गराई हरेक गतिविधि र क्रियाकलाप सार्वजनिक गर्दै पारदर्शी बनाई विद्यालयलाई आलोचनामुक्त बनाउन सहयोग पुऱ्याउँछ । विद्यालय स्थानीय समुदायवाट टाढिएको, विद्यालय सरोकारवालाको आलोचनामा डुबेको र प्र.अ.हरुलाई आर्थिक अनियमितताको आरोप लागेको कारण यस्तो अवस्थाबाट विद्यालय बचाउन सरकारले सामाजिक परीक्षण कार्यान्वयनमा ल्याएको हो । सरकारले सबै सामुदायिक विद्यालयहरुको भौतिक, आर्थिक र शैक्षिक गतिविधि र क्रियाकलापको सरोकारवालाहरुको तर्फबाट वृहत्तर, गहिरो र सघन रुपमा अध्ययन, लेखाजोखा र मूल्याङ्कन गर्न ऐन, कानुन र नियममा व्यवस्था गरी सामाजिक परीक्षण प्रचलनमा ल्याएको हो । विद्यालयमा स्थानीय जनसहभागिता जुटाउन, अभिभावकहरुमा विद्यालयप्रतिको अपनत्वको भावना जगाउन र आर्थिक पारदर्शिताका लागि सरकारले विद्यालयमा सामाजिक परीक्षण गर्ने सम्बन्धी कार्यविधि २०६२ जारी गरी विद्यालयहरुमा शै.स. २०६३ देखि सामाजिक परीक्षण कार्यान्वयनमा ल्याएको पाइन्छ । हाल उक्त कार्यविधि खारेज गरी सामाजिक परीक्षण गर्ने सम्बन्धी निर्देशिका २०६५ जारी गरी सामाजिक परीक्षणलाई थप व्यवस्थित गरी कार्यान्वयनमा ल्याइएको छ ।

सामाजिक परीक्षण कार्यान्वयनको सुरुको अवधिमा यसलाई औपचारिकतामा मात्र सीमित गरिए पनि पछिल्ला अवधिमा व्यावहारिक बनाउन विद्यालय शिक्षाका विभिन्न निकायहरुले प्रभावकारी भूमिका खेल्दै आएको पाइन्छ । सामाजिक परीक्षणको कार्यान्वयन हुन थाले यता विद्यालयका गतिविधि र क्रियाकलापमा थोरै भए पनि केही सुधारहरु आउन थालेका छन् । तथापि जति सुधार र परिवर्तन आउनु पर्ने हो त्यति आउन सकिरहेको छैन । अनुसन्धानबाट सामाजिक परीक्षणको मर्म र भावना राम्रो भए पनि त्यसको प्रभावकारी कार्यान्वयनमा थुप्रै समस्याहरु देखा परेका छन् ।

### ४.३.१ प्रभावकारी कार्यान्वयनमा देखिएका चुनौतीहरु

सामाजिक परीक्षण प्रभावकारी कार्यान्वयनमा के कस्ता चुनौतीहरु देखिएका छन् भनी सरोकारवालाहरुसँग अनुसूची १, २, ३, ४, ५ र ६ संलग्न प्रश्नमाथि अन्तरक्रिया गर्दा निम्न प्रतिक्रिया प्राप्त भएको छ ।

तलिकाः १२

प्रभावकारी कार्यान्वयनमा देखिएका चुनौतीहरु

| क्र. सं. | कार्यान्वयनमा देखिएका चुनौतीहरु | अभि-भावक | शि. अ. संघ | वि. व्य. स. | प्र. अ. | शिक्षक | स्रोत व्यक्ति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जानकारीको अभाव | ७ | ६ | ७ | ६ | ६ | १ | ३३ | ६५% |
| २ | दक्ष जनशक्तिको अभाव | १ | २ | २ | ३ | ४ | - | १२ | २३% |
| ३ | समयको अभाव | १ | १ | १ | - | - | - | ३ | ६% |
| ४ | प्रोत्साहनको कमी | १ | १ | - | १ | - | - | ३ | ६% |
| | जम्मा | १० | १० | १० | १० | १० | १ | ५१ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाबाट सामाजिक परीक्षण प्रभावकारी कार्यान्वयनमा देखिएका चुनौतीहरुमा ६५% सरोकारवालाहरुले जानकारीको अभाव बताएका छन् । वास्तवमा विद्यालयको व्यवस्थापन, संचालन, रेखदेख, नियन्त्रण, सामाजिक परीक्षण कसरी गर्ने, क-कसको विशेष जिम्मेवारी हो भन्ने कुरा सरोकारवालाहरुलाई थाहा नै छैन । स्थानीय सरोकारवालाहरुको जानकारीको अभाव हुनु सामाजिक परीक्षण कार्यान्वयनको प्रमुख समस्या हो । २३% सरोकारवालाहरुले दक्ष जनशक्तिको अभाव बताएका छन् । सामाजिक परीक्षण गर्न विशेष सीप र क्षमता भएको जनशक्ति आवश्यक पर्छ । तर विद्यालय सरोकारवालाहरुसँग

सामाजिक परीक्षण गर्ने सीप र क्षमता नभएको अनुसन्धानबाट तथ्याङ्कले प्रष्ट पारेको छ । ६% सरोकारवालाहरुले समयको अभाव बताएका छन् । सामाजिक परीक्षण गर्न पर्याप्त समय पनि आवश्यक पर्छ । विद्यालयका सरोकारवालाहरुसँग विद्यालयमा के कस्ता गतिविधि र क्रियाकलाप संचालन हुन्छ सुन्ने, हेर्ने र बुझ्ने समय पनि हुदैन र सँगसँगै सामाजिक परीक्षणमा मात्र संलग्न रहन पनि अभिभावकहरुसँग फुर्सद छैन । ६% ले सरोकारवालाहरुलाई कुनै किसिमको प्रोत्साहन नभएको बताएका छन् । विद्यालय व्यवस्थापनमा जुटेवापत सरोकारवालाहरुलाई कुनै प्रकारको प्रोत्साहन छैन । विद्यालय व्यवस्थापनमा जुट्ने सरोकारवालाको मूल्याङ्कन गरी पुरस्कृत गर्ने व्यवस्था नहुनु पनि सामाजिक परीक्षण कार्यान्वयनमा दखिएको अर्को समस्या हो ।

### ४.३.२ सामाजिक परीक्षणप्रति सरोकारवालाहरुको मूल्याङ्कन

सामाजिक परीक्षणप्रति सरोकारवालाहरुको मूल्याङ्कन कस्तो छ भनी अध्ययन क्षेत्रका सरोकारवालाहरुसँग अनुसूची १, २, ३, ४, ५ र ६ संलग्न प्रश्नमाथि छलफल गर्दा निम्न प्रतिक्रिया प्राप्त भएको छ ।

तलिकाः १३

सामाजिक परीक्षणप्रति सरोकारवालाहरुको मूल्याङ्कन

| क.सं. | सरोकारवालाहरुको मूल्याङ्कन | अभि-भावक | शि. अ. संघ | वि. व्य. स. | प्र. अ. | शि-क्षक | स्रोत व्यक्ति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | औपचारिकतामा सीमित | ४ | ५ | ४ | ३ | ४ | १ | २१ | ४१% |
| २ | सरोकारवालाको उदासिनता | २ | १ | २ | २ | २ | - | ९ | १८% |
| ३ | सम्वन्धित निकायबाट अनुगमनको कमी | १ | २ | २ | ३ | २ | - | १० | २०% |
| ४ | राजनैतिक हस्तक्षेप | ३ | २ | २ | २ | २ | - | ११ | २१% |
| | जम्मा | १० | १० | १० | १० | १० | - | ५१ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकामा ४१% सरोकारवालाहरुले सामाजिक परीक्षण औपचारिकतामा मात्र सीमित रहेको बताएका छन् । अहिले पनि सामाजिक परीक्षण कतिपय विद्यालयमा औपचारिकताका लागि मात्र गर्ने गरिन्छ । सामाजिक परीक्षणको उद्देश्य अनुसार व्यावहारिक रुपमा विद्यालयले के कस्ता लक्ष्यहरु निर्धारण गरेको थियो, ती मध्ये के कति पुरा भए, कति पुरा हुन सकेन, किन पुरा हुन सकेन जस्ता विषयमा खोजी गरिदैन । १८% ले सरोकारवालाको उदासिनता रहेको बताएका छन् । विद्यालयका सरोकारवालाहरु जे गर्छन्, विद्यालयका प्र.अ. र शिक्षकले नै गर्छन, हामी कुरा पनि बुझ्दैनौ भनी उदासीन रहेको पाइएको छ । सामुदायिक विद्यालयहरुमा अभिभावक, वि.व्य.स.का पदाधिकारीहरु, शिक्षक अभिभावक संघका पदाधिकारीहरु विद्यालयले बोलाउँदा मात्र जाने गर्छन् । सरोकारवालाहरुबाट विद्यालयका विभिन्न गतिविधि र क्रियाकलापमा सक्रिय जनसहभागिता देखाउन सकेका छैनन् भने अनुगमन, निरीक्षण र सुपरीवेक्षणमा नियमितता दिएका छैनन् । २०% ले सम्बन्धित निकायबाट अनुगमनमा कमी रहेको बताएका छन् । सामाजिक परीक्षणबाट विद्यालयको गतिविधि र क्रियाकलाप ज्यादै निम्न पाइएमा, प्रधानाध्यापकले आर्थिक हिनामिना र अनियमितता गरेमा, प्रधानाध्यापकले विद्यालयको आर्थिक स्रोत साधनको दुरुपयोग गरेमा त्यस्ता पक्षलाई कुन निकायले कस्तो कारवाही गर्ने भन्ने विषयमा शिक्षा ऐन नियम मौन छ । २१% ले शिक्षामा राजनैतिक हस्तक्षेप रहेको बताए । शिक्षामा पछिल्लो समयमा राजनीतिक हस्तक्षेप बढ्न थालेको छ । दलीय हस्तक्षेपका कारण आफ्नो पक्षको प्रधानाध्यापक र शिक्षकहरु भएमा सामाजिक परीक्षणबाट वास्तविक कार्यसम्पादन खोजिदैन । विपक्षी प्र.अ. र शिक्षक भएमा प्रभावकारी कार्यसम्पादन भए पनि आग्रह र पूर्वाग्रहका आधारमा आलोचना गरिन्छ । यो पनि एउटा समस्याको रुपमा देखिएको छ ।

विद्यालयमा उचित मानव सम्वन्ध विकसित हुन सकेको छैन । प्रधानाध्यापकहरुमा उचित नेतृत्व सीप छैन । सरोकारवालाहरु बीच समन्वय र संचारको अभाव छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ बीच स्पष्ट कार्य विभाजन छैन । विकेन्द्रीकरण नाममा मात्र सीमित छ । स्थानीय समुदाय र निकायलाई अधिकार सम्पन्न बनाइएको छैन । शिक्षक र प्रधानाध्यापकबीच, वि.व्य.स. र प्रधानाध्यापकबीच, वि.व्य.स.र शि.अ.संघबीच, शिक्षक

र प्र.अ. एवं स्थानीय समुदायबीच अर्थात सरोकारवालाहरुबीच विभिन्न विषय र मुद्धाहरुमा द्वन्द रहेको छ ।

विद्यालयहरुमा भएका आर्थिक कारोवारहरुको व्यवस्थित र वैज्ञानिक अभिलेख राख्ने सीप र योग्यता प्रधानाध्यापकहरुसँग छैन । एकोहोरो लेखा प्रणाली अन्तर्गत अवैज्ञानिक र अपारदर्शी अभिलेखहरु राख्ने गरेको पाइन्छ । दोहोरो लेखाप्रणालीको सिद्धान्त अनुसार लेखा राख्ने सीप, योग्यता र क्षमता प्र.अ.सँग नहुनुले नै पनि आर्थिक पारदर्शितामा प्रश्न चिन्ह खडा भएको छ ।

माथि उल्लेख गरिएका समस्याहरुका कारण सामाजिक परीक्षणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएको छैन । यी समस्याहरुलाई समाधान गर्न सकिएमा अवश्य नै सामाजिक परीक्षणको मर्म र उद्देश्य अनुसार विद्यालय संचालनमा सरोकारवालाहरुलाई संलग्न र सहभागिता गराउन सकिन्छ । विद्यालयमा भएका अन्य गतिविधिका अतिरिक्त आर्थिक कारोवारहरुमा समेत पारदर्शिता आई विद्यालय सुसंचालन र गुणस्तर अभिवृद्धिमा थप टेवा पुग्ने कुरामा विश्वास गर्न सकिन्छ ।

## ४.४ सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु

सामाजिक परीक्षणमा देखिएका समस्या समधानका उपायहरु के कस्ता छन् भनी अध्ययन क्षेत्रका सरोकारवालाहरुसँग अनुसूची १, २, ३, ४, ५ र ६ संलग्न प्रश्नमाथि छलफल गर्दा निम्न प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका:१४

समस्या समधानका उपायहरु

| क्र. सं. | समधानका उपायहरु | अभि-भावक | शि.अ. संघ | वि.व्य. स. | प्र.अ. | शि-क्षक | स्रोत व्यक्ति | जम्मा | प्रति शत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तालिम | ३ | ४ | ४ | ४ | ३ | - | १८ | ३५% |
| २ | दण्डसजाय | २ | ३ | २ | - | ५ | १ | १३ | २५% |
| ३ | विकेन्द्रीकरण | ३ | २ | २ | ३ | १ | - | ११ | २२% |
| ४ | अनुगमन | २ | १ | २ | ३ | १ | - | ९ | १८% |
| | जम्मा | १० | १० | १० | १० | १० | १ | ५१ | १००% |

स्रोत: स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकालाई विश्लेषण गर्दा सामाजिक परीक्षणमा देखिएका समस्या समधानका उपायहरुमा ३५% सरोकारवालाहरुले तालिम र गोष्ठीद्वारा सम्बन्धित सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु पर्ने कुरामा जोड दिएका छन् । जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रबाट त्यस्ता क्षमता अभिवृद्धि सम्बन्धी तालिम र गोष्ठि संचालन गरेको पाइदैन । त्यस्तै गरी २५% सरोकारवालाहरुले सामाजिक परीक्षण प्रभावकारी कार्यान्वयन नगर्ने प्र.अ.लाई दण्डसजायको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिएका छन् । अहिले दण्डहिनता बढ्दै गएकोले पनि दण्डसजायलाई प्रभावकारी बनाउन सकिएको छैन । २२% सरोकारवालाहरुले विद्यालय व्यवस्थापन र सुपरीवेक्षणमा राज्यले स्थानीय स्तरमा नै विकेन्द्रीकरण गर्नुपर्ने कुरामा जोड दिएका छन् । स्थानीय निकाय र सरोकारवालाहरुलाई विद्यालय संचालन, व्यवस्थापन र सुपरीवेक्षणमा सरिक गराउन केन्द्रका अधिकारलाई विकेन्द्रित गर्नुपर्छ । १८% सरोकारवालाहरुले जिल्ला शिक्षा कार्यालयद्वारा प्रभावकारी अनुगमन गर्नुपर्ने कुरामा जोड दिएका छन् । सामामजिक परीक्षण व्यावहारिक बनाउन विद्यालय निरीक्षक र स्रोतव्यक्तिले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ । सामाजिक परीक्षण समितिले दिएका सुझावहरु पूर्णरुपमा कार्यान्वयन गर्ने वातावरण बनाउनु पर्छ ।

माथिको उपायहरुलाई अवलम्वन गर्न सकेमा विद्यालयमा भएका अन्य गतिविधिका अतिरिक्त आर्थिक कारोवारहरुमा समेत पारदर्शिता आई विद्यालय सुसंचालन र गुणस्तर अभिवृद्धिमा थप टेवा पुग्ने कुरामा विश्वास गर्न सकिन्छ । विद्यालयमा उचित मानव सम्वन्ध विकसित गर्नुपर्छ । सरोकारवालाहरु बीच उचित नेतृत्व सीप, समन्वय, संचार, स्पष्ट कार्य विभाजन विकसित गर्नुपर्छ । राज्यले विकेन्द्रीकरणलाई प्रभावकारी बनाउने नीति ल्याउनु पर्छ । सरोकारवालाहरु बीच विभिन्न विषयमा रहेको द्वन्दको अन्त्य गर्नुपर्छ ।

प्रधानाध्यापकहरुको विद्यालयहरुमा भएका आर्थिक कारोवारहरुको व्यवस्थित र वैज्ञानिक अभिलेख राख्ने सीप र योग्यता बृद्धि गर्न तालिम प्रदान गर्नुपर्छ । प्र.अ.हरुको एकोहोरो लेखा प्रणाली अन्तर्गत अवैज्ञानिक र अपारदर्शी अभिलेखहरु राख्ने प्रचलन हटाई दोहोरो लेखाप्रणालीको सिद्धान्त अनुसार लेखा राख्ने सीप, योग्यता र क्षमता बृद्धि गर्न प्र.अ. स्वयंले पनि आत्मा तत्परता देखाउन सकेमा मात्र सामाजिक परीक्षणको मर्म र भावना पुरा हुन्छ, जसको परिणाम स्वरुप विद्यालयको शिक्षण सिकाईमा सुधार आई शैक्षिक गुणस्तरमा अभिवृद्धि हुन्छ ।

# परिच्छेदः पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षणको प्रभाव हेर्न गरिएको यस अध्ययनबाट निम्न प्राप्ति, निष्कर्ष र सुझावहरु प्राप्त भएको छ ।

## ५.१ प्राप्तिहरु

विद्यालय तहमा सामुदायिक सहभागिता बढाई विद्यालयको पहिलो सुपरिवेक्षक र अनुगमनकर्ता स्थानीय समुदायलाई नै बनाउने नीति अनुरुप सामाजिक परीक्षणलाई कार्यान्वयनमा ल्याइएको छ । सामाजिक परीक्षण कति प्रभावकारी छ र यसले विद्यालयको आर्थिक पारदर्शितामा कति महत्वपूर्ण भूमिका खेलेको छ भन्ने विषयमा चैनपुर स्रोत केन्द्र भित्रका विद्यालयहरुमा यो अनुसन्धान सीमित गरिएता पनि विद्यालय तहको नीति निर्माण गर्ने निकायका लागि आगामी दिनमा सामाजिक परीक्षण प्रभावकारी बनाउन के के कदम चाल्ने वा सामाजिक परीक्षण गर्ने प्रचलनलाई अन्त्य गर्ने भन्ने विषयमा यस अनुसन्धानले अवश्य सहयोग पुऱ्याएको छ । विशेष गरी यस अनुसन्धानले सामाजिक परीक्षणबाट आर्थिक पारदर्शिताको अवस्था कस्तो छ भनी हेर्न खोजेको छ । यस अनुसन्धानले आर्थिक पारदर्शिताको अवस्थाका अतिरिक्त अन्य धेरै पक्षहरुसँग सम्बन्धित प्राप्तिहरु दिन सफल भएको छ ।

सामाजिक परीक्षण विद्यालय तहमा कार्यान्वयनमा आएको धेरै वर्ष भएको छैन । विद्यालयमा सरोकारवालाहरुमध्ये विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक र शिक्षकहरुलाई मात्र सामाजिक परीक्षणको जानकारी भएको तर धेरै जसो शिक्षक अभिभावक संघका पदाधिकारी र अभिभावकहरुलाई यसको जानकारी भएको पाइएन ।

विद्यालयहरुमा आर्थिक कारोवारहरु गर्ने र सोको अभिलेख राख्ने काम अधिकांश विद्यालयमा प्र.अ.ले र केही विद्यालयमा मात्र लेखापालद्वारा राख्ने गरिएको पाइएको छ । धेरै विद्यालयहरुमा एकोहोरो लेखा प्रणाली अनुसार परम्परागत र केही सुधारिएको फारमको प्रयोग गरी लेखा अभिलेख राख्ने गरेको पाइयो । जसबाट आर्थिक पारदर्शिता सम्भव छैन । एकोहोरो लेखा प्रणाली धेरै जसो प्राथमिक र निम्न माध्यमिक विद्यालयहरुमा अपनाइएको पाइएको छ भने

दोहोरो लेखाप्रणाली माध्यमिक र उच्च माध्यमिक विद्यालयहरुले अपनाइएको पाइएको छ । दोहोरो लेखा प्रणाली अनुसार लेखा राख्न लेखा सम्बन्धी विशेष सीप र वैंकिङ सुविधा हुनुपर्छ । लेखा सम्बन्धी विशेष ज्ञान र सीप भएका लेखापाल वा प्र.अ. भएको विद्यालयमा मात्र यो प्रणाली अनुसार लेखा राख्ने गरेको पाइएको छ । जसबाट आर्थिक पारदर्शिता पनि सम्भव छ ।

सामाजिक परीक्षणको प्रचलनले अभिभावक लगायत सरोकारवालाहरुको विद्यालयको विभिन्न गतिविधिहरुलाई गहिरो र सघन रुपमा लेखाजोखा  गर्ने र मूल्याङ्कन गर्ने क्षमताको विकास हुँदै गएको छ । अहिले धेरै विद्यालयमा सामाजिक परीक्षण हुन थालेको छ तर केही विद्यालयहरुमा सामाजिक परीक्षण केवल औपचारिकताका लागि मात्र गर्ने गरिएको छ ।

थोरै विद्यालयहरुमा मात्र सामाजिक परीक्षण समितिले सामाजिक परीक्षण गरिसकेपछि प्रतिवेदन तयार गरी विद्यालयका सवल र दुर्वल पक्ष अभिभावक भेला गराई सुनाउने गरेको पाइयो भने धेरै विद्यालयमा सामाजिक परीक्षण गरिसकेपछि प्रतिवेदन नबनाउने र सार्वजनिक पनि नगरेको पाइयो ।

सामाजिक परीक्षण गरी सके पछि प्रतिवेदन सार्वजनिक गर्ने दिन धेरै जसो विद्यालयमा सरोकारवालाको सघन उपस्थिति रहेको देखिन्छ भने केही विद्यालयमा सरोकारवालाको उपस्थिति न्यून देखिन्छ । स्थानीय तहमा नै स्वतन्त्र रुपमा काम गर्ने गरी विकेन्द्रीकरणको नीति लागू गर्ने हो भने सरोकारवालाहरुको अनुपस्थितिलाई घटाउन सकिन्छ । धेरै विद्यालयका प्र.अ.हरुले आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण बनाएर राख्ने हो भने पनि स्वतः आर्थिक पारदर्शिता हुन्छ ।

थोरै विद्यालयका प्र.अ.हरुले सामाजिक परीक्षण समितिले प्रतिवेदनमा सुझाव गरेका कुरालाई कार्यान्वयन गर्छन् भने धेरै प्र.अ.ले सुझाव कार्यान्वयन गर्दैनन् । सामाजिक परीक्षणपछि सामाजिक परीक्षण समितिले दिएको सुझाव कार्यान्वयन नगर्ने प्रधानाध्यापकलाई शिक्षा ऐन, नियमावली अनुसार कारवाही गर्नु पर्ने कुरामा जोड दिएका छन् । विद्यालयमा आर्थिक कारोवारको जबाफदेहिता पहिले पहिले विद्यालय संचालक समितिको सेक्रेटरीमा रहेको थियो तर अहिले प्रधानाध्यापकहरुमा रहेको पाइएको छ । सामाजिक परीक्षणको प्रभावकारिता उत्कृष्ट नभए पनि सामान्य रहेको पाइएको छ ।

सामाजिक परीक्षणपछि विद्यालयका गतिविधि र क्रियाकलापहरुमा सरोकारवालाको सहभागिता र संलग्नता बढ्न थालेको छ तर राम्रो सहभागिता भने छैन । सामाजिक परीक्षणपछि विद्यालयका आम्दानी खर्च र आर्थिक कारोवार पारदर्शी हुन थालेको छ । सबै सरोकारवालाले विद्यालयमा के कति आम्दानी खर्च भयो भन्ने विषयमा सरोकार राख्न थालेका छन् । प्रायः माध्यमिक विद्यालय र उच्च माध्यमिक विद्यालयहरुले निजी स्रोतबाट लेखापाल नियुक्ति गरी लेखा राख्ने कामको जिम्मा दिएको पाइन्छ ।

सामाजिक परीक्षणबाट आर्थिक पारदर्शिता हुने देखिन्छ । सामाजिक परीक्षणबाट सम्पूर्ण पक्षको अतिरिक्त आर्थिक पारदर्शिताका लागि सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।

## ५.२ निष्कर्ष

विद्यालय संचालनको प्रमुख भूमिका प्रधानाध्यापकमा रहेको हुन्छ । प्रधानाध्यापकले योजनाकार, शैक्षिक नेता, आर्थिक व्यवस्थापक, समुदाय परिचालक, समन्वयकर्ता, मूल्याङ्कनकर्ता र सुपरिवेक्षकको भूमिका निर्वाह गर्नुपर्छ । विद्यालय व्यवस्थापन र संचालनमा सहयोग पुऱ्याउन शिक्षा ऐन नियममा विद्यालय व्यवस्थापन समिति,  शिक्षक अभिभावक संघ आदिको व्यवस्था गरिएको छ । प्रधानाध्यापकले समुदायलाई पूरै वेवास्ता गरी विद्यालय संचालन गरेको कारण समुदायले पनि विद्यालयलाई बेवास्ता गरिरहेको परिप्रेक्ष्यमा समुदाय र विद्यालयको सम्बन्ध सुदृढ गर्दै विद्यालयमा भइरहेको गतिविधि र क्रियाकलापमा सरोकारवालाहरुको संलग्नता वृद्धि गरी विद्यालयको आर्थिक, भौतिक र शैक्षिक सुधार गर्ने उद्देश्यले सामाजिक परीक्षण कार्यान्वयनमा ल्याइएको हो । सामाजिक परीक्षणबाट विद्यालयमा केही केही नयाँ सुधारका आयामहरु थपिएका छन् । प्र.अ.ले विद्यालयका सरोकारवालाहरुसँग समन्वय गरी काम गर्नुपर्छ भन्ने धारणाको विकास गराएको छ । विद्यालयमा प्राप्त सरकारी र गैरसरकारी अनुदान एवं भएका खर्चहरुलाई सुव्यवस्थित र वैज्ञानिक ढंगले राख्नपर्छ र अभिभावक एवं सरोकारवालाले हेर्न चाहेको बखत देखाउनु र बुझाउनु पर्छ भन्ने धारणाको विकास सरोकारवालामा भएको छ । आर्थिक अनियमितताले सामुदायिक सहभागितामा अवरोध सिर्जना गर्छ, जसले गर्दा विद्यालयले आवश्यक परेको बेला समुदायको सहयोग प्राप्त गर्न सक्दैन । विद्यालय गतिविधि र

क्रियाकलापको केन्द्रविन्दु आर्थिक पक्ष र त्यसका खर्च गर्ने तौरतरिका एवं अभिलेखहरु हुन् भन्ने तथ्यलाई यस अनुसन्धानले उजागर गरेको छ ।

सामाजिक परीक्षणबाट विद्यालयहरुमा आर्थिक पारदर्शिता आउन थालेको छ । प्रधानाध्यापकहरुले विद्यालयको हिसाब किताब लुकाउन नसक्ने अवस्था आएको छ । विद्यालयमा आर्थिक कारोवारहरुको लेखा राख्ने तौरतरिकामा अब परिवर्तन गर्नपर्छ र प्र.अ.हरुले वित्तीय अनुशासनलाई पूर्णरुपमा पालना गर्नपर्छ भन्ने तथ्य समेत यस अनुसन्धानबाट पत्ता लागेको छ । खर्चमा राखिएको बीलभर्पाईको औचित्यता सामाजिक परीक्षण समितिले हेर्ने भएकाले अब नक्कली बीलभर्पाई राखेर हिसाब मिलान गर्ने वातावरणको अन्त्य भएको देखिन्छ । अधिकांश विद्यालयहरुमा सामाजिक परीक्षणको प्रतिवेदन सुन्न र छलफल गर्न सरोकारवालाहरु विद्यालय आउन थालेका छन् । प्रधानाध्यापकहरुले सामाजिक परीक्षण समितिले सिफारिस गरेका सुझावहरु कार्यान्वयन गर्छन कि गर्दैनन् हेर्नुपर्छ भन्ने भावनाको विकास सरोकारवालामा हुन थालेको छ ।

विद्यालय सुसंचालनको क्रममा विशेष गरी स्थानीय समुदायको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय समुदायको बेवास्ताका कारणबाट विद्यालयमा प्रधानाध्यापकबाट आर्थिक हिनामिना र अनियमितता हुने गरेको र त्यसलाई रोक्न शिक्षा ऐन, कानुन र नियमावलीमा उल्लेखित व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्छ । समुदायका अभिभावक र सरोकारवालाको क्षमता वृद्धि गर्न तालिम, गोष्ठी र अभिमुखिकरण कार्यक्रम संचालन गर्नपर्छ भन्ने तथ्यलाई यस अनुसन्धानले जोड दिएको छ । साथै विद्यालयको संचालनमा सुप्रबन्ध ल्याउन केन्द्रमा निहित अधिकार स्थानीय तहमा निरुपण गर्नुपर्छ तब मात्र विद्यालयमा हुने गरेको आर्थिक अनियमितता, विद्यालय कोषको दुरुपयोग र आर्थिक हिनामिना रोकिन सक्छ । त्यसकारण विद्यालयमा हुने गरेका आर्थिक, भौतिक र शैक्षिक गतिविधिमा सरोकारवालाको सघन उपस्थिति आवश्यक छ भन्ने तथ्यलाई यस अनुसन्धानले प्रष्ट पारेको छ ।

सरकारले सबैका लागि शिक्षा सुनिश्चित गर्ने हो भने विद्यालयमा हुने हरेक गतिविधि र क्रियाकलाप पारदर्शी हुनुपर्छ । तब मात्र विद्यालयप्रति समुदायको अपनत्वको भावना जागृत हुन्छ । विद्यालय सुधारका लागि सरोकारवालाहरुलाई प्रेरित र जागरुक तुल्याउन सामाजिक परीक्षण अपरिहार्य छ । साथै स्थानीय स्तरमा सम्पादन गरिने कार्यहरुको गुणात्मक उपलब्धि र

दिगोपनाका लागि समेत सामाजिक परीक्षण महत्वपूर्ण छ । माथि उल्लेखित पक्षको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरोकारवालाहरुमा सचेतना भने आउनुपर्छ ।

अनुसन्धानका क्रममा सबै विद्यालयका सरोकारवालाहरुमा समान चेतना, क्षमता, तत्परता र कार्यकुशलता पाइएन । कुनै विद्यालयका सरोकारवाला विद्यालयको आर्थिक, भौतिक र शैक्षिक पक्षको विकासका लागि एक जुट भएर लाग्ने र विद्यालयको हरेक गतिविधिमा संलग्न भई सम्पादन भएका क्रियाकलापको सघन रुपमा लेखाजोखा गर्ने गरेको पाइयो भने कुनै विद्यालयका सरोकारवाला जे गर्छन, विद्यालयका प्र.अ. र शिक्षकले नै गर्छन, हामी कुरा पनि बुझ्दैनौ भनी उदासीन रहेको पाइएको छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका केही पदाधिकारीहरुले विद्यालय व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन र विद्यालय गतिविधिलाई नियमित गरी अनुगमन र सुपरीवेक्षणलाई प्रभावकारी बनाउन पदाधिकारीहरुलाई नेपाल सरकारले भत्ताको व्यवस्था गर्नु पर्ने कुरा पनि उठाएका छन् ।

समग्रमा विद्यालयका आर्थिक, भौतिक र शैक्षिक गतिविधि एवं क्रियाकलापमा सरोकारवालाहरुलाई संलग्न र सहभागी गराउँदै त्यस्ता क्रियाकलापहरुको सार्वजनिक गर्नै पर्छ, तब मात्र विद्यालयको आर्थिक भौतिक पक्षमा उन्नति र सुधार भई शैक्षिक गुणस्तरमा वृद्धि सम्भव छ भन्ने निष्कर्ष अनुसन्धानवाट निस्केको छ ।

## ५.३ सुझावहरु

सामाजिक परीक्षणवाट विद्यालयहरुको आर्थिक परादर्शिताको कस्तो प्रभाव छ भनी यो अनुसन्धान केन्द्रित रहेको थियो । सामाजिक परीक्षणवाट विद्यालयका आर्थिक कारोवारहरुमा अयिनमितता हुने क्रम घटेको, आर्थिक हिनामिना क्रमशः घट्दै गएको, हिसाब किताबहरु सार्वजनिक हुन थालेको, अपारदर्शी र अवैज्ञानिक एकोहोरो लेखाप्रणालीलाई क्रमशः दोहोरो लेखा प्रणलीले विस्थापन गर्दै लगेको, सामाजिक परीक्षण समितिको प्रतिवेदनमा सुझाव गरिएका कुराहरु क्रमशः कार्यान्वयन हुदै गएको, विद्यालयका सरोकारवाला पक्षहरु क्रमशः सचेत हुँदै आएको यस अनुसन्धानले प्रष्ट पारेको छ । तथापि सामाजिक परीक्षणको सैद्धान्तिक अवधारणा, प्रक्रियाहरुमा अझै सरोकारवलाहरु बीच प्रस्ट हुन बाँकी देखिन्छ । सामाजिक परीक्षणले सतप्रतिशत सफलता पाउन सकेको छैन । त्यसकारण सरोकारवालाहरुबाट प्राप्त सूचना,

जानकारी, तथ्याङ्कका आधारमा विश्लेषण गरी निस्केको निष्कर्ष र प्राप्तिहरुलाई आधार बनाई केही सुझावहरु प्रस्तुत गरिएको छ ।

(क) विद्यालयका सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । वि.व्य.स.का पदाधिकारी, शि.अ.संघका पदाधिकारी र अभिभावकहरुलाई सामाजिक परीक्षण किन र कसरी गर्ने, ऐन नियममा सामाजिक परीक्षण सम्बन्धी के व्यवस्था छ, बार्षिक योजना कसरी बनाउने, अनुगमन र सुपरीवेक्षण कसरी कुन निकायले गर्ने, विद्यालयमा भएका आम्दानी खर्चको अभिलेख कसरी राख्ने र लेखापरीक्षण कसरी हुन्छ, जि.शि.का.बाट तलवीय र गैर तलवीय कस्ता कस्ता रकमहरु विद्यालयमा आउछन्, सोको बारे सरोकारवालाहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिम दिनुपर्छ ।

(ख) विद्यालयमा लेखा राख्ने प्र.अ. वा लेखापाललाई सकेसम्म दोहोरो लेखाप्रणाली अनुसार लेखा राख्न र दोहोरो लेखाप्रणालीबाट सम्भव नभए एकोहोरो लेखाप्रणालीका पारदर्शी लेखाविधि सम्बन्धी तालिम दिनुपर्ने देखिन्छ ।

(ग) विद्यालयको वार्षिक कार्यक्रम विद्यालयको ऐना हो । त्यस्ता वार्षिक कार्यक्रम निर्माण, कार्यान्वयन र उपलब्धि मूल्याङ्कनमा बढी भन्दा बढी सरोकारवालाहरुलाई संलग्न गराउँदै लैजानुपर्छ ।

(घ) समुदाय र विद्यालय बीच सुमधुर सम्बन्ध कायम हुनु पर्नेमा त्यस्तो सुदृढ सम्बन्ध देखिदैन । विद्यालयप्रति समुदायको अपनत्वको भावना जागृत गर्न आपसी सहयोग, समन्वय र सद्भाव आदान प्रदान गर्नुपर्छ ।

(ङ) शैक्षिक कार्यक्रमको लक्षित समूह विद्यालय र विद्यार्थीहरु हुन । गुणस्तरीय शिक्षा प्रदान गर्न राज्यले लगानी गर्नुको साथ साथै शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ को व्यवस्था भए पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । प्र.अ.ले आर्थिक हिनामिना र अनियमितता गरेमा कसले, कसरी र कस्तो कारवाही गर्ने भन्ने कुरा कानुनमा व्यवस्था भए पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

(च) प्रधानाध्यापक नियुक्ति सम्बन्धी व्यवस्था शिक्षा नियमावलीको नियम ९३ मा स्पष्ट उल्लेख भए पनि उक्त छनौट प्रक्रिया अवलम्वन नगरी प्र.अ. नियुक्ति गर्ने गरिन्छ । योग्यता, क्षमता, नेतृत्व सीप भएका व्यक्तिलाई मात्र शिक्षा नियमावली २०५९ ले तोकेको प्रक्रिया

पूरा गरी प्र.अ. नियुक्ति गर्नुपर्छ । त्यसरी नियुक्ति गरिएका प्र.अ.ले मात्र सामाजिक परीक्षणको मर्म र उद्देश्य अनुसार विद्यालयमा काम गर्न सक्छन् ।

(छ) सामाजिक परीक्षण समितिले सामाजिक परीक्षण गरिसकेपछि सोको प्रतिवेदन सबै विद्यालयमा सार्वजनिक हुने गरेको छैन । स्रोतव्यक्तिले त्यस्ता प्रतिवेदन सार्वजनिक नगर्ने विद्यालयलाई आफ्नो उपस्थितिमा प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था मिलाउन पर्छ ।

(ज) विद्यालयमा भएका गतिविधि र आम्दानी खर्चको चार्ट बनाई प्र.अ.ले आफ्नो कार्यकक्षमा राख्ने गरेको पाइएन । त्यस्ता आर्थिक गतिविधि र क्रियाकलापको विवरणहरु चार्ट वनाई प्र.अ.को कार्यकक्षमा राख्ने व्यवस्था मिलाउनुपर्छ ।

(झ) विद्यालयका सरोकारवालाहरु बीच प्रभावकारी संचार कायम गरी विद्यालयका महत्वपूर्ण विषयको निर्णय प्रक्रियामा सबैलाई संलग्न र सहभागी गराउनुपर्छ ।

(ञ) प्र.अ.लाई आर्थिक कारोवारको जिम्मेवारी र जबाफदेहिता वहन गर्न पहिलो अनुगमन वा सुपरीवेक्षकको रुपमा सरोकारवालाहरु रहने गरी केन्द्रमा रहेका अधिकार स्थानीय तहमा विकेन्द्रित गर्नुपर्छ ।

(ट) विद्यालयका सरोकारवालाहरुबीच वैज्ञानिक ढंगले कामको वाँडफाँड गर्नुपर्छ ।

(ठ) वि.व्य.स.र शि.अ.संघका पदाधिकारीहरु एवं अभिभावक लगायत सरोकारवालाहरु राम्रो काममा आफू मात्र जस लिने र काम विग्रेमा अरुलाई मात्र दोष थुपारी आफू उम्कने परिपाटी छ । यस्तो परिपाटीलाई त्याग्नुपर्छ । विद्यालय व्यवस्थापन सामूहिक प्रयत्नवाट मात्र सफल हुन्छ ।

(ड) कुनै कुनै विद्यालयले सामाजिक परीक्षण गर्ने सम्बन्धी निर्देशिका २०६५ ले तोकेको समयमा आफूभन्दा माथिल्लो निकायमा सामाजिक परीक्षण गरी सो को प्रतिवेदन पठाउने गरेको पाइएन । तोकिएको समयभित्र सामाजिक परीक्षण गरी सो को प्रतिवेदन माथिल्लो निकायमा पठाउने व्यवस्था गर्नु पर्ने देखिन्छ ।

(ढ) विद्यालयका सरोकारवालाहरुबीच विभिन्न विषयमा देखा परेका द्वन्दलाई समयमै निरुपण गर्नु पर्ने देखिन्छ ।

(ण) विद्यालयमा राजनीतिक गतिविधि र चलखेलमुक्त क्षेत्र बनाउनुपर्ने देखिन्छ ।

# सन्दर्भ सामग्री


अधिकारी महेन्द्र र अन्य साथीहरु (२०६५), इपम्यानको जर्नल, काठमाडौं: शैक्षिक योजना तथा व्यवस्थापन समाज नेपाल, कीर्तिपुर ।

काफ्ले, वासुदेव र साथीहरु (२०६५), शिक्षाको वित्तशास्त्र, काठमाडौं: सनलाइट पब्लिकेशन ।

काफ्ले, वासुदेव र साथीहरु (२०६०) शैक्षिक योजना, काठमाडौं: भुँडीपुराण प्रकाशन, वागबजार ।

के.सी. नारायणी (२०६६), समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुमा स्रोत संकलन र उपयोगको अध्ययन काठमाडौं: कीर्तिपुर, त्रि.वि. (अप्रकाशित शोधकृति) ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६४), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

कोइराला, सिताराम (२०६२) शिक्षा प्रकाशनका आयामहरु, काठमाडौं: सोपान मासिक, डिल्लीबजार ।

खड्का, शेरजंग (२०६२), व्यवस्थापनका सिद्धान्तहरु, काठमाडौं: निमा पुस्तक प्रकाशन, प्रदर्शनी मार्ग ।

खतिवडा, चैतन्य (२०६६), विद्यालय सुधार योजना र प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धि, इन्द्रपुर, मोरङः त्रि.वि. (अप्रकाशित शोधकृति) ।

खनाल, मुकुन्दमणि र आचार्य सुसन (२०६३), शिक्षाको अर्थशास्त्र,काठमाण्डौं: मकालु प्रकासन गृह, डिल्लीवजार ।

जिल्ला शिक्षा कार्यालय, मोरङ (२०६५), सामाजिक लेखा परीक्षण निर्देशिका: लेखक ।

बौद्धिक दर्पण प्रकाशन (२०६५), शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ काठमाडौं: (तेस्रो संशोधन सहित) ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय (२०६४), गाउँ शिक्षा योजना तर्जुमा सहयोगी पुस्तिका, भक्तपुर: शिक्षा विभाग, सानोठिमी ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय (२०६३), विद्यालय अनुदान निर्देशिका एवं विद्यालय स्तरीकरण फारम, भक्तपुर: शिक्षा विभाग,सानोठिमी ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, (२०६३), विद्यालयमा लेखा व्यवस्था काठमाडौं: केशर महल ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, (२०६३), सबैका लागि शिक्षा, काठमाडौंः केशर महल ।

सङ्खुवासभा आवाज (२०६३), मुखपत्र, सङ्खुवासभा-काठमाडौं सम्पर्क मञ्च, काठमाडौंः ने.क.पा.एमाले, पुतली सडक ।

स्नातकोत्तर क्याम्पस (२०६३), प्राज्ञिक अनुसन्धानात्मक जर्नल, विराटनगरः लेखक ।

शर्मा, गोपीनाथ (२०५८), नेपालमा शिक्षा आयोगको प्रतिवेदनहरु, काठमाडौंः मकालु बुक्स एण्ड स्टेसनर्स, पुतलीसडक ।

शर्मा एण्ड शर्मा (२०६५), शिक्षाको परिचय, काठमाडौंः एम.के.पब्लिशर्स एण्ड डिष्ट्रब्युटर्स, भोटाहिटी ।

शिक्षा मन्त्रालय (२०५५),उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, काठमाडौंः केशरमहलः लेखक ।

श्रेष्ठ, अमृतलाल र साथीहरु (२०६५), लेखाका सिद्धान्तहरु पोखराः ओजन बुक्स, महेन्द्रपुल ।

श्रेष्ठ, कुलनरसिंह, (२०६४), व्यवहारिक लेखापरीक्षण, काठमाडौंः नवीन प्रकाशन, भोटाहिटी ।

# सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण

## अनुसूची - एक

### अभिभावकका लागि प्रश्नावली

नाम :                    ठेगाना :                    पद :

१. तपाईंलाई सामाजिक परीक्षणबारे थाहा छ ?

(क) थाहा छैन ।    (ख) अलि अलि थाहा छ    (ग) राम्रो थाहा छ

२. तपाईंको विद्यालयमा आम्दानी खर्चको जबाफदेहिता कसको हो ?

(क) प्र.अ.    (ख) शिक्षक    (ग) वि.व्य.स.    (घ) लेखापाल

३. विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण गराई आर्थिक हिसाब किताब सार्वजनिक गर्छन ?

(क) गर्छन्    (ख) गर्दैनन    (ग) आंशिक    (घ) थाहा छैन

४. तपाईं सामाजिक परीक्षण सार्वजनिक गर्ने दिन विद्यालय जानुहुन्छ ?

(क) जान्छु    (ख) जान्न    (ग) बोलाउदैनन्    (घ) भ्याउँदिन

५. सामाजिक परीक्षणबाट आर्थिक पारदर्शिता र नियन्त्रण सम्भव छ ?

(क) छ    (ख) सम्भव छैन    (ग) आंशिक    (घ) थाहा छैन

६. तपाईंले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौतीहरु के के हुन् ?

(क) जानकारीको अभाव    (ख) दक्ष जनशक्तिको कमी

(ग) प्र.अ.को पहलकद्मीमा कमी    (घ) प्रोत्साहनमा कमी

७. सामाजिक परीक्षणको कार्यान्वयनको सम्बन्धमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

(क) औपचारिकतामा सीमित    (ख) सरोकारवालाहरुको उदासिनता

(ग) सम्बन्धित निकायबाट अनुगमनमा कमी    (घ) राजनैतिक हस्तक्षेप

८.विद्यालयमा प्र.अ.ले आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण बनाई राख्ने गर्छन ?

(क) राख्छन्    (ख) राख्दैनन्    (ग) भ्याउँदैनन्    (घ) थाहा छैन

९. सामाजिक परीक्षणमा देखिएका समस्या समधानका उपायहरु के कस्ता छन् ?

(क) तालिम    (ख) दण्डसजाय    (ग)विकेन्द्रीकरण    (घ) अनुगमन

१०.तपाईंको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गर्छन् ?

(क) गर्छन्    (ख) गर्दैनन    (ग) आंशिक    (घ) थाहा छैन

# सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण

## अनुसूची - दुई

### शिक्षक अभिभावक संघका अध्यक्षहरुका लागि प्रश्नावली

नाम : ठेगाना : विद्यालय :

१. तपाईंलाई सामाजिक परीक्षणबारे थाहा छ ?

(क) थाहा छैन (ख) अलिअलि थाहा छ (ग) राम्रो थाहा छ

२. तपाईंको विद्यालयमा आम्दानी खर्चको जबाफदेहिता कसको हो ?

(क) प्र.अ. (ख) शिक्षक (ग) वि.व्य.स. (घ) लेखापाल

३. तपाईंको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण गरी आर्थिक अभिलेख सार्वजनिक गर्छन ?

(क) गर्छन् (ख) गर्दैनन् (ग) आंशिक (घ) थाहा छैन

४. तपाईंको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गर्छन् ?

(क) गर्छन् (ख) गर्दैनन (ग) आंशिक (घ) थाहा छैन

५. तपाईंको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षणको सुझाव कार्यान्वयन गर्छन् ?

(क) गर्छन् (ख) गर्दैनन् (ग) आंशिक (घ) थाहा छैन

६.सामाजिक परीक्षण सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

(क) आउँछन् (ख) आउदैनन् (ग) बोलाउदैनन् (घ) भ्याउँदैनन्

७. सामाजिक परीक्षणबाट आर्थिक पारदर्शिता र नियन्त्रण सम्भव छ ?

(क) छ (ख) सम्भव छैन (ग) आंशिक (घ) थाहा छैन

८. तपाईंले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौतीहरु के के हुन् ?

(क) जानकारीको अभाव (ख) दक्ष जनशक्तिको कमी

(ग) प्र.अ.को पहलकद्मीमा कमी (घ) प्रोत्साहनमा कमी

९. सामाजिक परीक्षणको कार्यान्वयनको सम्बन्धमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

(क) औपचारिकतामा सीमित (ख) सरोकारवालाहरुको उदासिनता

(ग) सम्बन्धित निकायबाट अनुगमनमा कमी (घ) राजनैतिक हस्तक्षेप

१०. सामाजिक परीक्षणमा देखिएका समस्या समधानका उपायहरु के कस्ता छन् ?

(क) तालिम (ख) दण्डसजाय (ग)विकेन्द्रीकरण (घ) अनुगमन

# सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण

## अनुसूची -तीन

### विद्यालय व्यवस्थापन समितिका लागि प्रश्नावली

नाम :                                   विद्यालय :

१. तपाईंलाई सामाजिक परीक्षणबारे थाहा छ ?

(क) थाहा छैन                    (ख) अलिअलि थाहा छ          (ग) राम्रो थाहा छ

२. तपाईंको विद्यालयमा आम्दानी खर्चको जबाफदेहिता कसको हो ?

(क) प्र.अ.          (ख) शिक्षक          (ग) वि.व्य.स.          (घ) लेखापाल ।

३.प्र.अ.ले सामाजिक परीक्षण गराई आर्थिक हिसाब किताब सार्वजनिक गर्छन ?

(क) गर्छन्          (ख) गर्दैनन्          (ग) आंशिक          (घ) थाहा छैन

४.विद्यालयमा प्र.अ.ले आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण बनाई राख्ने गर्छन ?

(क) राख्छन्          (ख) राख्दैनन्          (ग) भ्याउँदैनन्          (घ) थाहा छैन

५. सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

(क) आउँछन्          (ख) आउदैनन          (ग) बोलाउदैनन          (घ) भ्याउँदैनन्

६. सामाजिक परीक्षणबाट आर्थिक पारदर्शिता र नियन्त्रण सम्भव छ ?

(क) छ          (ख) सम्भव छैन          (ग) आंशिक          (घ) थाहा छैन

७. तपाईंले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौतीहरु के के हुन् ?

(क) जानकारीको अभाव                    (ख) दक्ष जनशक्तिको कमी

(ग) प्र.अ.को पहलकद्मीमा कमी                    (घ) प्रोत्साहनमा कमी

८. सामाजिक परीक्षणको कार्यान्वयनको सम्बन्धमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

(क) औपचारिकतामा सीमित                    (ख) सरोकारवालाहरुको उदासिनता

(ग) सम्बन्धित निकायबाट अनुगमनमा कमी          (घ) राजनैतिक हस्तक्षेप

९.तपाईंको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गर्छन् ?

(क) गर्छन्          (ख) गर्दैनन          (ग) आंशिक          (घ) थाहा छैन

१०. सामाजिक परीक्षणमा देखिएका समस्या समधानका उपायहरु के कस्ता छन् ?

(क) तालिम          (ख) दण्डसजाय          (ग) विकेन्द्रीकरण          (घ) अनुगमन

# सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण

## अनुसूची- चार

### प्रधानाध्यापकहरुका लागि प्रश्नावली

नाम :                                   विद्यालय :

१. तपाईंलाई सामाजिक परीक्षणबारे थाहा छ ?

(क) थाहा छैन     (ख) अलिअलि थाहा छ     (ग) राम्रो थाहा छ

२. तपाईंको विद्यालयमा आम्दानी खर्चको जबाफदेहिता कसको हो ?

(क) प्र.अ.     (ख) शिक्षक     (ग) वि.व्य.स.     (घ) लेखापाल

३. प्र.अ.को लेखा अभिलेख राख्ने कार्यशैली कस्तो छ ?

(क) परम्परागत     (ख) वैज्ञानिक     (ग) सुधारिएको     (घ) थाहा छैन

४. तपाईं सामाजिक परीक्षणको सुझाव कार्यान्वयन गर्नुहुन्छ ?

(क) गर्छु     (ख) गर्दिन     (ग) आंशिक     (घ) थाहा छैन

५. तपाईं आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण बनाई राख्नुहुन्छ ?

(क) राख्छु     (ख) राख्दिन     (ग) भ्याउँदिन     (घ) थाहा छैन

६. विद्यालयमा सामाजिक परीक्षण सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

(क) आउँछन्     (ख) आउँदैनन्     (ग) बोलाउँदिन     (घ) भ्याउँदैनन्

७. तपाईंले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौतीहरु के के हुन् ?

(क) जानकारीको अभाव     (ख) दक्ष जनशक्तिको कमी

(ग) प्र.अ.को पहलकद्मीमा कमी     (घ) प्रोत्साहनमा कमी

८. सामाजिक परीक्षणको कार्यान्वयनको सम्बन्धमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

(क) औपचारिकतामा सीमित     (ख) सरोकारवालाहरुको उदासिनता

(ग) सम्बन्धित निकायबाट अनुगमनमा कमी     (घ) राजनैतिक हस्तक्षेप

९. सामाजिक परीक्षणबाट स्थानीय जनसहभागिताको अवस्था कस्तो छ ?

(क) राम्रो     (ख) आंशिक     (ग) सामान्य     (घ) थाहा छैन

१०. सामाजिक परीक्षणमा देखिएका समस्या समधानका उपायहरु के कस्ता छन् ?

(क) तालिम     (ख) दण्डसजाय     (ग) विकेन्द्रीकरण     (घ) अनुगमन

# सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण

## अनुसूची - पाँच

### शिक्षकका लागि प्रश्नावली

नाम : विद्यालय :

१. तपाईंलाई सामाजिक परीक्षणबारे थाहा छ ?

(क) थाहा छैन (ख) अलिअलि थाहा छ (ग) राम्रो थाहा छ

२. विद्यालयमा आर्थिक कारोवारको जबाफदेहिता कसको हो ?

(क) प्र.अ. (ख) शिक्षक (ग) वि.व्य.स. (घ) लेखापाल

३. प्र.अ.ले आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरण बनाई राख्ने गर्छन ?

(क) राख्छन् (ख) राख्दैनन् (ग) ) भ्याउँदैनन् (घ) थाहा छैन

४. प्र.अ.ले सामाजिक परीक्षणको सुझाव कार्यान्वयन गर्छन् ?

(क) गर्छन् (ख) गर्दैनन् (ग) आंशिक (घ) थाहा छैन

५. सामाजिक परीक्षण सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

(क) आउँछन् (ख) आउँदैनन् (ग) बोलाउँदैनन् (घ) भ्याउँदैनन्

६. सामाजिक परीक्षणको प्रभाव कस्तो छ ?

(क) राम्रो (ख) आंशिक (ग) सामान्य (घ) राम्रो छैन

७. तपाईंले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौतीहरु के के हुन् ?

(क) जानकारीको अभाव (ख) दक्ष जनशक्तिको कमी

(ग) प्र.अ.को पहलकद्मीमा कमी (घ) प्रोत्साहनमा कमी

८. सामाजिक परीक्षणको कार्यान्वयनको सम्बन्धमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

(क) औपचारिकतामा सीमित (ख) सरोकारवालाहरुको उदासिनता

(ग) सम्बन्धित निकायबाट अनुगमनमा कमी (घ) राजनैतिक हस्तक्षेप

९. सामाजिक परीक्षणबाट स्थानीय जनसहभागिताको अवस्था कस्तो छ ?

(क) राम्रो (ख) आंशिक (ग) सामान्य (घ) थाहा छैन

१०. सामाजिक परीक्षणमा देखिएका समस्या समधानका उपायहरु के कस्ता छन् ?

(क) तालिम (ख) दण्डसजाय (ग) विकेन्द्रीकरण (घ) अनुगमन

## सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण

## अनुसूची - छ

### स्रोत व्यक्तिका लागि प्रश्नावली

नाम : स्रोत केन्द्र :

१. तपाईंलाई सामाजिक परीक्षणबारे थाहा छ ?

(क) थाहा छैन (ख) अलिअलि थाहा छ (ग) राम्रो थाहा छ

२. विद्यालयमा आर्थिक कारोवारको जबाफदेहिता कसको हो ?

(क) प्र.अ. (ख) शिक्षक (ग) वि.व्य.स. (घ) लेखापाल

३. प्र.अ.को लेखा अभिलेख राख्ने कार्यशैली कस्तो छ ?

(क) परम्परागत (ख) वैज्ञानिक (ग) सुधारिएको (घ) थाहा छैन

४. प्र.अ.ले सामाजिक परीक्षणको सुझाव कार्यान्वयन गर्छन् ?

(क) गर्छन् (ख) गर्दैनन् (ग) आंशिक (घ) थाहा छैन

५. सामाजिक परीक्षण सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

(क) आउँछन् (ख) आउँदैनन् (ग) बोलाउँदैनन् (घ) भ्याउँदैनन्

६. सामाजिक परीक्षणबाट आर्थिक पारदर्शिता र नियन्त्रण सम्भव छ ?

(क) छ (ख) सम्भव छैन (ग) आंशिक (घ) थाहा छैन

७. तपाईंले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौतीहरु के के हुन् ?

(क) जानकारीको अभाव (ख) दक्ष जनशक्तिको कमी

(ग) प्र.अ.को पहलकद्मीमा कमी (घ) प्रोत्साहनमा कमी

८. सामाजिक परीक्षणको कार्यान्वयनको सम्बन्धमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

(क) औपचारिकतामा सीमित (ख) सरोकारवालाहरुको उदासिनता

(ग) सम्बन्धित निकायबाट अनुगमनमा कमी (घ) राजनैतिक हस्तक्षेप

९. सामाजिक परीक्षणबाट स्थानीय जनसहभागिताको अवस्था कस्तो छ ?

(क) राम्रो (ख) आंशिक (ग) सामान्य (घ) थाहा छैन

१०. सामाजिक परीक्षणमा देखिएका समस्या समधानका उपायहरु के कस्ता छन् ?

(क) तालिम (ख) दण्डसजाय (ग) विकेन्द्रीकरण (घ) अनुगमन

# सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण

## अनुसूची - सात

### समुह छलफलका लागि प्रश्नावली

**(अभिभावक, वि.व्य.स., शि.अ.संघ, प्र.अ.,शिक्षक र स्रोतव्यक्ति)**

१. तपाईंको विचारमा सामाजिक परीक्षण किन गरिन्छ ?

२. तपाईंको विद्यालयमा बार्षिक कार्यक्रम कसरी निर्माण गर्नुहुन्छ ?

३. सामाजिक परीक्षणका समस्याहरु के के छन् ?

४. सामाजिक परीक्षणबाट विद्यालय सुशासन कसरी सम्भव हुन्छ ?

५. सामाजिक परीक्षण समिति कस-कसलाई समेटेर वनाइन्छ ?

६. सामाजिक परीक्षण समितिले के के परीक्षण गर्छ ?

७. सामाजिक परीक्षणबाट आम्दानी खर्चको पारदर्शिता कसरी हुन्छ ?

८. सामाजिक परीक्षणलाई प्रभावकारी कार्यान्वयन गर्दा देखिएका समस्याहरु के के हुन् ?

९. सामाजिक परीक्षणपछि वित्तीय अनुशासन कसरी हुन्छ ?

१०. तोकिएको समयमा सामाजिक परीक्षणको प्रतिवेदन स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयमा नपठाउँदा के कस्तो कारवाही हुन्छ ?

११. सामाजिक परीक्षणमा देखिएका समस्याहरु समााधानका उपायहरु के के छन् ?

१२. विद्यालय व्यवस्थापन, संचालन, रेखदेख र नियन्त्रणका लागि केको आवश्यकता पर्ला ?

१३. विद्यालयमा आर्थिक पारदर्शिताको अभावमा के हुन्छ ?

१४. विद्यालयमा आर्थिक पारदर्शिता नहुनुको कारण के हो ?

१५. विद्यालयमा सामाजिक परीक्षण र आर्थिक पारदर्शिता प्रभावकारी बनाउन के गर्नुपर्ला ?

# सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण

## अनुसूची - आठ

### उत्तरदाताहरुको नामवली

| क्र.सं. | सरोकारवालाहरुको नाम | पद | विद्यालय |
|---|---|---|---|
| १ | गोपाल श्रेष्ठ | वि.व्य.स.अध्यक्ष | श्री सरस्वती उ.मा.वि.चैनपुर |
| २ | योगेन्द्र शर्मा न्यौपाने | शि.अ.सं. अध्यक्ष | श्री सरस्वती उ.मा.वि.चैनपुर |
| ३ | पदम शाक्य | अभिभावक | श्री सरस्वती उ.मा.वि.चैनपुर |
| ४ | मोहन गौतम | शिक्षक | श्री सरस्वती उ.मा.वि.चैनपुर |
| ५ | मुक्तिनाथ गौतम | प्रधानाध्यापक | श्री सरस्वती उ.मा.वि.चैनपुर |
| ६ | केशव काफ्ले | वि.व्य.स.सदस्य | श्री शारदा उ.मा.वि.खराङ |
| ७ | धर्मराज पाण्डे | शि.अ.सं. अध्यक्ष | श्री शारदा उ.मा.वि.खराङ |
| ८ | रमादेवी काफ्ले | अभिभावक | श्री शारदा उ.मा.वि.खराङ |
| ९ | शान्तिप्रसाद गौतम | शिक्षक | श्री शारदा उ.मा.वि.खराङ |
| १० | चहकवहादुर भण्डारी | प्रधानाध्यापक | श्री शारदा उ.मा.वि.खराङ |
| ११ | केशवराज त्रिताल | वि.व्य.स. अध्यक्ष | " बाणीविलास मा.वि.लोहाकोट |
| १२ | दुर्गाप्रसाद वराल | शि.अ.सं. अध्यक्ष | " बाणीविलास मा.वि.लोहाकोट |
| १३ | उद्धवराज त्रिताल | अभिभावक | " बाणीविलास मा.वि.लोहाकोट |
| १४ | टेकवहादुर रायमाझी | शिक्षक | " बाणीविलास मा.वि.लोहाकोट |
| १५ | धनवहादुर दाहाल | प्रधानाध्यापक | " बाणीविलास मा.वि.लोहाकोट |
| १६ | नेत्रवहादुर डाँगी | वि.व्य.स. अध्यक्ष | श्री सरस्वती मा.वि.चैनपुर -४ |
| १७ | रामप्रसाद भट्टराई | शि.अ.सं. अध्यक्ष | श्री सरस्वती मा.वि.चैनपुर -४ |
| १८ | शैलेन्द्र शाक्य | अभिभावक | श्री सरस्वती मा.वि.चैनपुर -४ |
| १९ | शंकरप्रसाद खनाल | शिक्षक | श्री सरस्वती मा.वि.चैनपुर -४ |
| २० | उज्वल कर्माचार्य | प्रधानाध्यापक | श्री सरस्वती मा.वि.चैनपुर -४ |
| २१ | शान्तिवहादुर कार्की | वि.व्य.स. अध्यक्ष | श्री शारदा मा.वि. त्रिशुले |
| २२ | डिल्लीवहादुर भण्डारी | शि.अ.सं. अध्यक्ष | श्री शारदा मा.वि. त्रिशुले |
| २३ | विष्णु भण्डारी | अभिभावक | श्री शारदा मा.वि. त्रिशुले |
| २४ | राजकुमार चौधरी | शिक्षक | श्री शारदा मा.वि. त्रिशुले |
| २५ | टीकाराज खत्री | प्रधानाध्यापक | श्री शारदा मा.वि. त्रिशुले |
| २६ | उदयवहादुर डाँगी | वि.व्य.स. अध्यक्ष | " शारदा नि. मा.वि. आखरवोटे |
| २७ | भानुराम रोक्का | शि.अ.सं. अध्यक्ष | " शारदा नि. मा.वि. आखरवोटे |
| २८ | घनश्याम डाँगी | अभिभावक | " शारदा नि. मा.वि. आखरवोटे |
| २९ | राजेन्द्र महत | शिक्षक | " शारदा नि. मा.वि. आखरवोटे |
| ३० | भीमवहादुर कार्की | प्रधानाध्यापक | " शारदा नि. मा.वि. आखरवोटे |

| | | | |
|---|---|---|---|
| ३१ | नारायण राई | वि.व्य.स. अध्यक्ष | श्री सिंहदेवी प्रा.वि.अम्वोटे |
| ३२ | मातृकाप्रसाद काफ्ले | शि.अ.सं. अध्यक्ष | श्री सिंहदेवी प्रा.वि.अम्वोटे |
| ३३ | फूलमाया राई | अभिभावक | श्री सिंहदेवी प्रा.वि.अम्वोटे |
| ३४ | दिलवहादुर राई | शिक्षक | श्री सिंहदेवी प्रा.वि.अम्वोटे |
| ३५ | पविना दाहाल ( खत्री) | प्रधानाध्यापक | श्री सिंहदेवी प्रा.वि.अम्वोटे |
| ३६ | गणेश निरौला | वि.व्य.स. अध्यक्ष | श्री प्रा.वि. भंज्याङखर्क |
| ३७ | वलवहादुर तामाङ | शि.अ.सं. अध्यक्ष | श्री प्रा.वि. भंज्याङखर्क |
| ३८ | कुमार गौतम | अभिभावक | श्री प्रा.वि. भंज्याङखर्क |
| ३९ | लोकवहादुर कार्की | शिक्षक | श्री प्रा.वि. भंज्याङखर्क |
| ४० | गुरुप्रसाद गौतम | प्रधानाध्यापक | श्री प्रा.वि. भंज्याङखर्क |
| ४१ | मनवहादुर राई | वि.व्य.स. अध्यक्ष | श्री कालिका प्रा.वि.गैरीगाउँ |
| ४२ | झलकवहादुर राई | शि.अ.सं. अध्यक्ष | श्री कालिका प्रा.वि.गैरीगाउँ |
| ४३ | शम्शेरवहादुर दाहाल | अभिभावक | श्री कालिका प्रा.वि.गैरीगाउँ |
| ४४ | थीरवहादुर पाण्डे | शिक्षक | श्री कालिका प्रा.वि.गैरीगाउँ |
| ४५ | रोहिणीवल्लभ त्रिताल | प्रधानाध्यापक | श्री कालिका प्रा.वि.गैरीगाउँ |
| ४६ | कृष्णवहादुर खत्री | वि.व्य.स. अध्यक्ष | श्री गगनचुम्वी प्रा.वि.अरुणथान |
| ४७ | अम्मरवहादुर श्रेष्ठ | शि.अ.सं. अध्यक्ष | श्री गगनचुम्वी प्रा.वि.अरुणथान |
| ४८ | विमला थापा | अभिभावक | श्री गगनचुम्वी प्रा.वि.अरुणथान |
| ४९ | इन्दिरा श्रेष्ठ | शिक्षक | श्री गगनचुम्वी प्रा.वि.अरुणथान |
| ५० | लक्ष्मीकुमार श्रेष्ठ | प्रधानाध्यापक | श्री गगनचुम्वी प्रा.वि.अरुणथान |
| ५१ | भवानीप्रसाद भट्टराई | स्रोतव्यक्ति | श्री सरस्वती उ.मा.वि.चैनपुर |